# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क ४ पूर्णाङ्क ५३ | २०७४ असार २६ गते सोमबार | Monday, July 10, 2017 | पृष्ठ ८ | मूल्य रू. १०।-


## देजमो केसको बैठक साउन १ र २ गते हुने



काठमाडौं । निर्वाचनको क्रान्तिकारी उपयोगको नीति अनुसार स्थानीय तहको पहिलो र दोस्रो चरणको निर्वाचनमा सहभागी बनेको नेकपा (क्रान्तिकारी माओवादी)को संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले दुवै चरणको निर्वाचनको समीक्षा गर्न र आगामी रणनीति तय गर्न साउनको १ र २ गते केन्द्रीय समितिको बैठक बोलाएको छ । मोर्चाका केन्द्रीय कार्यालय सचिव हरिकृष्ण गजुरेलले जानकारी दिए अनुसार बैठक पार्टी कार्यालय बुद्धनगरमा बस्नेछ ।

## क्रान्तिकारी माओवादीको केन्द्रीय समितिको बैठक सुरु

# राष्ट्रिय सम्मेलनमा प्रस्तुत गरिने दस्तावेजमाथि छलफल केन्द्रित

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय समितिको बैठक आइतबारदेखि पार्टी केन्द्रीय कार्यालय बुद्धनगरमा सुरु भएको छ । बैठकमा तीनवटा दस्तावेज प्रस्तुत गरिएको पार्टी कार्यालय सचिव कृष्णभक्त महर्जन'कगेन्द्र'ले जानकारी दिए। उनका अनुसार पार्टी अध्यक्ष मोहन वैद्य'किरण'ले बैठकमा 'नेपाली समाजको स्वरूप र आम कार्यदिशा' शीर्षकको १४ पृष्ठ लामो दस्तावेज र २० पृष्ठको 'राजनैतिक प्रतिवेदन' प्रस्तुत गरेका छन् भने पार्टी कार्यालय सदस्य रामसिंह श्रीसले विधान प्रस्तुत गरेका छन् । राष्ट्रिय सम्मेलनमा प्रस्तुत गरिने यी दस्तावेजहरूमाथि सघन छलफल चलाएर समृद्ध तुल्याउने उद्देश्यले यी दस्तावेजहरू प्रस्तुत गरिएको सचिव कगेन्द्रले बताए ।

बैठकमा सहभागी एक केन्द्रीय सदस्यका अनुसार 'नेपाली समाजको स्वरूप र क्रान्तिको आम कार्यदिशा' शीर्षकको दस्तावेजमा अध्यक्ष किरणले नेपाली समाजको इतिहासलाई आरम्भदेखि सुगौलीसन्धिपूर्वको अवस्थासम्म, सुगौली सन्धिदेखि २००७ सालसम्म, ००७ देखि ०४७ सालसम्म र ०४७ देखि हालसम्मका घटनाक्रमहरूलाई चार ऐतिहासिक मोडको रूपमा चर्चा गरिएको छ ।

नेपाली समाजको वर्गचरित्रको बारेमा सघन छलफल चलाउन खोजिएको उक्त दस्तावेजमा नेपाली समाज एमाले, माकेलगायतका पार्टीहरूले भनेजस्तो पुँजीवादी नभएर अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अवस्थामा रहेको दावी गरिएको छ । अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्था कमजोर बन्दै गएको पनि दस्तावेजमा उल्लेख गरिएको ती केन्द्रीय सदस्यले बताए । अध्यक्ष किरणको भनाई उधृत गर्दै ती केन्द्रीय सदस्यले भने, "नेपाल साना जोतवाला किसानहरूको बाहुल्यता भएको देश हो । यहाँ दलाल तथा नोकरशाही पुँजीवादको विकास भए पनि औद्योगिक पुँजीवाद र राष्ट्रिय पुँजीवादको विकास नभएकोले नयाँ जनवादी क्रान्तिको कार्यक्रम नै सही छ ।"

उनका अनुसार ...बाँकी ७ पेजमा

## सल्लाहकार समितिको बैठक सम्पन्न

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय सल्लाहकार समितिको बैठक सम्पन्न भएको छ। बैठक सल्लाहकार समितिका अध्यक्ष डा.ओम गुरुङको अध्यक्षतामा र पार्टीका केन्द्रीय अध्यक्ष मोहन बैद्य 'किरण'को प्रमुख उपस्थितिमा असार १९ र २० गते केन्द्रीय कार्यालय बुद्धनगरमा सम्पन्न भएको हो ।

बैठकमा अध्यक्ष किरणले पार्टीको राष्ट्रिय सम्मेलन, नेपाली समाजको वर्ग विश्लेषण, पार्टी संगठन र राजनैतिक परिस्थितिबारे पार्टीको धारणा राख्नु भएको अध्यक्ष गुरुङले बताए ।

बैठकले पार्टीको राष्ट्रिय सम्मेलन फेरी सार्दा नराम्रो सन्देश जाने हुँदा निर्धारित समयमै ...बाँकी ८ पेजमा

# आफ्नै देशका जनताविरुद्ध भारतको नाकाबन्दी

## दार्जिलिङमा प्रहरीको गोली लागेर ३ जनाको मृत्यु



दार्जिलिङ । भारतले पश्चिम बंगालका पहाडी इलाका र सिक्किममा खाद्य सामग्री लैजान नदिएर नाकाबन्दी गरेको छ । पूर्वी नेपालसँग सीमाना जोडिएको दार्जिलिङ पहाडका क्षेत्र र सिक्किम जाने सवारी साधनलाई सिलिगुडीमा नै अवरोध ...बाँकी ४ पेजमा

## पोखरा सस्तोबजार हस्तक्षेप प्रकरण

# अदालतको आदेश अवज्ञा गर्‍यो वायुसेवा निगमले

पोखरा । पोखराको पृथ्वीचोकस्थित 'पोखरा सस्तो बजार'माथि नेपाल वायुसेवा निगम र जिल्ला प्रशासन कार्यालयको आदेशमा गतहप्ता भएको प्रहरी हस्तक्षेप र तालाबन्दीका विरुद्ध उच्च अदालत पोखरामा बिहीबार परेको निषेधाज्ञा मुद्दामाथि सुनुवाई गर्दै तत्काल ताला खोली पूर्ववत् अवस्थामा सस्तो बजार सूचारु चल्न दिनु भनी गरेको अन्तरिम आदेशलाई नेपाल वायुसेवा निगमले अवज्ञा गरेको छ ।

उच्च अदालत पोखराले नेपाल वायु सेवा निगमद्वारा जारी गरिएको सस्तो बजार खाली गर्ने ७२ घण्टे अवधि तत्काल कार्यान्वयन नगर्न गरेको अन्तरिम आदेशको आइतबारसम्म पालना गरेको छैन । सस्तो बजारका तर्फबाट केशव बहादुर भुजेलले दर्ता गरेको मुद्दाको पक्षमा बरिष्ठ वकिलहरू गोपाल सिवाकोटी चिन्तन, हिमलाल पुरी, भुपनिधि पन्त र तिलक पराजुलीले बहस गरेका थिए ।

पोखरा उच्च अदालतका मुख्य न्यायधिश कुमार चुडालको एकल इजलासले जारी गरेको अन्तरिम आदेशमा भनिएको छ, "२०७४।०४।०१ गतेका दिनसम्म नेपाल वायुसेवा निगम, क्षेत्रीय कार्यालय पोखराले मिति २०७४।०३।२१ ...बाँकी ७ पेजमा

# पश्चगमन र निर्वाचनको परिणाम

**जनयुद्धको प्रारम्भ ०५२ साल फागुन १ गते भएको कुरा सबैलाई थाहा छ । तर प्रतिक्रान्तिको शृंखला चाहिँ कहिलेदेखि प्रारम्भ भयो त ?**



● सीपी गजुरेल

अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसनले २०७२ माघमा नेपालको क्रान्ति र प्रतिक्रान्तिका विषयमा लेखिएका लेखहरूलाई संकलन गरिएको मेरो एउटा पुस्तक प्रकाशित गरेको थियो । उक्त पुस्तकको शिर्षक "क्रान्ति र प्रतिक्रान्तिका शृंखला" राखिएको छ। नेपाली समाजको क्रान्तिकारी रूपान्तरणका निमित्त संचालन गरिएको जनयुद्धलाई उत्कर्षमा पुग्न सिंगै एक दशक लाग्यो । त्यसको नेतृत्व गरिरहेका शिर्ष नेता, त्यसका नायकले नै प्रतिकृयावादीहरूसँग मिलेर आफैं खलनायकको भूमिका खेले र उक्त क्रान्तिका बिरुद्ध प्रतिक्रान्तिमा अग्रसर भए । यो प्रतिक्रान्ति गर्न पनि त्यत्ति नै समय लाग्यो र पनि अझै त्यसले पूर्णता पाउन सकेको छैन । पश्चगामी संविधान अन्तर्गत आयोजित स्थानीय तहको निर्वाचन सकिएर त्यसको परिणाम समेत सार्वजनिक भै सकैको अवस्था माथि ध्यान दिँदा उक्त पुस्तकको शिर्षकको सार्थकता झन् पुष्टि भएको अनुभूति भएको छ ।

जनयुद्धको प्रारम्भ ०५२ साल फागुन १ गते भएको कुरा सबैलाई ...बाँकी ७ पेजमा

## पेरिस जलवायु सम्झौताबारे विवाद

# जी-२० बैठकमा अमेरिका एक्लियो



ह्याम्बर्ग/एजेन्सी- जर्मनीको ह्याम्बर्गमा भएको विश्वका विकसित र विकासशील राष्ट्रहरूको समूह जी-२० को बैठकमा जलवायु परिवर्तनसम्बन्धि पेरिस सम्झौतामा सर्वसम्मति बन्न सकेन । जी-२० मा सामेल १९ राष्ट्र पेरिस सम्झौताको पक्षमा देखिए भने अमेरिका एक्लै यो सम्झौताबाट बाहिर बसेको छ । ह्याम्बर्गमा वार्ताको अन्तिम दिन यस मुद्दामाथिको छलफलमा गतिरोध अन्त्य हुन नसकेपछि अन्ततः बाँकी देशले सम्झौताबारे पुनः आफ्नो प्रतिबद्धता दोहोर्‍याएका छन् । राष्ट्रपति ट्रम्पको ...बाँकी ७ पेजमा




## सम्पादकीय

# मिडियाको वर्ग-चरित्र

मार्क्सवादीहरूले मिडियाको वर्ग-चरित्रमा विश्वास गर्दछन् । वर्ग विषमतामा आधारित समाजमा हरेक चिज वर्गीय भएजस्तै मिडिया पनि वर्गीय पक्षधर हुन्छ । समाजमा मूलतः शोषक र शोषित, उत्पीडक र उत्पीडित, हुने खाने र हुँदा खाने, श्रमचोर र श्रमजीवि अर्थात् पुँजीवादी र समाजवादी सोच, चिन्तन र स्वार्थ बोक्ने वर्ग हुन्छन् । नेपाली समाज पनि यसबाट अलग छैन । यहाँ मूलतः दलाल तथा नोकरशाही पुँजीवादी वर्ग र उपेक्षित उत्पीडित श्रमजीवि शोषित वर्ग छ । यी दुई विपरीत वर्गका बीच समाजमा निरन्तर संघर्ष चलिरहन्छ । जसलाई वर्गसंघर्ष भनिन्छ । वर्गसंघर्षलाई नै समाजको चालक शक्ति मानिन्छ । समाजमा वर्ग रहेसम्म विभिन्न रूपमा वर्गसंघर्ष निरन्तर चलिरहन्छ । यो नै समाज विकासको अनिवार्य नियम हो । जुन कुरा मिडियाको हकमा पनि लागू हुन्छ ।

नेपालमा हजारौंको संख्यामा छापा, अनलाइन, टेलिभिजन, रेडियो लगायतका मिडिया संचालित अवस्थामा छन् । ती मध्ये एकाध मिडियाहरूको मात्र मिडिया बजारमा एकाधिकार स्थापित छ । विग मिडिया हाउसहरू कर्पोरेट हाउसहरूको क्लचमा छन्, अर्थात् दलाल तथा नोकरशाही पुँजीपति वर्गको हातमा । ती मिडियाहरूले विभिन्न रूप र रंगमा त्यही वर्गको स्वार्थ रक्षाको वकालत गरिरहेको हुन्छ, गरिरहेको छ । मूलधारका भनिएका विग मिडिया हाउसहरूले आफ्नो वर्गको राजनीतिक प्रतिनिधि पार्टी वा व्यक्तिको पक्षमा वकालत गरिरहेको हुन्छ विभिन्न शैलीको प्रयोग गरेर ।

वर्गसंघर्षकै बीचबाट मिडियाको पनि विकास भएको हुँदा मिडिया राजनीति निरपेक्ष हुँदैन र हुन सक्दैन । यस अर्थमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता पनि सापेक्षिक हुन जान्छ । जसको अभ्यास नेपाली पत्रकारितामा पनि देख्न सकिन्छ । मिडियाका कन्टेन्टहरू योजनावद्ध सेट गरिएका हुन्छन् । त्यो उनीहरूको वर्ग स्वार्थबाट अभिप्रेरित हुने गरेको देखिन्छ । नेपालको विग मिडियाका कन्टेन्टहरू किन सत्ता र शक्तिको वरिपरि गोलचक्कर मारिरहन्छ ? किन ठूला भनिएका राजनीतिक पार्टी र उनीहरूको राजनीति वरिपरि घुमिरहन्छ ? श्रमजीवि, शोषित, उत्पीडित र उपेक्षित वर्गको हित रक्षा किन ती मिडियाहरूको कन्टेन्टमा हुँदैन ? यो वर्ग चरित्रकै स्वभाविक अभिव्यक्ति हो ।

पछिल्लो समयमा नेपालको मूलधारका भनिने विग मिडियाहरूले श्रमजीवि, शोषित, उत्पीडित तथा उपेक्षित वर्गको साँचो अर्थमा प्रतिनिधित्व गर्ने राजनीतिक पार्टी नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)लाई पूरै वेवास्ता गरेको छ । त्यो पार्टीका 'न्यूज र भ्यूज'लाई त्यस्ता मिडियाहरूमा 'ब्ल्याक आउट' नै गरिएको छ । उनीहरूलाई थाहा छ क्रान्तिकारी माओवादीका विचार र समाचारहरूलाई ती मिडियाहरूमा स्थान दिनु भनेको आफ्नो खुट्टामा आफैले बन्चरो हान्नु हो । उनीहरूलाई राम्रोसँग थाहा छ- नेपालको राजनीतिमा विचारधारात्मक तथा राजनीतिक हिसाबले क्रान्तिकारी धारको नेतृत्व गर्ने शक्ति भनेको क्रान्तिकारी माओवादी नै हो । ऊ नेपालमा दलाल तथा नोकरशाही पुँजीवादमा आधारित वर्तमान संसदीय राज्यव्यवस्थाको अन्त्य गरी त्यसको ठाउँमा जनताको जनवादी राज्यव्यवस्थाको स्थापना गर्न चाहन्छ । त्यसैले पछिल्ला केही वर्षहरूयता उनीहरूले क्रान्तिकारी माओवादीका न्यूज र भ्युजलाई कुनै स्थान दिएका छैनन् । जुन ती मिडियाको वर्ग चरित्रको स्वभाविक अभिव्यक्ति पनि हो ।

तसर्थ, नेपाली सर्वहारावर्गको अग्रदस्ताको रूपमा रहेको नेकपा (क्रान्तिकारी माओवादी)सँग पार्टीका न्यूज र भ्यूजलाई जनतासम्म पुऱ्याउन आफ्नै लगानीमा संचालित मिडियाहरूको आवश्यकता पर्न गएको हो । सूचना प्रविधिका पछिल्ला आयामहरूको कुशलतापूर्वक उच्चतम प्रयोग गरी प्रभावकारी रूपमा जनपक्षीय मिडियाहरूको सञ्चालनमा जोड दिनुपर्ने देखिन्छ । सामाजिक सञ्जालदेखि छापा, अनलाइन, रेडियो हुँदै टेलिभिजनसम्मको जनपक्षीय मिडिया नेटवर्क र त्यसको श्रमजीवि, शोषित, उत्पीडित उपेक्षित वर्गको राजनीतिक स्वार्थ रक्षार्थ प्रभावकारी परिचालन नेपाली नयाँ जनवादी क्रान्तिको लागि अत्यावश्यक साधन बन्न गएको छ । कम्युनिष्ट क्रान्तिकारीहरूले यसको गहिरो बोध गर्न जरुरी छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्नें र पढ्ने गरौं।
www.moolbato.com

# स्थानीय निर्वाचन उपयोग र परिणाम



● चन्द्रहरि सुवेदी 'अटल' ●

स्थानीय होस् वा केन्द्रीय राज्य सत्ता अन्तर्गत हुने निर्वाचन क्रान्तिकारीहरूका लागि यो फगत कार्यनीतिको प्रश्न हो । बोलिचालीको भाषामा निर्वाचनमा भाग लिने भनिए पनि क्रान्तिकारीहरूले निर्वाचनलाई क्रान्तिको रणनीतिक उद्देश्यलाई नजिक ल्याउन केवल उपयोग गर्ने मात्र हो । केन्द्रीय तहको निर्वाचनको चरित्र अलि बढी राजनीतिक र राज्यसत्तासँग जोडिन्छ । स्थानीय तहको निर्वाचन भने राजनीतिका साथसाथै स्थानीय विकास निर्माण, जनताका दिन दिनैका समस्या, जन्म-मृत्यु दर्ता, वृद्ध भत्ता सिफारिस, आँठो, किलो साँध सिमाना मुद्दा मामिलासँग पनि जोडिन्छ । त्यसकारण नेपालको इतिहासमा केन्द्रीय तहको निर्वाचन बहिष्कार गर्ने गरेका दलहरूले समेत घोषित-अघोषित रूपमा स्थानीय निर्वाचनमा भाग लिने, उपयोग गर्ने वा घुसपैठ गराउने गर्दथे । थुप्रै राजनैतिक पार्टीहरूले एउटै गाउँ वा नगरमा झण्डै ५० जनाका दरले उम्मेदवार उठाउँदा घर-घरमा उम्मेदवार हुने र उम्मेदवारका इष्ट-मित्र, ससुराली, माइती, मावली, नातागोता सबैलाई कुनै न कुनै प्रभाव पर्ने र तानिने हुँदा चुनाव बहिष्कार गर्नेहरू नै बहिष्कृत हुनुपर्ने अवस्था आउने हुन्छ । त्यसकारण निकै ठूलो उभार उठेको बेलामा र बहुसंख्यक राजनीतिक पार्टीहरू चुनाव बाहिर बसेको बेलामा ज्ञानेन्द्रको नगर निर्वाचन जस्तै बेलामा बाहेक अन्य समयमा स्थानीय निर्वाचनलाई कुनै न कुनै रूपमा उपयोग गर्नु उपयुक्त हुन्छ ।

यस पटकको निर्वाचनको प्रवृत्ति हेर्दा बहुदल आइसकेपछि २०४६ सालपछि २ स्थानीय निर्वाचनको तुलना गर्ने अहिले फरक प्रवृत्ति देखियो । वर्तमान प्रचण्ड-देउवा, देउवा-प्रचण्डको गठबन्धन सरकारलाई लम्पसारवादीको आरोप लागेको बेलामा भएको यो निर्वाचनमा कुनै बेला भारतीय दलालको आरोप लागेको एमालेले राष्ट्रिय स्वाधीनताको नारा लगाएकै कारण नेपाली जनताले सबैभन्दा धेरै सिटमा विजय गराए, दुई चरणको निर्वाचनमा । २०४९ सालमा कांग्रेसका गृहमन्त्री देउवाले निर्वाचन गराउँदा कांग्रेसलाई दुईतिहाइ र २०५४ सालमा गृहमन्त्री वामदेव भएर चुनाव गराउँदा एमालेको पक्षमा दुईतिहाइ आएको स्थिति विपरित परिणाम आयो अहिले सत्ताधारीहरूको तमाम प्रयत्नका बाबजुद प्रतिपक्षको धेरै सीट ।

स्थानीय निकायको निर्वाचन केन्द्रीय सरकारसँग जोडिने हुँदा प्रायः राज्यसत्ता सञ्चालक वरिपरि नै चुनावी परिणाम घुम्ने गर्छ । नेपाली जनताले संसदीय व्यवस्थाकाविरुद्ध विद्रोह गरेर १७ हजारले बलिदान गरिसकेपछि पनि फेरि त्यही संसदीय व्यवस्था केही सिँगारपटार गरेर 'सुधारिएको संसदीय' को रूपमा नेपाली जनतामाथि लादियो । त्यसमा मयुरको प्वाँख लगाएको कागरूपी 'माओवादी केन्द्र' पनि संसदीय व्यवस्थाको बाहक बनेर थपियो । नयाँ जनवादी क्रान्ति पक्षधर शक्ति कमजोर भएका र तत्काल जनताले विकल्पको शक्ति नदेखेका र विश्वास नजागिसकेको कारण तमाम प्रतिकुलताका कारण उल्लेख्य विजयको परिणाम आएन । यो कुरा स्वाभाविकै हो कुनै बेला जनपक्षीय पञ्चको रूपमा परिवर्तन र प्रगतिशीलको पक्षमा कुरा गर्नेले उम्मेदवार उठाउँदा एकजान पद्मरत्न तुलाधरले चुनाव जित्दा आकाशै खसेजस्तो धर्ती नै हल्लिए जस्तो गरिन्थ्यो २०३८ सालतिर ।

चुनाव बहिष्कार गर्दा समेत कैंची चुनाव चिन्ह थमाउने राज्यसत्ताले संसदीय व्यवस्था बल्ल स्थापित भयो भनेर मुखले समाजवादको नारा लगाउने र व्यवहारमा विरोधीलाई दमन गर्ने नवसंशोधनवादी सामाजिक फाँसीवादीहरूले एउटा चुनाव चुनाव चिन्हसमेत दिएनन् । एउटा राजनीतिक पार्टी देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले निर्वाचन आयोगमा दल दर्ताको आवेदन दर्ता गराउँदा समेत निर्वाचन चिन्ह नपाएर स्वतन्त्र चिन्ह लिएर चुनाव लिएर लड्नुपर्ने विडम्बना नै हो । हामीलाई थोरै भोट आयो भनेर खिसीट्युरी गर्ने पश्चगामी यथास्थितिवादी प्रतिक्रियावादीहरूले के ख्याल गर्नु पर्छ भने तिमीहरूले परिवर्तनको नारा लिएर चुनाव उपयोग गर्दा तिमीहरूको हालत कस्तो थियो, एक पटक फर्केर इतिहासको सिंहावलोकन गर ।

नेकपा (क्रान्तिकारी माओवादी) ले समर्थन गरेको देजमो नेपालले यो पटकको स्थानीय निर्वाचनको उपयोग गऱ्यो । सामान्यतया आन्दोलनको उभार भएको बेलामा प्रतिक्रियावादी राज्य व्यवस्थाको निर्वाचन बहिष्कार गर्ने कार्यनीति उपयुक्त हुन्छ भने आन्दोलनको उतार भएको अवस्थामा 'उपयोग' को कार्यनीति बढी वस्तुवादी हुने हुँदा तमाम प्रतिकुलताको वावजुद २०७३ चैत १४ र १५ गतेको पार्टीको विस्तारित बैठकले उपयोगको निर्णय लियो । जम्मा डेढ दुई महिनाको तयारी र स्वतन्त्र चुनाव चिन्ह पाएको ५-६ दिन प्रचार गरेर जित्ने सम्भावना थिएन । दुई चरणको निर्वाचन सकिएर प्रायः परिणाम आइसकेको छ र सामान्य समीक्षामा प्रतिक्रियावादी संसदीय राज्य व्यवस्थाको भण्डाफोर गर्न र संगठन निर्माण गर्न आधार तयार भएको निष्कर्ष निकालिएको छ । एउटा ठूलो आन्दोलनपछि हुने ठहरावमा जनताले ठूलो अपेक्षा गरेका हुन्छन् र परिवर्तनका संवाहकलाई भोट दिने गर्छन् । २०१५ सालमा कांग्रेसले दुईतिहाइ ल्याउनु, ०४८ मा कांग्रेस र एमालेले धेरै सिट ल्याउनु र ०६४ मा संविधानसभामा ने.क.पा (माओवादी)ले धेरै सिट ल्याउनु त्यसैको कारण हो । नेपालमा क्रान्ति हुँदै प्रतिक्रान्ति हावी भयो र जुन व्यवस्थाको विरोधमा लडिएको थियो, आन्दोलनका 'नायक' ले त्यही व्यवस्थामा लगेर आन्दोलनलाई विलीन गराएकोले जसको व्यवस्था उसकै जित । विद्रोह गरेर नयाँ जनवादी क्रान्ति पूरा गर्ने नारा छोडेर संसदीय व्यवस्था ल्याएपछि संसदीय व्यवस्थाका असली मालिक कांग्रेस र एमालेले जित्ने नै भए । परिवर्तनको उद्देश्य छोडेको मालिकहरूले छोडेको अलिकति पुरो-पहल भाग पाएको छ माकेले ।

०४६ को परिवर्तनपछि संसदीय व्यवस्थाले सुन घर घडेरी काम-माम सबै दिन्छ भन्ने भ्रम दिंदै हिंड्ने कांग्रेस र एमालेलाई जनताले भोट दिए । जब जनताले आफ्नै अनुभवले संसदीय व्यवस्था सुंगुरको खोर हो । खसीको टाउको झुण्ड्याएर कुकुरको मासु बेच्ने पसल हो । हरेक पाँच वर्षमा शोषक वर्गका कुन चाँहि प्रतिनिधिले जनतामाथि शासन गर्ने व्यवस्थाको नाम संसदीय व्यवस्था हो भन्ने कुरा बुझे, जनयुद्ध र नयाँ जनवादको पक्षमा समर्थन गर्न पुगे । राजतन्त्रात्मक संसदीय व्यवस्थाको तुलनामा लोकतान्त्रिक गणतान्त्रिक, संघीयता, धर्म निरपेक्षता एक कदम प्रगतिशील व्यवस्था भएपनि सारतः वर्तमान संविधान प्रतिक्रियावादी संविधान र ...बाँकी ३ पेजमा

## झर्रोटर्रो

कैलुब्राह

# झर्रोसवाल कार्यक्रम

भरखरै सकिएको भुइँ तहको चुनाउको समीक्षा, माकेसँगको चुनावी तालमेल र ऊसँगको सत्तासाझेदारी, सरकारमा जन्तीमण्डलको विस्तार, आगामी चुनाउ र सरकारको कार्यभार आदि विषयमा केन्द्रीत रहेर सरकारका पर्धानमन्त्री कामरेड डेउडापतिसँग झर्रोटर्रो कार्यालयको आयोजनामा गरिएको 'झर्रोसवाल' कार्यक्रमको सङ्क्षीप्त बहस यहाँ प्रस्तुत गरिएको छ ।

कैलु : सर्वप्रथम आजको यस 'झर्रोसवाल' कार्यक्रममा सहभागी हुन हाम्रो कार्यालयको झर्रो चौतारीमा भेला हुनुभएका सबै महानुभावहरूमा मेरो नमस्कार । म कैलुब्राह । तपाईंहरू सबैलाई स्वागत छ । (तररर....ताली)

आजको यस 'झर्रोसवाल' कार्यक्रममा हामीसँग हुनुन्च सरकारका पर्धानमन्त्री श्री ४ कामरेड डेउडापति । र, यो कार्यक्रममा भेला हुन यो काठमाण्डु खाल्डोमा विभिन्न प्रकारका उपति लाउन भन्दै आउनुभएका तर आफ्नो कुनै उपति नभएका खाल्डोको धुँवा, धुलो, हिलो, फोहरको थुप्रोमा पुरिएर डुङडुङती सुगन्धित हुनुभएका सयौँ युवायुवतीहरू । (पुनः तररर....ताली)

सर्वपर्थम ऊ पछाडिबाट हात उठाउनुभएका क्याप टोपीवालको प्रश्न लिन्छु म । के नाम तपैँको ? भन्नुस् त के सोध्न मन लाग्या छ ?

'मेरो नाम झुसे ? मेरो प्रश्न तपाइँ कैलुब्राहलाई छ, तपाइँले हाम्रा पर्धानमन्त्रीलाई किन कामरेड भन्नुभो र उहाँलाई श्री ४ को पगरी किन लाउनु'भो ?'

कैलु : पर्धानमन्त्रीलाई पो सोध्नुपर्ने मलाई नै सोध्नु'भो । ठिकै छ । (हाहाहा...। तररर...ताली) उहाँ मिस्टर सुप्रिमोको पालादेखि कम्निसहरूसँग तालमेल गरी सरकार चलाएको र चुनाउमा समेत हँससियाठोक्केमा भोट खसालेको हुनाले उहाँ कामरेड हुनुभएको हो । अब उहाँ र मिस्टर सुप्रिमोको पार्टी मिलेर समाजवाद ल्याउने भएकाले पनि उहाँ कामरेडमा बदलिनुभो । श्री ४ भनेको त उहाँ अहिले चौथो पटक प्र.म. भएकाले भनिएको हो ।

अब म ऊ त्यो दोस्रो लहरमा बस्ने दारीवालको प्रश्न लिन्चु । तपैँ सोध्न सक्नुहुन्च । के छ प्रश्न ?

'मेरो नाउँ नै दारिवाल हो । तपैँ पर्धानमन्त्री भा'को फोटो झुण्ड्याऊ खेलमा सामेल हुन हो कि काम गर्न हो ? यदि काम गर्न हो भने तपैँलाई त उइल्यै राजा ज्ञानेन्द्रले काम गर्न नसकेको असक्षम भनेर लात्ताले बुङ्ङ हानेर फालिदिएकै हुन् त ?'

डेउडापति : 'यस्तो प्रश्न गर्ने तपैँ चाइँ को नि भन्देखिलाई ? तपैँले बना'को पर्धानमन्त्री हुँ म ? भन्देखिलाई । मैले फोटो भुण्ड्याउँ कि जेसुकै गरुँ । तपैँलाई के मतलब भन्देखिलाई । मलाई तेत्रा सांसदले पर्धनमन्त्री बनाका हुन् भन्देखिलाई । सूर्यछाप मात्रै त हो मेरो बिरोधी । अरू त सबैले मलाई भोट हाल्या हुन् नि, भोट हाल्या हुन् भन्देखिलाई ? जाँसम्म कामको कुरा छ मैले मात्रै हो र यो देश बिगाऱ्या ? अरू पनि त पर्धानमन्त्री धेरै पटक भा'छन् नि भन्देखिलाई । तिन्ले के गऱ्या छन् र ? मलाई मात्रै यस्तो प्रश्न गर्ने भन्देखिलाई ? तपैँ पक्कैपनि उखानेले कान फुकेर पठाको हुनपर्च मेरो बेइजत गर्न भनेर भन्देखिलाई । यत्ति हो मेरो जवाफ । जानुस् उता ।'

कैलु : हैन पर्धानमन्त्री ज्यु उहाँले त अहिलेसम्म जति पनि पर्धानमन्त्री भए सबैले फोटो झुण्ड्याएर मात्रै निस्के । काम गर्न त सकेनन् नि । त्यै भएर तपाइँको लक्ष्य के छ भनेर सोध्नु'भा हो ।

डेउडापति : मैले भनिहालेँ नि भनेर भन्देखिलाई । अरू पनि त पर्धानमन्त्री भा'छन् । तिन्ले के गऱ्या छन् र ? मैले छुट्टै गरेर देखाउनु पऱ्यो भन्देखिलाई । के पर्धानमन्त्री नै न'भाको देश बनाउने हो र भन्देखिलाई ? कस्तो कुरा गऱ्या तपैँले ।

कैलु : ऊ अन्तिम बेन्चमा बसेकी लाली पाउडर दलेकी दिदीको प्रश्न लिन्चु है त ।

'हजुर म मङ्गली । म गिरहिणी हुँ । मेरो एउटा छोरो छ, चार कलासमा पढ्छ । त्यसले 'मामु म ठूलो भए'सी पर्धानमन्त्री बन्चु है' भन्च । अनि मैले किन बाबु भनेको त 'चिल्लो गाडीमा चढ्न पाइन्च । पुलिस सेना अघिपछि लाएर कस्तो सानसित हिँड्न पाइन्च । सरकारी पैसामा मनपरी गर्न पाइन्च । विदेश घुम्न पाइन्च' भन्यो । तपैँहरूले पर्धानमन्त्री भएर कस्तो थिती बसाल्नु'भो ?' (तररर...ताली)

डेउडापति : केटाले ठिकै त भन्यो भन्देखिलाई । म पनि साठी बर्स अघि तेत्रै बच्चा थिएँ, ऐले यी चार पटक पर्धानमन्त्री पट्काइहालेँ । त्यो बच्चा पर्धानमन्त्री हुनेबेलासम्म त ऐले भएका हाम्रो उमेरका जति सबै पर्टीका नेता मरिहाल्चम् । त्यसपछि तिनरुकै पालो आइहाल्च नि भन्देखिलाई । बरु ऐलेबाट चारतारे झण्डा बोक्न पठाउनूस् भन्देखिलाई ।

'पर्धान मन्त्री ज्यू नमस्कार । मेरो नाम हरिलठ्ठक । अक्सफोर्ड, क्याम्ब्रिज विश्वविद्यालयमा पढेका पर्धानमन्त्री, राष्ट्रपति भएर कति ठूलो विकास गऱ्या छन् हाम्रो देशमा नपढेका मान्छे पर्धानमन्त्री, मन्त्री भएर देश बिग्रियो । तपाइँको के भनाई छ ?'

डेउडापति : तपैँले के भन्न खोज्या हो भन्देखिलाई ? म नपढेको मान्छे हो ? डबल एम्मे गऱ्या छु, विएल पास ऱ्या छु भन्देखिलाई । आफ्नो देशमा जस्तो स्कूल छ त्यसैमा पढ्ने त हो नि भन्देखिलाई । काँ'बाट अक्सफोड क्याम्ब्रिज ल्याउने त ह्याँ भन्देखिलाई । यस्तो प्रश्न गर्ने ? तपैँ फटा हो । नामै हरिलठ्ठक रैच । (तररर....ताली) मेरो बेजत गर्न खोज्या हो भन्देखिलाई ? ए कैलुब्राह छोड्नुस् यो कार्यक्रम । हटाउनुस् । सबले मलाई उल्टोपाल्टो प्रश्न सोध्ने भन्देखिलाई ? देशको यत्रो ठूलो पर्धानमन्त्री, त्यो पनि एकपटक होइन चारचार पटक पर्धानमन्त्री भएको मान्छेलाई जे पायो त्यै सोध्ने ? तपैँहरले ब'नाको हो र मलाई पर्धानमन्त्री । चुनाउ जितेर आको मान्छे हुँ म बुझ्नुभो भन्देखिलाई । हटाउनुस् यस्ता कार्यक्रम सारेक्रम । मलाई गोष्टीमा भाषण गर्न जान ढिला'भो भन्देखिलाई । (तररर....ताली)

कैलु : ऊ अगाडि बस्नुभा'को धेरैले हात उठाउनुभा'छ । म एकजनाको मात्र प्रश्न लिन्चु । भन्नुस् त चस्मा लगा'को भाइ ।

'मेरो नाउ जन्तरे । आफैले टाउकाको मोल तोकेका 'आतङ्ककारी'सँग कसरी सत्तासाझेदारी गर्नुभो ? अझ चुनावमा त तालमेलै गर्नुभो । सरकारमा मन्त्री किन थप्न सक्नुभा छैन । कहिले र कति थप्नुहुन्च ? आगामी योजना के छ ?'

डेउडापति : राम्रो प्रश्न गर्नु'भो भन्देखिलाई । मैले पनि ह्वाँलाई आतङ्ककारी भनेकै हो, ह्वाँले पनि हाम्रा मान्छेलाई सुराकी भनेकै हो । मैले ह्वाँको टाउकाको मूल्य तेत्रो तोकेको भएर त विदेशी मित्रहरूले ओहो यो मान्छे त निकै मूल्यबान रैच, अब यसलाई जनयुद्ध रोक्न लाएर सरकारमा ल्याइदिनु परो भनेर सोचे नि भन्देखिलाई । मैले नतोक्या'भे के थाहा ऐलेसम्म मारकाट चलिरन्थ्यो कि बा भन्देखिलाई ? ऐले ह्वाँ पनि दुई पटक पर्धानमन्त्री पट्काउनु'भो, राम्रै त भो । के बिग्ऱ्या छ र भन्देखिलाई ? अब त ह्वाँहरू पनि हाम्रै बाटोमा आउनु'भो नि । संसारले स्वागत गऱ्या छ । ह्वाँले र हाम्ले एउटै संविधान मान्या छम् । व्यवस्था पनि एउटै मान्या छम् । चुनाउमा मिल्या कुरा त सूर्यछापले अति गरेर हो नि हाम्लाई नमिलि नहुने बनाइद्या हो । हाम्रो विचार पनि त एउटै भा'छ । ह्वाँ कम्निस हामी काङ्रेस । नाम मात्रै त हो फरक । हाम्रा विपि बाबुले पनि मार्क्सवाद मान्चु भन्नुभएकै हो । मेरो जोर त के छ भने हाम्रो मितेरी लामो समय लैजानु पर्च भन्ने छ । पार्टी एकतै गरे पनि क्यै फरक छैन भन्चु म त भन्देखिलाई । मन्त्री त छिटै थपिहाल्चम् । ऐले खास काम पनि त छैन भन्देखिलाई मन्त्रीको । खेतिपाती सक्योस् । पार्टीभित्र कति छन् कति सानासाना पार्टी । सबैलाई भाग पुग्दो बाँड्नु पर्च । ह्वाँको पार्टीभित्र पनि झगडै छ ।

कैलु : हस् सबैलाई कार्यक्रममा आइदिनु भएकोमा धन्यावाद । व्यस्त समयका बाबजुद पर्धानमन्त्रीज्यू आउनुभो, विशेष धन्यावाद । आजलाई यो 'झर्रोसवाल' कार्यक्रमबाट बिदा लिन्चु नमस्कार ।

*२५ असार २०७४*

*kailubraha73@gmail.com*

# क्रान्तिभित्र क्रान्तिबारे

कुनैपनि क्रान्तिका आफ्ना वस्तुगत र मनोगत पक्षहरू हुन्छन् र त्यसमा दुवैका भूमिका त्यतिकै महत्वका हुन्छन् । ऐतिहासिक विकासको क्रममा उत्पन्न हुने क्रान्तिको आवश्यकताको सम्बन्धमा समाजका वर्गहरूसित सम्बन्धित आम जनतासँग रहेको हुन्छ, किनभने वस्तुगत आवश्यकताको व्यावहारिक सिद्धीकरण मानिसहरूको क्रियाकलापमार्फत मात्र हुनसक्छ । मानिसहरूको क्रियाकलापको अभावमा सो आवश्यकता निराकार र अमूर्त चीज मात्र रहन्छ ।

क्रान्तिभित्र क्रान्तिको सवाल क्रान्तिको ऐतिहासिक आवश्यकतालाई यथार्थमा फेर्न त्यसको व्यावहारिक सिद्धीकरणका लागि गर्नुपर्ने तयारीसित सम्बन्धित सवाल हो, अर्थात यो आत्मगत तत्वहरूसित सम्बन्धित सवाल हो । क्रान्तिको लागि आवश्यक वस्तुगत अवस्थाहरूको विकास वस्तुगत नियमहरूअनुसार हुन्छ, र त्यो मानिसको इच्छाबाट स्वतन्त्र रहन्छ । क्रान्तिको लागि वस्तुगत परिस्थिति परिपक्व भएपनि त्यसले स्वयं आफैलाई क्रान्तिकारी ऐतिहासिक घटनामा फेर्न सक्दैन । त्यसरी फेर्नका लागि आवश्यक आत्मगत तत्वहरूको उपस्थिति आवश्यक रहन्छ । क्रान्तिको विकास र सफलताका जराहरू उक्त क्षेत्रभित्र रहेका हुन्छन् र त्यसको समुचित उपयोगमा नै यथार्थतामा क्रान्तिको प्राप्ति निर्भर गर्दछ ।

यस लेखमा म क्रान्तिभित्र क्रान्तिको सवाललाई वर्तमान समयमा नेपाली क्रान्तिको सन्दर्भमा चर्चा गर्दैछु । अहिले नेपाली क्रान्ति जनवादी चरणमा रहेको छ, जसका मुख्य तात्कालिक अभिभारहरू सामन्ती अवशेषहरूको उन्मूलन, राष्ट्रिय स्वाधीनताको संरक्षण र मुलुकको जनवादीकरण हुन् र सोहीअनुसार त्यसको चरित्र सामन्तवाद-विरोधी, विस्तारवाद-विरोधी र साम्राज्यवाद-विरोधी रहेको छ । यो नौलो जनवादी क्रान्तिको सारतत्व हो । अहिले देशमा मुख्य रूपमा यसको वकालत गर्ने पार्टी नेकपा-माओवादी रहेको छ । क्रान्तिका लागि मानवीय तत्वहरूको सङ्गठन र सञ्चालनको सम्बन्धमा त्यसका क्रियाकलापको प्रकाशमा उक्त सवालबारे चर्चा गरिने छ । यो चर्चा मुख्य रूपमा सर्वसाधारण जनता, पार्टी कार्यकर्ताहरू र नेतृत्वसित सम्बन्धित रहन्छ ।

कुनैपनि महान् क्रान्तिमा एउटा प्रमुख तत्व आम जनता हुन् । ती त्यस्ता हुन्, जसको ताकतमा मात्र क्रान्तिको सफलता र अन्तिम विजय हासिल गर्न सकिन्छ । जनता नै त्यसका जब्बर शक्ति हुन्, जसका आधारमा क्रान्तिको विजयको महल निर्माण गर्न सकिन्छ । एक सच्चा क्रान्तिकारी पार्टीको लागि क्रान्तिको अभिभारा पूरा गर्ने आम जनतासित घनिष्ठ सम्बन्ध स्थापित गर्नु जरुरी हुन्छ । अर्को शब्दमा पार्टीले आफूलाई जन-पार्टीमा विकसित गर्नुपर्छ । पार्टीले राखेको उद्देश्य व्यापक जनसमुदायहरूसित एकता र मेलबाट मात्र हासिल गर्न सक्छ ।

समाजको क्रान्तिकारी रूपान्तरणको पक्षमा र मुलुकलाई फेर्ने प्रश्नमा आम जनताले आफ्नो भूमिका राम्ररी खेलून् र खेल्न सकून् भन्नका लागि तिनीहरूको मन-मस्तिष्कमा क्रान्तिकारी रूपान्तरणको आवश्यकता पर्दछ । श्रमिक जनताको मुक्ति र नयाँ नेपाल निर्माणको महान् कार्यको थालनी तिनीहरूको मानसिक र वैचारिक रूपान्तरणबाट हुनसक्ने तथ्य ध्यानयोग्य छ, र यही रूपान्तरणबाट हामीले चाहेका क्रान्तिकारी परिवर्तनहरू हासिल गर्न सकिन्छ । क्रान्तिभित्र क्रान्तिको एउटा मुख्य अभिभारा यही हो, अर्थात क्रान्तिको एउटा प्रमुख तत्वलाई क्रान्तिकारी सोच र भावनाले सुसज्जित पारी त्यसलाई आफ्नो भूमिका पूरा गर्न योग्य बनाउनु । यदि हामी क्रान्तिमा सफलता चाहन्छौं भने हामीले गर्नुपर्ने एउटा महत्वपूर्ण काम यही हो । किनभने, क्रान्तिको भविष्यको लागि वैचारिक रूपान्तरण एउटा सर्वोत्तम तयारी हो ।

जनमानसमा परिवर्तन ल्याउनु भनेको कुनै सजिलो काम होइन । क्रान्तिको प्रमुख शक्ति रहेका व्यापक किसान जनतामा सामन्ती विचारधाराको निकै ठूलो प्रभाव कायमै छ । मुलुकमा भएका सामन्तविरोधी, विस्तारवादविरोधी र साम्राज्यवादविरोधी सङ्घर्षमा तिनीहरूको महत्वपूर्ण भूमिका रहिआएको र मुलुकमा लामो समयदेखि सामन्तवादको राजनीतिक प्रतिनिधि संस्था राजतन्त्रको अन्त्य भएको भएपनि मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा सामन्ती अवशेषहरू विद्यमान छन् र तिनको जनतामा बलियो प्रभाव कायम नै छ । हाल यता आएर देश-विदेशका प्रतिक्रियावादी क्रान्तिविरोधी शक्तिहरूको तर्फबाट आम जनताको बीचमा अनुदारवादी तथा यथास्थितिवादी विचारहरूको व्यापक प्रचार भइहेको छ । अर्कोतिर मुलुकमा उदारपंथी शक्तिहरू र कम्युनिस्ट आन्दोलनभित्रका अवसरवादी र संशोधनवादीहरू जनतामा उदारवादी, सुधारवादी तथा मेलमिलापवादी र आत्मसमर्पणवादी विचारहरू प्रचार गरी तिनलाई क्रान्तिको बाटोमा लाग्न नदिनका लागि निकै प्रयत्नशील छन् ।

उपरोक्त यथार्थताको सन्दर्भमा, जनमानसको क्रान्तिकारी रूपान्तरण गर्ने काम निश्चय पनि सजिलो छैन । मुलुकको वर्तमान स्थितिमा क्रान्तिका शक्तिहरूलाई मजदुर, किसान, निम्न पुँजीपति र राष्ट्रिय पुँजीपतिहरूलाई क्रान्तिविरोधी विचारहरूको प्रभावबाट मुक्त गर्न अर्थात् जनताको मन मस्तिस्कलाई मुक्त पार्न ठूलो सङ्घर्षको आवश्यकता रहन्छ । यसको लागि पार्टीको तर्फबाट पुँजीवादी उदारवाद तथा सुधारवादका विरुद्ध संशोधनवाद तथा अवसरवादका विरुद्ध र यथास्थितिवाद तथा आत्मसमर्पणवादका विरुद्ध वैचारिक आधारमा दृढ सङ्घर्ष चलाउनु एउटा अपरिहार्य आवश्यकता हो । त्यसका साथै आम जनसमुदायको बीचमा क्रान्तिकारी तथा वैज्ञानिक विचारहरूको व्यापक रूपमा प्रचार गर्नु पनि जरुरी छ, जुन कामप्रति क्रान्तिका पक्षधरहरूको आवश्यक ध्यान र प्रयत्न पुगेको पाईदैन ।

यससम्बन्धमा पार्टी र क्रान्तिकारीहरूले ध्यान दिनुपर्ने एउटा तथ्य के छ भने पार्टीमात्र बलियो र सक्षम हुँदैमा अनि नेतृत्वमात्र बलियो हुँदैमा क्रान्ति पूर्ण रूपले सफल हुन सक्दैन र मुलुकको क्रान्तिकारी रूपान्तरण सिद्ध हुन सक्दैन । त्यसको लागि पार्टीलाई बलिया जनताको समर्थन र टेवा पनि आवश्यक हुन्छ । त्यसैले हामी क्रान्तिको निम्ति क्रान्तिका पक्षधर शक्तिहरूलाई शिक्षित पार्ने, तिनीहरूको लडाकू क्षमतालाई बढाउने, तिनीहरूलाई सचेत पार्ने कार्य थाल्नु पर्छ । आम जनतालाई बलियो बनाउनु भनेको के हो त ? त्यसमा निम्न कुराहरू पर्दछन् । तिनीहरूको चेतना, लडाकूपना, सङ्कल्प र तत्परता, अनि क्रान्तिकारी कार्यबाही गर्ने तिनीहरूको क्षमता, क्रान्तिकारी जोश तथा उत्साह र त्याग-बलिदानको भावना आदि । यदि क्रान्तिलाई सफल निष्कर्षसम्म पुराउने हो भने त्यस्ता बलिया जनता आफ्नो नेतृत्वमा हुनु पर्दछ । क्रान्तिमा नेतृत्व गर्न चाहने र नेतृत्वको दावा गर्ने पार्टीले उपरोक्त तथ्यप्रति गम्भीर ध्यान दिनुपर्दछ र त्यसमा आफ्नो अभिभारालाई बुझेर त्यसलाई सम्बोधित गर्नुपर्छ । त्यसका सम्बन्धमा गर्नुपर्ने केही कामहरू निम्न प्रकारका छन् - जनतालाई क्रान्तिकारी विचार र भावनाबाट शिक्षित र अभिप्रेरित गर्नु उनीहरूको राजनीतिक चेतनाको स्तरलाई माथि उठाउनु, तिनीहरूलाई तिनको अन्तर्निहित तागतको पहिचान गराउनु, तिनीहरूलाई सङ्गठित र एकताबद्ध हुनमा सघाउनु, तिनीहरूको सङ्घर्षलाई नेतृत्व प्रदान गर्नु आदि ।

सामाजिक रूपान्तरणको कार्यमा आम जनसमुदायहरूको भूमिकाको सम्बन्धमा एङ्गेल्सले यस्तो राय व्यक्त गरेका छन् - "आकस्मिक हमलाहरूको जमाना, अचेतन जनसमुदायहरूको नेतृत्व गरी साना सचेत अल्पसङ्ख्यकद्वारा सञ्चालित क्रान्तिहरूको जमाना गइसकेको छ । जहाँ सामाजिक सङ्गठनको पूर्ण रूपान्तरणको सवाल छ, जनसमुदायहरू अफै पनि त्यसमा हुनुपर्छ, तिनीहरू आफैले कुन कुरो दाउमा परेको छ, कुन कुराको लागि तिनीहरू दिलो ज्यानले लागिरहेका छन् भन्ने कुरालाई मनन गरेको हुनुपर्छ । तर जनसाधारणले गर्नुपर्ने कामलाई बुझ्न सकून् भन्नाका खातिर लामो र दृढ कार्य हुनु आवश्यक छ ।" (मार्क्स-एङ्गेल्स, "छानिएका कृतिहरू" तीन भागमा भाग १, पृष्ठ १९९)

आम जनताको वास्तविक तागत तिनीहरूको सचेतना र तिनीहरूबीचको जब्बर ऐक्यबद्धतामा रहेको हुन्छ र त्यसले तिनीहरूको लडाकू क्षमता र आत्मत्यागी भावनामा आफूलाई अभिव्यक्त गर्छ । प्रत्येक महान् सामाजिक क्रान्तिले आफ्नो सफल निष्कर्षको निम्ति आफ्मा सहभागीहरूको तर्फबाट ठूलो त्याग र बलिदानको अपेक्षा गर्छ । त्यस हिसाबले वास्तविक जनमुक्ति आन्दोलनले आम जनताबाट सामूहिक हितको लागि निजको निजी सङ्कीर्ण स्वार्थको त्याग गरेर लड्ने उदात्त भावना र क्षमताको पूर्वानुमान गर्छ, किनभने आत्म-त्याग र आत्म-बलिदान नै त्यस्तो महान् सङ्घर्षको गुण हो । यस तथ्यलाई लेनिनले निम्न शब्दमा प्रस्तुत गरेका छन् - "प्रत्येक क्रान्तिकारी परिस्थितिले क्रान्ति पैदा गरेको हुँदैन । क्रान्ति त्यस्तो परिस्थितिबाट मात्र उत्पन्न हुन्छ, जुन परिस्थितिमा माथि उल्लेखित वस्तुगत परिवर्तनहरूका साथै मनोगत परिवर्तन पनि भएको हुन्छ, अर्थात् पुरानो शासनलाई



● कृष्णदास श्रेष्ठ

चकनाचुर (वा विस्थापित) गर्नसक्ने खालको 'क्रान्तिकारी' आम कार्यबाही गर्ने क्रान्तिकारी वर्गको क्षमता पनि हुनुपर्छ, किनभने यदि उक्त शासनको तख्ता पल्टाइएन भने कहिलेपनि सङ्कटको अवधिमा समेत पनि त्यसको 'पतन' हुँदैन ।" (कृष्णदास, "ऐतिहासिक भौतिकवाद" पृष्ठ १६७ बाट उद्धृत)

क्रान्तिभित्र क्रान्तिको अवधारणामा रहेको अर्को प्रमुख तत्व पार्टीका कार्यकर्ताहरूबाट पार्टीका आफ्ना शक्तिहरूको सङ्गठन उपयोग तथा परिचालनसित सम्बन्धित छ । पार्टीद्वारा निर्धारित राजनैतिक कार्यदिशा तथा नीतिहरू उपयोग तथा परिचालनसित सम्बन्धित हुन्छन् । पार्टीसँग सम्बन्धित राजनीतिक कार्यदिशा तथा नीतिहरू जतिसुकै सही र क्रान्तिकारी भएपनि, ती आफै कार्यान्वयन हुने होइनन् । तिनको व्यवहारमा सिद्धीकरणको सवाल पार्टीका आफ्ना शक्तिहरूको सवाल हो । यथार्थमा त्यसको सिद्धीकरण हुन्छ कि हुँदैन भन्ने कुरा उक्त शक्तिहरूको उपयोग, परिचालन र नेतृत्व गर्ने पार्टीको क्षमता र कुशलतामाथि निर्भर गर्दछ । "कार्यकर्ताहरूले सबै कुराको फैसला गर्छन्" भन्ने स्टालिनको भनाइले उपरोक्त तथ्यलाई व्यक्त गरेको छ ।

आम जनतासित पार्टीको सम्बन्ध त्यसका कार्यकर्ताहरूमार्फत स्थापित हुन्छ र तिनीहरू पार्टी र जनताको सम्बन्धको बीचमा माध्यम हुन् । पार्टीद्वारा पारित कार्यदिशा र नीति तिनै कार्यकर्ताहरूमार्फत जनमानसमा पुराइन्छ र जनता त्यसबाट अवगत हुने गर्दछन् । यहाँ मुख्य सवाल पार्टीका नीतिहरूलाई जनमानसमा ठीक र बोधगम्य ढङ्गबाट कार्यकर्ताहरूले पुऱ्याउन सक्छन् कि सक्दैनन् भन्ने सवाल हो । यस मामिलामा कार्यकर्ता निर्णायक शक्ति हुन् । त्यसैले पार्टीले कार्यकर्ताहरूलाई क्रान्तिकारी विचारबाट शिक्षित पार्ने र पार्टी नीतिबारे सही समझदारी प्राप्त गर्ने सामर्थ्यमा वृद्धि गर्ने कुरामा जोड दिनु आवश्यक छ । सिद्धान्त र नीतिलाई नेतृत्वले मात्र बुझ्ने तर तलका कमरेडहरूलाई त्यसबाट शिक्षित पार्नमा ध्यान र प्रयत्न नलगाउनु भनेको विचार र आन्दोलनलाई प्रभावकारी र शक्तिशाली स्तरमा नउठाउनु समान हो । जनताको बीचमा काम गर्ने कार्यकर्तालाई मार्क्सवादका सिद्धान्तहरूबाट शिक्षित-दीक्षित पारेर र तिनीहरूको सैद्धान्तिक समझदारीलाई उठाएर मात्र जनमानसको क्रान्तिकारी रूपान्तरण गर्न सकिन्छ । कार्यकर्ताहरूको मनमा क्रान्तिकारी परिवर्तन अर्थात् तिनीहरूको सैद्धान्तिक रूपान्तरणमार्फत् मात्र जनमानसमा क्रान्ति ल्याउन सकिन्छ ।

यहाँ मुख्य रूपले ध्यानयोग्य कुरा के छ भने क्रान्ति गर्नका लागि क्रान्तिकारीहरूको सङ्गठन हुनु जरुरी छ । त्यसको अर्थ के भने पार्टीका सदस्यहरू सच्चा क्रान्तिकारी र सच्चा कम्युनिस्ट हुनुपर्दछ । तसर्थ पार्टी पङ्क्तिमा रहेका पुराना तथा नयाँ शक्तिहरूलाई सच्चा कम्युनिस्टमा अटाउनु अर्थात् मार्क्सवादी आधारमा सोच्ने, क्रान्तिप्रति समर्पित, क्रान्तिकारी भावनाले अभिप्रेरित र सिर्जनात्मक पहल गर्नसक्ने कार्यकर्तामा विकसित गर्नु पार्टीको एउटा महत्वपूर्ण कर्तव्य रहन्छ । जहाँसम्म आम जनसमुदायहरूसित पार्टीको सम्बन्धलाई बलियो र सुदृढ बनाउने कार्यको सम्बन्ध छ, सो कार्य पार्टी कार्यकर्ताहरू मार्फत मात्र सम्पन्न हुने कुरा हो । जनतासित घनिष्ठ सम्बन्ध बनाउने, तिनका भावना र आकाङ्क्षालाई बुझ्ने, तिनलाई सङ्गठित र एकताबद्ध पार्ने र तिनलाई क्रान्तिकारी सङ्घर्षमा निर्देशित र नेतृत्व गर्ने कार्यकर्ताहरूको जुन गहन जिम्मेवारी छ, त्यसलाई उनीहरूले कति ठीक, कति उचित तथा कुशल ढङ्गबाट पूरा गर्न सक्छन् भन्ने कुरा उनीहरूको समझ-स्तर, कायशैली, नैतिकता, समर्पणभाव र क्षमतामाथि निर्भर गर्दछ । तसर्थ, उनीहरूलाई सच्चा कम्युनिस्टमा हुर्काउने र उठाउने काम अत्यधिक महत्वको रहन्छ ।

क्रान्तिभित्र क्रान्तिले अपेक्षा गर्ने अर्को प्रमुख कुरो यही नै हो ।

कार्यकर्ताहरूको सैद्धान्तिक रूपान्तरणको सवाल पार्टीको सामु रहेको एउटा निकै गम्भीर सवाल हो । एउटा स्पष्ट तथ्य हाम्रा सामु छ, पार्टी र कम्युनिस्ट आन्दोलनको सङ्ख्यात्मक बृद्धि सँगसँगै तिनको गुणात्मक ह्रास भइरहेको छ । यस ह्रासले विभिन्न रूपमा आफूलाई व्यक्त गरिरहेको छ । कार्यकर्तामा मार्क्सवादी ज्ञान र समझदारीको कमी, तिनमा सामन्तीलगायत गैरसर्वहारा विचारहरूको अधिक प्रभाव, विचार प्रधान हो भन्ने गरिएपनि व्यवहार सबकुछ हो भन्ने व्यवहारवादी सोचको प्रभाव र सिद्धान्त तथा चिन्तन-मननतर्फ रुचि र प्रयत्नको कमी आदि । व्यवहार र आचरणको दृष्टिबाट हेर्ने हो भने गैरकम्युनिस्ट प्रवृत्तिहरू बढी मात्रामा पाइन्छन् । जस्तो कि अनुशासनको अभाव, अराजकतावादी प्रवृत्ति, आफूभन्दा माथिका प्रति अन्धभक्ति र तलका प्रति हुकुमी पारा, घमण्ड तथा फाईफुट्टी, जनताको सेवा गर्ने होइन कि जनताबाट आफ्नो सेवा गराउने प्रवृत्ति आदि । जनतासित गरिने दम्भपूर्ण, अहङ्कारवादी तथा हप्कीदप्की व्यवहारको कारण जनताले पार्टीलाई नराम्रो दृष्टिले हेर्नु स्वाभाविक छ । यस्तो व्यवहारले पार्टीलाई जनताबाट अलग्याउने काम गर्छ । यस्ता कमजोरी र गल्तीहरूले पार्टीलाई जनताबाट अलग्याउने प्रतिक्रियावादी शक्तिहरूको चाहना र प्रयत्नमा मलजल पुऱ्याउने गर्छन् ।

उपरोक्त खालको आचरण र व्यवहारमा आमूल परिवर्तन हुनु एकदमै आवश्यक छ । प्रचार कार्यमा लागेका कार्यकर्ताहरूले जनताप्रति बलजफ्ती व्यवहार वा नोकरप्रति मालिकको जस्तो व्यवहार गर्नु ज्यादै अवाञ्छनीय र हानिकारक कार्य हो । वास्तविक जीवन र अनुभवसित गाँसेर जनताले बुझ्ने भाषामा पार्टीका कार्यदिशा, नीति तथा तात्कालिक कार्यभार प्रचार गरेर उनीहरूलाई शिक्षित पार्नु कार्यकर्ताहरूको जिम्मेवारी हो । कसैले गर्ने कुरा एउटा र काम अर्कै हुने गरेमा जनताको विश्वास जित्न नसक्ने तथ्यप्रति सतर्क रहेर काम र कुरोको मेल रहनुपर्नेमा ध्यान दिइनुपर्छ । कार्यकर्ता जनतामा गरिने प्रचार र आन्दोलन जीवनसापेक्ष र बोधगम्य हुनु जरुरी छ । जनताले नबुझ्ने र मनन नगर्ने थेगोहरूको प्रयोग एकदमै त्याज्य छ ।

पार्टी भनेको कुनै अमूर्त तत्व होइन, बरु त्यो एउटा यस्तो समुदाय हो, जसमा त्यसका सदस्यहरू, त्यसका नेताहरू र कार्यकर्ताहरू एउटा साझा सिद्धान्त र उद्देश्यबाट निर्देशित रहन्छन् । त्यतिमात्र होइन, तिनीहरू सँगसँगै रहेर काम गर्दछन्, एकले अर्कोलाई चिन्दछन् र एक अर्कोसित व्यवहार गरिरहेका हुन्छन् । जस्त चिनजानी र व्यवहार उनीहरू बीचको सम्बन्धलाई निर्धारित गर्ने एउटा प्रमुख तत्व हो । उनीहरूबीचको सम्बन्धमा अत्यधिक महत्वपूर्ण तत्व नेता र कार्यकर्ताहरूबीचको सम्बन्ध हो, जसले आदेश-निर्देशन दिने र त्यसको पालन गर्ने आधिकारिक कडीको काम गर्दछ । यहाँ अधिकारप्राप्त व्यक्तिले कुन ढङ्गबाट आफ्नो अधिकारको उपयोग र स्थापना गर्छ, त्यसले निकै ठूलो भूमिका खेल्छ ।

उपरोक्त मामिलामा गम्भीर त्रुटिहरू देख्नमा आएका छन् । माथि उल्लेखित प्राधिकारिक कडी एउटा स्वस्थ आधारमा स्थापित भएको हुनुपर्छ र त्यो आधार भनेको जनवादी केन्द्रीयता हो । सो आधार नपाएमा सो कडी मालिक-नोकर सम्बन्ध, पुँजी-श्रम सम्बन्ध, व्यक्तिवाद आदि जस्ता गलत आधारमा जोडिन वा आधारित हुन पुग्छ । स्वस्थ र सही आधारको अभावको कारणले नै नेताको प्राधिकार नोकरशाहीमा र कार्यकर्ताको जनवाद अराजकतामा फेरिने गर्दछन् ।

उपरोक्त सम्बन्धमा ध्यानयोग्य कुरा के छ भने नेताले निर्देशन दिने र नेतृत्व गर्ने अधिकार पाएको छ, त्यो कार्यकर्तालाई नोकरसरह व्यवहार गर्ने वा उनको आफ्नो जुन पहिचान छ, त्यसलाई मेटिदिने वा उनको स्वाभिमानमा चोट पुऱ्याउने अधिकार कदापि होइन । साथै, त्यो कार्यकर्ताहरूको काममा पुक्कापन (स्वतन्त्रता) र पहलकदमीलाई खतम पार्ने अधिकार पनि होइन । अर्कोतिर कार्यकर्ताको काममा फुक्कापन र पहलकदमीको अर्थ पार्टी आदेश-निर्देशनको पालना नगर्ने वा आफूखुशी जे पनि गर्ने भन्ने कदापि होइन ।

पार्टीमा कार्यकर्तालाई एउटा साधनमात्र ठान्ने, मेशीनको उपयोग गरेझैं उपयोगयोग्य ठान्ने प्रवृत्ति रहेको छ । उक्त प्रवृत्तिले कार्यकर्तालाई एउटा लक्ष्य स्थापना गरी क्रान्तिको लागि योग्य र सक्षम तत्वको रूपमा विकसित गर्नुपर्ने व्यक्तिको रूपमा लिदैन । उक्त प्रवृत्तिका समर्थकहरू कुन कुरालाई बिर्सन्छन् भने नेतृत्वको एउटा महत्वपूर्ण अभिभारा कार्यकर्तामा भएका कमीकमजोरीहरूलाई हटाउन आवश्यक सहायता प्रदान गरेर र सैद्धान्तिक-राजनीतिक रूपमा तिनीहरूलाई शिक्षित र प्रबुद्ध बनाएर सच्चा कम्युनिस्टहरूको स्तरमा उठाउनु हो । यसको ठीक उल्टो एउटा कस्तो प्रवृत्ति देखिएको छ भने कार्यकर्तामा भएका लोभ, लालच, व्यक्तिगत स्वार्थ, पदलोलुपताजस्ता खराब प्रवृत्तिलाई उकासेर र त्यसलाई बढावा दिएर आफ्नो सङ्कीर्ण स्वार्थको प्रयोग गरिन्छ । यससम्बन्धमा लेनिनले आफ्नो युवा बेलाको एउटा अनुभवको उल्लेख गरी लेखेका छन् -

"म ज्यादै फराकिलो र सर्वपक्षीय अभिभारा लिएको एउटा अध्ययन मण्डलमा काम गर्दथें र सो मण्डलका हामी सबै सदस्यहरू जुन कुरालाई बुझेर निकै दुःखी रहयौं भने हामी इतिहासको यस्तो घडीमा सिकारुझैं बनेर काम गरिरहेका छौं, जुन घडीमा हामीले 'हामीलाई क्रान्तिकारीहरूको एउटा सङ्गठन दिनुहोस्, हामी रुसलाई पल्टाइदिन्छौं' भन्ने एउटा सुप्रसिद्ध कथनलाई जोडका साथ उठाउनु पर्दथ्यो । त्यसताका मैले अनुभव गरेको तीव्र लाजलाई जति बढी म सम्झन्छु, त्यति बढी ती नक्कली जनवादीहरूप्रति मेरो भावना कटु बन्छ, किनभने तिनीहरूको तर्कले 'क्रान्तिकारीहरूको नाउँमा कलङ्क लगाउँछ' र तिनीहरू कुन कुरालाई बुझ्न सक्दैनन् भने हाम्रो अभिभारा भनेको क्रान्तिकारीहरूलाई सिकारुको स्तरमा खसाल्ने होइन, बरु सिकारुहरूलाई क्रान्तिकारीहरूको स्तरमा उठाउनु हो ।" (लेनिन "सङ्कलित रचनाहरू" भाग ५, पृष्ठ ४६६-४६७)

लेनिनको उक्त भनाइले कार्यकर्ताप्रति नेतृत्वको गम्भीर अभिभारालाई इङ्गित गरेको छ । त्यो अभिभारा भनेको कार्यकर्ताभित्र रहेका गलत प्रवृत्तिलाई बढावा दिएर उनीहरूलाई खसाल्नु होइन, उनीहरूलाई कोरा र अबुझमा राखिछाड्नु होइन, बरु उनीहरूलाई सच्चा क्रान्तिकारीमा रूपान्तरित गर्नु हो । नेतृत्वले कार्यकर्ताहरूसित आफ्नो सम्बन्ध र मेललाई बलियो र सुदृढ बनाउनु पर्छ । तर त्यसको अर्थ कम सचेत वा सिकारु कार्यकर्ताको स्तरमा आफूलाई गिराउनु र मिलाउनु होइन, बरु तिनलाई सच्चा कम्युनिस्टको स्तरमा माथि उठाउनु हो । यो नेतृत्वको अभिभारको कुरा हो । अर्कोतिर पार्टीमा प्रवेश गरेकाहरूले आफ्नो तर्फबाट आफूलाई कम्युनिस्ट क्रान्तिकारीहरूको स्तरमा उठाउन प्रयत्न गर्नु पर्छ । कोही व्यक्तिको पार्टीमा प्रवेश कम्युनिस्ट बन्नेतर्फको उसको पहिलो पाइला मात्र हो र यसरी ऊ साङ्गठनिक दृष्टिबाट मात्र कम्युनिस्ट बनेको हो । सच्चा कम्युनिस्टमा आफूलाई विकसित गर्नको लागि पार्टी र क्रान्तिका लागि बढीभन्दा बढी योगदान गर्नका लागि उसले सङ्घर्षमा आफ्ना कमीकमजोरीहरू हटाउन इमानदारीताका साथ प्रयास गर्दै आफूलाई वैचारिक रूपान्तरणको प्रक्रियाबाट गुजार्नु पर्छ । पार्टीमा सामेल भएका प्रत्येक कमरेडको एउटा महत्वपूर्ण कर्तव्य उसले आफूलाई वैचारिक दृष्टिबाट तयार पार्नु हो ।

पार्टीमा नेता र कार्यकर्ताहरूमाझ घनिष्ठ र मिलनसार सम्बन्ध हुनु जरुरी छ । तिनीहरूको सम्बन्ध मालिक र नोकरको जस्तो सम्बन्ध होइन, बरु पारस्परिक सहायता र मित्रताको सिद्धान्तद्वारा निर्देशित र त्यसको अधीनस्त रहनुपर्छ । तिनका बीचका सम्बन्धमा उपरोक्त अवस्था नरहेमा वा त्यसको विपरीत भएमा पार्टीको काममा खुकुलोपन वा अस्तव्यस्तता हुनसक्छ र भित्र-भित्रै एकले अर्कोलाई प्रहार गर्नेसमेत हुनु सम्भव छ ।

त्यस्तै, कार्यकर्ता-कार्यकर्ताबीचमा पनि राम्रो र सही सम्बन्ध हुन आवश्यक छ । पार्टी कार्यकर्ताहरू फरक-फरक स्थान र वातावरणमा र फरक-फरक क्षेत्रमा काम गरिहने भएकोले तिनीहरूबीचको सम्बन्धमा समस्याहरू पैदा हुने गर्छन् - जस्तो कि पुराना र नयाँ कार्यकर्ताहरूबीच, स्थानीय र बाहिरबाट आएका कार्यकर्ताहरूबीच, फरक-फरक कार्यक्षेत्रमा र विभागका कार्यकर्ताहरूबीचका सम्बन्धमा समस्याहरू देख्नमा आएका छन् । ती कार्यकर्ताहरूबीच उचित सम्बन्ध स्थापित गरिनुपर्छ । कार्यकर्ताबीचको सम्बन्ध मैत्रीपूर्ण तथा सहयोगात्मक भावनाबाट निर्देशित रहनुपर्छ । एकले अर्कोलाई सिकाउने र एकले अर्कोबाट सिक्ने अप्ठ्यारोमा एकले अर्कोलाई सघाउने, एकले अर्कोको राम्रो कुरा ग्रहण गर्ने र एकले अर्कोको कमजोरी हटाउनमा मद्दत गर्ने सिद्धान्तबाट सो सम्बन्ध निर्देशित रहनुपर्छ । कार्यकर्ताहरूको माझमा एकताबद्धतालाई हुर्काउने र साङ्गठनिक एकतालाई सुनिश्चित र सुदृढ पार्ने एउटा उपाय यो हो ।

आम पार्टी कार्यकर्ताहरूमा रहेको मार्क्सवादी समझदारीको कमी र नेता-कार्यकर्ताबीच र कार्यकर्ता- ...बाँकी ८ पेजमा

# के हो पोखरा सस्तोबजार विवाद ?



● नारायण अधिकारी

पोखरा-लेखनाथ-९, नयाँ बजार स्थित 'पोखरा सस्तो बजार' को बारेमा केही दिनयता निकै चर्चा र छलफल चलिरहेको छ । यो विषयले पोखरा आसपासमा मात्र नभएर सिङ्गै देशभर तरंग पैदा गर्दै अघि बढिरहेको छ । नेपालको एउटा शहर भित्रको एक सानो बजारका कारण किन यति धेरै चर्चा परिचर्चा भइरहेको छ । यस बारे मैले यस लेखमार्फत् केही छलफल चलाउन चाहिरहेको छु ।

२०६९ सालको शुरुवाती दिनहरूमा 'पोखरा उद्योग वाणिज्य संघ' ले एउटा निकै घतलाग्दो योजना अघि सा¥यो । सुन्दर, शान्त पोखरा फुटपाथ निषेध पोखराको अवधारणा अघि सारियो । यो मिसन पूरा गर्नको लागि मुख्य चुनौति थियो, सडक पेटीमा व्यापार, व्यवसाय गर्दै आएका साना व्यापारीको वैकल्पिक व्यवस्था । तत्कालिन अवस्थामा देशका प्रधानमन्त्री डा.बाबुराम भट्टराई हुनुहुन्थ्यो । जनयूद्ध गरेर आएको 'माओवादी शक्ति' एउटै थियो अहिले जस्तो प्रचण्ड, वैद्य, बाबुराम र विप्लवको छुट्टाछुट्टै पार्टी बनिसकेको थिएन । सर्वहारावर्गको पार्टी भएको नेताले र साथसाथै स्वयं पार्टीले नै राज्यको नेतृत्व गरिरहेको अवस्थाले गर्दा तत्कालीन एकिकृत ने.क.पा. (माओवादी) ले मूख्य चुनौतिको रूपमा रहेका सडक पेटीमा व्यापार व्यवसाय गर्दै आएका साना व्यापारीको वैकल्पिक व्यवस्थामा निकै दह्रो अडान लियो ।

सरकारमा रहेको पार्टीले नै दृढतापूर्वक निम्न वर्गको पक्षमा अडान लिइसकेपछि यसलाई कार्यान्वयन गर्न जिल्लाका सबै क्रियाशील राजनीतिक दलहरू पनि तयार भए । तत्कालिन अवस्थामा यो एउटा यस्तो इस्यू भयो कि यसको पक्ष र विपक्षमा राजनीतिक दलहरू विभाजन भएनन् । क्रियाशील सबै राजनीतिक पार्टीहरू, पोखरा उद्योग वाणिज्य संघ, पोखरा उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय, पोखरा उपत्यका नगर विकास समिति, पत्रकार महासंघ, नागरिक समाज, वायुसेवा निगम क्षेत्रिय कार्यालय पोखरा आदि सबै शक्तिहरू साना व्यवसायीलाई उचित स्थानमा सुरक्षा र सुविधासहितको बजार स्थापना गरी व्यवस्थापन कार्यमा सक्रियतापूर्वक जुटे ।

खाली जग्गा खोज्दै जाँदा पोखरा उपमहानगरपालिका वडा नं. ९, पृथ्वीचोकस्थित कित्ता नं. २ को २६३२.५० वर्गमिटर खाली जग्गा नेपाल वायुसेवा निगम, क्षेत्रीय कार्यालय पोखराको स्वामित्व रहेको भेटिन पुग्यो । यो जग्गा भेटिएपछि प्रमुख जिल्ला अधिकारीको रोहवरमा बसेको सर्वदलीय सर्वपक्षीय बैठकले सोही जग्गामा बजार बसाल्ने र साना व्यवसायीको व्यवस्थापन गर्ने निर्णय भयो । यो निर्णयसँगै पर्यटन शहरको रूपमा नाम कमाएको पोखराले सफा पोखरा निर्माणको छलाङ मार्नको लागि निकै ठूलो आधार खडा ग¥यो । यो निर्णयले चौतर्फी सम्भावनाको निकै ठूलो ढोका खोल्यो ।

पोखरा उद्योग वाणिज्य संघले यो निर्णयसँगै एउटा ठूलो फड्को मार्न सफल भयो । त्यसपछिका दिनमा सडक पेटीमा व्यवसाय गर्ने साना व्यवसायीहरू नेपाल वायुसेवा निगम, क्षेत्रिय कार्यालय पोखराको उक्त जग्गामा अस्थायी टहरा बनाई विभिन्न आकारका स्टल निर्माण गर्दै व्यवसाय शुरु गरे । वायुसेवा निगमको जग्गा भएकोले व्यवसायीहरू निःशुल्क बस्न पाउने त कुरै भएन । त्यसकारण व्यवसायीहरू उचित भाडा तिर्न समेत राजी भए ।

वायुसेवा निगमले सिधै भाडा उठाउने व्यवस्था गरेन । उसले भाडा उठाउन अर्को खाले व्यवस्था ग¥यो । त्यो व्यवस्था कस्तो दियो भने एकजना कृष्णप्रसाद श्रेष्ठ भन्ने ठेकेदारलाई भाडा उठाई बुझाउन सहमति थियो । तत्कालीन रूपमा सो सहमति सापेक्षित रूपमा ठीकै थियो । कृष्णप्रसाद श्रेष्ठले वायुसेवा निगमलाई मासिक रूपमा जम्मा ३०,०००।- (तीस हजार) मात्र भाडा बुझाउने गर्दथे । उनी आफै भाडा उठाउन भने जाँदैनथे । उनले आफनो तर्फबाट भाडा उठाउने जिम्मा अर्का ठेकेदार भरत गुरुङलाई दिएका थिए । तिनै भरत गुरुङले प्रत्येक स्टलबाट भाडा उठाइ कृष्णप्रसाद श्रेष्ठलाई बुझाउँथे । कृष्ण प्रसाद श्रेष्ठ र भरत गुरुङको पालामा व्यवसायीमाथि केही मात्र ठगीको हल्ला सुनिए पनि खासै त्यसले व्यवसायीमा विद्रोहकै स्तरको असन्तुष्टि चाहीं सुनिएन । व्यवसायीहरूले व्यवसाय गर्दै गए । राज्यलाई भाडा बुझाउँदै गए । व्यवसायीहरूले आफनो जीवन निर्वाहको प्रक्रियामा आफू र आफना परिवारको छाक कटाएर उब्रेको वचतले आफनो स्टललाई डेकोरेशन र आधुनिकिकरण गर्दै लगे ।

यदि हामीले न्यूनतम मूल्यकै हिसाब गर्ने हो र एक स्टलको ५ लाख मात्रै राख्ने हो भने पनि २१७ स्टलको १० करोड ८५ लाख त भौतिक संरचनाको मूल्य देखिन आउँछ । यसमाथी हरेक स्टलमा न्यूनतम १० लाख देखि अधिकतम ३० लाख सम्मको माल (वस्तु) बेच्न रखिएका छन् । यसको औसत मूल्य एकमुष्टमा निकाल्दा वा एक स्टलको १२ लाखको रेसियोमा माल रहेछ भने पनि २१७ स्टलको २६ करोड ४ लाखको मूल्य देखिन आउँछ । भौतिक संरचना र माल (वस्तुको) सबै मूल्य जोड्दा ३६ करोड ८९ लाख जति पर्न आउँछ ।

२०६९ बाट लगातार ४ वर्ष सम्म आत्तनो स्टललाई लगानी र स्याहारसुसार गरेपछि स्टलहरूका नयाँ नयाँ रूपहरू फेरिए । पसलको भुई ढलान गर्ने, विभिन्न किसिमका टासी राख्ने, कपडा चेन्ज रुमहरू, लकर निर्माण, वाइरिङ्ग आदि आदि सुविधा पसलहरूमा थपिदै गए । निरन्तरको गतिशील प्रवाहमा आफूलाई ढाल्दै जाँदा सवै व्यवसायीहरूले आफनो स्टलको न्यूनतम मूल्य करिब ५ (पाँच) लाख बराबरको पुर्याए । कसै कसै सिपालु व्यापारीहरूको पसलको डेकोरेशन हेर्दा १० (दश) लाख सम्मको देखिन्छ ।

यदि हामीले न्यूनतम मूल्यकै हिसाब गर्ने हो र एक स्टलको ५ लाख मात्रै राख्ने हो भने पनि २१७ स्टलको १० करोड ८५ लाख त भौतिक संरचनाको मूल्य देखिन आउँछ । यसमाथी हरेक स्टलमा न्यूनतम १० लाखदेखि अधिकतम ३० लाखसम्मको माल (वस्तु) बेच्न राखिएका छन् । यसको औसत मूल्य एकमुष्टमा निकाल्दा वा एक स्टलको १२ लाखको रेसियोमा माल रहेछ भने पनि २१७ स्टलको २६ करोड ४ लाखको मूल्य देखिन आउँछ । भौतिक संरचना र माल (वस्तुको) सबै मूल्य जोड्दा ३६ करोड ८९ लाख जति पर्न आउँछ ।

कमिला र मौरीले झै काम गरेर आज सस्तो बजारका २१७ जना व्यवसायीहरूले पोखराको एक उत्कृष्ट ब्राण्डेड बजारको रूपमा स्थापित गरिदिएका छन् र पोखराको गौरव बढाइदिएका छन् । हरेक दिन व्यापारीहरू बिहानको १२ बजेसम्म पोखराकै विभिन्न ठाउँमा रहेका होलसेल पसलहरू चाहर्छन् र आफूले आफनो पसलमा बेच्न सक्ने आइटम छान्छन् । त्यसलाई आफै पोको पारी आफनै टाउकामा नाम्लो लगाई कूर्लुम्तै भारी बोकेर पसल आउँछन् र व्यापारमा वस्छन् । यसो गरी सक्दा दिनको १:०० बजिसकेको हुन्छ । वास्तवमा सस्तो बजार हरेक दिन दिउँसो १ बजेदेखि बेलुका ८:०० बजेसम्म सक्रिय हुने बजार हो । तरकारी र फलफूलका स्टलहरू चाहीं बिहानैदेखि सक्रिय हुन्छन् ।

आफनो पहिचान र कर्तव्यको गहन जिम्मेवारीका साथ सान्दार ढंगले अगाडि बढिरहेको यस बजारमा हालको अवस्थामा एकदमै तनाव स्थिति छ । यो तनाव किन भइरहेछ ? आउनुस यसबारे पनि हामी छलफल गरौं । पोखरा सस्तो बजार जहाँ अवस्थित छ, खास रूपमा यो जग्गाको स्वामित्व नेपाल वायुसेवा निगम, क्षेत्रिय कार्यालय पोखराको नाममा छ । यो उसैले भाडामा लगाएको जमिन हो । तर उसले के भनेको छ भने उसले पहिला भाडामा दिएको व्यक्ति कृष्णप्रसाद श्रेष्ठको सहमति २०७२ चैत मसान्तमा सकिएको छ । नयाँ सहमति काठमाडौंवासी राजेन्द्रबहादुर गोर्खाली (राजु गोर्खाली)सँग भएको छ ।

कृष्णप्रसाद श्रेष्ठसँग मासिक ३०,०००।( मात्र भाडा बुझ्दै आएको वायुसेवा निगमले आज किन एकाएक ११ लाख भाडा लिने निर्णय ग¥यो ? ११ लाख भाडा उठाई तिर्छौं भनेर राजु गोर्खालीले किन त्यस्तो सहमति गरे । यसै वर्षको कार्तिक ८ गते पहिलोपटक र मंसिर १ गते दोस्रोपटक 'स्टल बुकिङ्ग सम्बन्धमा' भन्ने व्यहोराको सस्तो बजार व्यवसायीहरूलाई तर्साउने र आतंकित पार्ने गरी राजेन्द्रबहादुर गोर्खालीको 'सूर्यदिल ग्रुप इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. काठमाडौंको तर्फबाट पूर्ण बहादुर पाठक र टंक प्रसाद खतिवडाले धम्कि पत्र चुल्ठे, मुन्द्रेबाट किन बाँडे ? युवराज खतिवडा भन्ने कहलाएको गुण्डा नाइकेलाई मासिक ५,५००।- भाडा र डिपोजिट वापत ५०,०००।- किन बुझाउनु पर्ने ? फागुनको सुरुवाती दिनबाट दिनहुँ जसो युवराज खतिवडाले सस्तो बजार क्षेत्रमा दिन दहाडै किन हुलदंगा र आतंक मात्र मच्चाउने खेती गर्दछ ? युवराज खतिवडा कून शक्तिको आदेशमा उच्छृङ्खल भएको हो ? यो बारेमा व्यवसायी जान्न चाहन्छन् ।

यो विषयमा प्रमुख जिल्ला अधिकारीको रोहवरमा २०७३ फागुन १७ गते सर्वदीलय, सर्वपक्षीय बैठक पनि बसिसकेको छ । वायुसेवा निगम क्षेत्रीय कार्यालय पोखराका प्रमुख विजय बस्नेतले रेन्ट कमिटीले तोकेको मासिक भाडा दर २,९४,००० को दरलाई उल्लंघन गरी ११ लाख कायम किन गरे ? यो ११ लाखमा मिलाएवापत उनको कमिशनको हिस्सा कति छ ? विजय बस्नेतले युवराज खतिवडालाई सस्तो बजार क्षेत्रमा आतंक मच्चाउन किन पठाउँछन् ? सि.डि.ओ. साहेबले बोलाउनु भएको मिटिङमा उपस्थित भएर बोल्ने सबै जिम्मेवार व्यक्तिहरूले भन्नुभएको थियो 'सस्तो बजारलाई न्याय देउ' त्यस बैठकमा सहमतिको बाटोबाटै सस्तो बजारलाई न्याय दिने सहमति भएको थियो । यतिका दिन बितिसक्दा पनि सस्तो बजारले किन न्याय पाइरहेको छैन ? युवराज खतिवडाको सस्तो बजार माथिको हर्कत किन रोकिदैन ? पानी, बत्ती, शौचालय, पार्किङ, सुरक्षा र सुविधाको क्षेत्रमा निकै प्रभावकारी भूमिका निभाउँदै अघि बढेको व्यवस्थापन समिति र यसका पदाधिकारीहरूमाथि विविध षड्यन्त्र किन ? आज सस्तो बजारको एउटै छानामुनि केन्द्रित भाएको जग्गाको मूल्यबाहेक करिब ३६ करोड ८९ लाखको २१७ परिवारको संपत्ति रक्षा कसरी हुन सक्छ ?

वायुसेवा निगम क्षेत्रीय कार्यालय पोखराका प्रमुख विजय बस्नेतले कमिसनको आसमा ¥याल चुहाउँदा सस्तो बजार अस्तव्यस्त हुँदैछ । रक्षकलाई भक्षक हुनबाट कसरी जोगाउने ? यसबारेमा जिल्लाका क्रियाशील राजनीतिक पार्टीहरू, स्थानीय राज्य प्रशासनका सबै अड्डाहरू, पोखरा उद्योग वाणिज्य संघ, पोखरा उपमहानगरपालिका, पोखरा उपत्यका, नगर विकास समिति, नेपाल पत्रकार महासंघ, नागरिक समाजको सञ्जाल कास्की, स्थानीय शान्ति समिति कास्की, बुद्धिजीवी सर्कल, राष्ट्रिय घरभाडा सरोकार समिति र सम्पूर्ण जनसमुदायहरूले एक पटक पोखरा सस्तो बजारका व्यवसायीको हकहित र अधिकारको बारेमा आवाज बुलन्द पार्न जरुरी छ ।

सस्तो बजार वासिहरूको माग जायज छ । उनीहरूले भनेका छन् 'रेन्ट कमिटीले तोकेको भाडादर सिधै वायुसेवा निगमलाई बुझाउने व्यवस्था मिलाइयोस्' यो माग जायज छ । आउनुस् तपाई हामी सबै मिलि सस्तो बजार व्यवसायीमाथि विजय बस्नेत, यूवराज खतिवडा र टंक खतिवडाबाट थुपरिएको गुण्डा आतंकको प्रतिवाद गरौं । रेन्ट कमिटीले तोकेअनुसार मासिक २,९४,०००।- भाडा सिधै वायुसेवा निगमलाई बुझाउने व्यवस्था गरौं । यो नै राज्यको मोडेल काम हुनेछ ।

# उत्पादन पद्धतिका प्राथमिक तत्वहरू



● ईश्वर ढुंगेल

हरेक बस्तु , विषयको गहिरो अध्ययन गर्न गहिराईमा पुग्नै पर्छ । यो ब्रह्माण्ड क्वार्क, प्रतिक्वार्क, लेप्टोन, प्रतिलेप्टोन र मेडिएटर जस्ता प्राथमिक तत्वहरू मिलेर बनेको छ । आजसम्मको वैज्ञानिक खोजबाट यी तथ्यहरू प्रमाणित भैसकेका छन् बाँकी भविष्यकै गर्भमा छोडि दिउँ । उत्पादन पद्धतिको अध्ययन गर्दा त्यसको पनि प्राथमिक तत्वसम्म पुग्नै पर्ने हुन्छ । यसकारण मार्क्स लेख्दछन् 'बुर्जुवा समाजमा श्रमबाट उत्पादित कच्चा वस्तुको रूप अथवा कच्चा वस्तुको मूल्य मूल्यको रूप आर्थिक कोशिकाको रूपमा हुन्छ ।' वस्तु ( प्राकृतिक वस्तु , कच्चावस्तु , तयारी वस्तु ) श्रमका साधन तथा ऊर्जा, श्रम, मूल्य, मुद्रा उत्पादनका प्राथमिक तत्वहरू हुन् ।

यो ब्रह्माण्डमा प्राणीहरूले खास गरी मानिसहरूले (किनकि मानिसहरूका क्रियाकलापहरूका बारेमा चर्चा गरिरहेका छौं) उत्पादन गर्दा वा बाँच्नका लागि सङ्घर्ष गर्दा प्राकृतिक परिवर्तनका क्रममा आउँने विभिन्न अवरोधसँग सङ्घर्ष गर्दै, अगाडि बढ्नु पर्छ । प्राकृतिक वस्तु जुन हाम्रा लागि आवश्यक छ त्यसको प्राप्ति जहिले पनि प्रतिकुल हुन्छ । हामीले व्यवहारमा पनि भोगिरहेका छौं । कुनै पनि वस्तुलाई उपयोग गर्न लायकको (योग्य) बनाउन जति मेहनत गर्नुपर्छ , विगार्न त्यसको सतांशमा एकांश पनि मेहनत गर्नु पर्दैन । बाँच्न र उत्पादनका लागि गरिने सङ्घर्ष निरन्तर प्रक्रिया हो र यो ऐतिहासिक हुन्छ ।

**प्राथमिक तत्वहरू**

१. **वस्तु**

**क) प्राकृतिक वस्तु** : प्रकृतिमा पाइने हावा र प्रकाश बाहेक सबै वस्तु उपयोग गर्न श्रम लगाउनु पर्छ । यस प्रकृतिमा पाइने र त्यसमा मानव श्रम नलागेका वस्तुलाई प्राकृतिक वस्तु भनिन्छ । ती वस्तुहरूमा कुनै न कुन गुण हुन्छ ।

**ख) कच्चा वस्तु** : प्राकृतिक वस्तुमा केही श्रम लगाए पछि उपयोग गर्न सकिन्छ र त्यसमा श्रम जोडिए पछि त्यसको मूल्य हुन्छ । उक्त वस्तु उपयोग गर्न त्यसको मूल्य भूक्तान गर्नुपर्छ । तर दक्षिणा, सलामी, उपहार जस्ता (मूल्य नलिइकन दिइने) वस्तुको मूल्य हुदैन । कच्चा वस्तु/माल (commodity)मा निश्चित रूपको निश्चित मात्रामा श्रम लागेको हुन्छ र त्यस्ता अधिकांश वस्तुहरूमा पुन श्रम लगाए पछि मात्र ती तयारी वस्तु (goods) बन्दछन् ।

**ग) तयारी वस्तु** : जुन वस्तुलाई हामी आफै तयार गरेर वा बजारमा मूल्य तिरेर ल्याएको भए पनि त्यस वस्तुमा थप श्रम नलगाइकन प्रयोग गर्न सक्छौं, त्यो वस्तु तयारी वस्तु हो ।

२. **उत्पादनका साधन**

पुनर्उत्पादनको क्रममा आफूलाई आवश्यक पर्ने वस्तु हात गोडा र मस्तिष्कको सहायताले मात्र संभव नभएकोले आवश्यकता अनुसार काट्ने, खन्ने, खोप्ने औजार उपकरण र मेशिनहरूको क्रमिक विकास हुँदै माइक्रो रोबोट र रकेटसम्मका यन्त्र तथा उपकरण र भवनहरू निर्माण भएका हुन् यस्ता यन्त्रहरू अरू कति थपिने हुन् यस बारेमा अहिलेलाई यत्ति नै । यस्ता औजार, उपकरण तथा यन्त्रहरू उत्पादन प्रक्रियामा मानिसहरूको निरन्तर र ऐतिहासिक अनुभवको सामुहिक प्रयासको उपलब्धि हो । उत्पादन विकासको क्रममा मानव श्रमले मात्र असीमित उत्पादन सम्भव नभए पछि ऊर्जाको विकास भएको हो यसले मेशिनलाई छिटो चल्ने बनाउँछ ।

३. **श्रम**

कुनै पनि प्राकृतिक वस्तु (हावा र प्रकाश बाहेक) लाई उपयोग गर्न श्रम नलगाई हुदैन यसकारण वस्तुको उपयोगिता श्रममा आधारित हुन्छ । सामान्यतः श्रम दुई प्रकारका हुन्छन् सरल श्रम र जटिल श्रम । सरल श्रम सामान्यतः बल लगाएर मात्र पनि गर्न सम्भव हुन्छ भने जटील श्रम गर्न बल सँगसँगै ज्ञान र सिपको पनि आवश्यकता पर्दछ । श्रमले नै मानिसलाई जीवन्त राख्दछ अर्को शब्दमा पुनर्उत्पादन गर्नको लागि ऊ योग्य बन्छ । निरन्तर श्रम गर्नाले मानिसको चेतना मात्र नभई शारीरिक अङ्गको पनि विकासका साथसाथै कालक्रमिक रूपमा योग्य तथा सक्षम मानिस बन्दै जान्छ । हामी धान, मकै, गहूँ तथा आलुको खेती गर्दछौं, त्यो प्राकृतिक रूपबाट खान योग्य भए पछि पनि हामीले त्यसलाई खान थप श्रम गनुपर्छ । अर्को कोणबाट हेर्ने हो भने जङ्गली धान, मकै आदिमा हाम्रो श्रम परेको छैन तर पनि हामी त्यसलाई बिना श्रम सोझै उपभोग गर्न सक्दैनौं त्यसमा भएको भूस र खोस्टा हटाउन श्रम नलगाई हुन्न । यसकारणले हामीले उपयोग गर्ने वस्तु श्रमको उपज हो । श्रम शक्ति वस्तुको रूपमा पनि प्रयोग हुन्छ । जोसँग बिक्रीको लागि श्रम शक्ति बाहेक अरू केही छैन, उसको लागि श्रम शक्ति वस्तु हो । एउटा मजदुरले निश्चित कामका लागि निश्चित समय निश्चित मूल्यमा आफ्नो श्रम शक्ति बिक्री गर्दछ । यसकारण मार्क्स लेख्दछन् 'श्रम शक्तिको मूल्य मजदुरको जीवन निर्वाहको लागि आवश्यक साधनहरूको मूल्य हो ।'

४. **मूल्य**

वस्तु दोहोरो मूल्यको रूपमा हुन्छ । एउटा उपयोगी मूल्य, अर्को विनिमय मूल्य । उपयोगी मुल्य उपभोक्ताले उपयोग गरे वापत भुक्तान गर्ने मूल्य हो । अर्को अर्थमा उत्पादकले कच्चा पदार्थको रूपमा खरिद गर्ने मूल्य उपयोगी मूल्य हो । विनिमयको लागि उत्पादन गरिने वस्तुको मूल्य विनिमय मूल्य हो । अर्को वस्तु किन्न आफूसँग भएको बस्तु बेच्नु पनि विनिमय मूल्य हो । कुनै पनि उपयोगी वस्तुको मूल्य यसकारण हुन्छ त्यहाँ अमूर्त मानव श्रम लागेको हुन्छ । उपयोग गर्न योग्य वस्तु बनाउनको लागि श्रम अनिवार्य हुन्छ । जहाँ श्रम लागेको हुन्छ त्यहाँ मूल्यको भौतिक रूप हुन्छ अर्थात् त्यो वस्तु उपयोगि हुन्छ । कुन वस्तुको कति मूल्य भन्ने प्रश्नमा त्यस वस्तुमा कति श्रम लागेको भन्ने कुराले निर्धारण गर्दछ । श्रम मापनको आधार के भन्ने प्रश्नको उत्तर वस्तुमा लागेको श्रम अवधि नापेर दिन सकिन्छ । श्रम अवधि नाप्ने आधार महिना, हप्ता, दिन र घण्टा हो । कुनै वस्तु उत्पादनमा कस्ले कति श्रम लगायो भन्दा पनि उक्त वस्तुमा कति सामाजिक श्रमकाल लागेको छ भन्ने कुराले निर्धारण गर्दछ । यसले के स्पष्ट हुन्छ भने श्रम नै मूल्यको आधार हो ।

५. **मुद्रा**

द्रव्य (धातु) सुन वा चाँदीको बहुआयामिक उपयोग हुन्छ । यस कारण यो सर्वग्राह्य तथा सर्वस्वीकार्य पनि हुन्छ । यसको उत्पादनमा श्रमको मात्रा बढी लाग्ने भएकोले यसको मूल्य पनि बढी हुन्छ । यसलाई सानो इकाईमा टुक्रा पार्न पनि सकिने, संचय गर्दा कम ह्रास हुने, बहुउपयोगी, थोरै पनि खरिद, विक्रि हुने भएको र सर्वसुलभ पनि छ । यही विशेषताले यो द्रव्य मुद्रामा रूपान्तरण भएको हो । कम मूल्य भएको र मात्रामा पनि बढी देखिने वस्तुहरू वस्तु विनिमय प्रणालीमा असुविधा भएका कारण सर्वगुण सम्पन्न सुन र चाँदी विनिमयको माध्यम तथा मुद्राको रूपमा प्रयोग भएको हो । सामान्यतः मुद्राका पाँचवटा काम हुन् । १) मूल्यको मापन गर्नु, २) विनिमयको माध्यम, ३) सञ्चयको साधन, ४) भुक्तानीको साधन र ५) अन्तरराष्ट्रिय मुद्राको रूपमा काम गर्नु ।

सबै किसिमका उत्पादन प्रक्रियाहरू यिनै तत्वहरू बिचको अन्योनक्रियाबाट नै सञ्चालन हुन्छ ।

## आफ्नै...

गरिदा त्यस क्षेत्रमा खाद्य सामग्रीको अभाव हुन थालेको छ । करिब एक महिनादेखि गोर्खा जनमुक्ति मोर्चाले अलग गोर्खाल्याण्डको मागसहित दार्जिलिङ पहाडका क्षेत्रमा आमहड्ताल सहित आन्दोलनका कार्यक्रम जारी राखेको छ । गोर्खाल्याण्ड आन्दोलनका कारण त्यस क्षेत्रको जनजीवन नराम्ररी प्रभावित भएको छ ।

आम हड्तालका कारण खाद्यान्न, पेट्रोलिय पदार्थसहित दैनिक उपभोग्य वस्तुको अभाव सुरु भएको छ । आम हड्तालका क्रममा पश्चिम बंगाल सरकारले पहाडी क्षेत्रमा नाकाबन्दी समेत गरेका कारण दार्जिलिङसहित आसपासका जनता दैनिक उपभोग्य वस्तु खरिद गर्नका लागि करिब ३० किलोमिटर टाढा नेपालको इलाम जिल्लासम्म आउन थालेका छन् । भारतले त्यस क्षेत्रमा निर्माणलगायतका सामग्री पठाएपनि खाद्य सामग्री ढुवानी गर्न दिएको छैन ।

यसैबीच गोर्खाल्यान्ड आन्दोलनका क्रममा पश्चिम बंगालको सिलिगुडीमा सिक्किम जाने सवारी साधनमाथि भइरहेको तोडफोड, चालकमाथिको कुटपिट र बंगाल सरकारले लगाएको नाकाबन्दीविरुद्ध कडा रूपमा प्रस्तुत भएका छन् ।

उनले दक्षिणमा सिक्किमको समस्या र उत्तरमा चीनको चलखेलका कारण सिक्किम दोहोरो मारमा परेको भन्दै यसरी स्यान्डविच हुनका लागि भारतमा नगाभिएको स्पष्ट पारेका छन् । उनले भनेका छन्, 'हामी भारतको संघीय व्यवस्थाभित्र छौं । सिक्किम भारतको २२ औं राज्य हो । हामीले सिक्किमलाई भारतमा गाभेर देशभक्ति देखाएका हौं ।'

तीन साताभन्दा लामो समयदेखि जारी गोर्खाल्यान्ड आन्दोलनका क्रममा दिनहुँजसो सुरक्षाफौज र प्रदर्शनकारी गोर्खा जनमुक्ति मोर्चाका कार्यकर्ताबीच भिडन्त हुने गरेको छ ।

शनिबारमात्रै प्रहरीले प्रदर्शनकारीमाथि गोली चलाउँदा तीन जनाको मृत्यु भएको छ । सोदानमा शुक्रबार राति सुरक्षाकर्मीको गोलीबाट एक युवकको मृत्यु भएपछि दार्जिलिङमा तनाव बढेको थियो । स्थिति नियन्त्रणमा लिन भन्दै शनिबार फेरि सेना परिचालन गरिएको छ ।

शनिबार दार्जिलिङका साथै कालिम्पोङ, खरसाङ र मिरिकलगायतका क्षेत्र तनावग्रस्त बने । सुरक्षाकर्मीसँग भएको झडपमा तुङसुङका ३७ वर्षीय सुरज सुन्दास र सिंहमारी रोपवे क्षेत्रका समिर गुरुङको मृत्यु भएको हो । घटनामा केही सुरक्षाकर्मीका साथै थुप्रै प्रदशनकारी पनि घाइते भएका छन् ।

सेना परिचालनपछि दार्जिलिङ शहरको अवस्था केही नियन्त्रणमा आएपनि अन्य स्थानमा तनाव झनै बढेको छ ।

सुरक्षाकर्मीले निहत्था युवकलाई गोली हानेको भन्दै आक्रोसित प्रदर्शनकारीले पुलिसको गाडीमा तोडफोड गरेको थियो । दार्जिलिङ प्रहरी डीएसपी र ट्राफिक पुलिस कार्यालयको सामान बाहिर ल्याएर जलाएका छन् भने जजबजारमा रहेको त्रिणमुल कांग्रेसको कार्यालयमा आगजनी गरेका छन् ।

पश्चिम बंगालकी मुख्यमन्त्री ममत बनर्जीले भने पहाडका पार्टीहरूलाई शान्ति कायम राख्न आह्वान गरेकी छन् । उनले पहाडी क्षेत्रमा शान्ति कायम गरिए वार्तामा बस्ने समेत बताएकी छन् । आन्दोलनकारीले भने यसअघि नै केन्द्र सरकारसँग मात्रै वार्ता गर्ने स्पष्ट पारिसकेको छ । नेपाली भाषीको बाहुल्यता रहेको पहाडी क्षेत्रमा पनि बंगाली भाषा अनिवार्य गरिएपछि त्यस क्षेत्रमा जनता आन्दोलित बन्दै आएका छन् ।

# विश्व कम्युनिष्ट आन्दोलनबारे भाइचराहरूको दृष्टिकोण

● **पिबिएसपि/बंगलादेश**

दुःखकासाथ भन्नुपर्दछ कि यतिबेला आन्दोलनको स्थिति राम्रो छैन ।

१९७६ सालमा माओको मृत्यु भएपछि संशोधनवादीहरूले प्रतिक्रान्तिकारी 'कू'मार्फत् समाजवादी चीनमा राज्यसत्ता कब्जा गरेर चीनलाई एउटा पुँजीवादी देशमा परिणत गरेका थिए । यसको फलस्वरूप विश्वमा समाजवादी देशको अस्तित्व रहेन र करीव ५० वर्षको लामो अवधिपछि साम्राज्यवादी र समाजवादी विश्व व्यवस्थाका बिचको अन्तरविरोध सकियो । यसले विश्व कम्युनिष्ट आन्दोलनमा एउटा ठूलो



आधात पुऱ्याएको थियो ।

तर, विश्व कम्युनिष्ट आन्दोलनमा आईपरेको यहि नकारात्मक विकासको मुकाविला गर्नका लागि संसारका विभिन्न क्षेत्रका माओवादीहरूले एउटा अभियानलाई अगाडि बढाए र १९८४ मा विश्वभरिका माओवादीहरूको एकताको केन्द्रका रूपमा 'रिम' गठन गरे । भारत तथा फिलिपिन्सका माओवादीहरूको एउटा हिस्सा रिममा जोडिएन तर रिमको नेतृत्वमा माओवादीहरूले सिद्धान्त र प्रयोगको क्षेत्रमा र विशेषतः कम्युनिष्टहरूको एउटा अन्तर ाष्ट्रिय संगठन निर्माणको क्षेत्रमा महत्वपूर्ण अनुभव आर्जन गरे र पर्याप्त विकास गरे । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका विगतका अनुभवहरूको समीक्षा गर्दै, अन्तर्राष्ट्रिय आम कार्यदिशाको निर्माण गर्दै, नयाँ प्रकारको अन्तर्राष्ट्रिय निर्माणको क्षेत्रमा सकारात्मक अनुभव आर्जन गर्दै, पेरुमा जनयुद्धको विकास, नेपालमा जनयुद्धको विकास, भारत, फिलिपिन्स, बाङ्गलादेश तथा टर्की समेत विभिन्न देशका क्रान्तिकारी संघर्ष तथा जनयुद्धको क्षेत्रमा महत्वपूर्ण प्रभाव विस्तारलगायतको प्रक्रिया पारगर्दै दुई दशकसम्म रिम अगाडि बढ्यो । यो विकास अन्तरविरोध रहित भने थिएन र त्यस्तो हुनु संभव पनि थिएन । रिमले मुलतः एकताबद्ध रहेर यसले विभिन्न गलत कार्यदिशा र विचारधारका विरुद्ध भित्र र बाहिर महत्वपूर्ण लाईन संघर्ष चलायो ।

तर, रिमको यो अग्रगतिको बाटोमा पहिलो दशकको दोस्रो खण्डदेखि नै अडचनहरू देखापर्न थालेका थिए । यसको कारण रिमका नेतृत्वदायी कतिपय पार्टीहरूका बीचमा देखापरेका भडकाब र गलत कार्यदिशा थियो । रिमभित्र गंभीर मतभिन्नता देखापऱ्यो, जुन पछिगएर दुई-लाईन संघर्षको रूपमा विकसित भयो । परिणामतः अन्तसम्म आईपुग्दा रिमपन्थीहरूको विचमा ठूलो विभाजन देखापऱ्यो र रिम पूर्णतः निस्कृय भयो ।

वास्तवमा, जेलमा बन्दी बनाईएका नेता गोञ्जालोको नाम जोडेर पेरुको पार्टीमा दक्षिणपंथी अवसरवादी लाईन देखापरे लगत्तै रिमभित्र दुई-लाईन संघर्षको रूपमा ठूलो मतभिन्नता पैदाभएको थियो । तर, त्यही अवसरवादी लाईनको कारणले मात्र पेरुको क्रान्ति विचलित भएको थियो भन्न खोजिएको होइन । त्यो अवसरवादी लाईनकाविरुद्ध पार्टीको तात्कालिन केसले गलत अडान लियो । त्यो अवसरवादी लाईनलाई पार्टीभित्रको दुईलाईन संघर्षको रूपमा परिचालन नगरेर त्यसलाई दुश्मनले गरेको षड्यन्त्रका रूपमा मात्र लिए । यी दुईथरी विपरीत प्रकारका लाइनको एकता दुवै पक्षले गोञ्जालो विचारधाराप्रतिको समर्पण भएको देखिन्छ । तिनीहरू दुवै पक्षले अवलम्बन गरेको लाईनका प्रणेता गोञ्जालो नै रहे । दुश्मनको दमनका कारण कमजोर भएको पेरुको जनयुद्ध र क्रान्तिकारी संघर्षलाई यसले दिशाहीन र भ्रमित बनाई दियो । त्यति मात्र होइन, यसले रिमभित्र पनि विभिन्न गलत विचारहरूलाई जन्म दियो, फुटको बीउ रोपियो । तर, ९०को दशकभरी रिमका नेतृत्वदायी र अन्य सहभागी शक्तिहरूले पेरुको प्रश्नमा एउटा एकताबद्ध मान्यता ग्रहण गरेका कारण रिम अगाडि बढेको थियो ।

पेरुको समस्याको अर्को एउटा स्रोत खुद गोञ्जालोको व्यक्तिगत भूमिकालाई लिएर पैदा भएको तुवाँलो थियो, जसलाई पेरुको पार्टीका नेताहरूले नै सबैभन्दा बढी धुमिलो बनाईदिए । जतिबेला गोञ्जालोको नाममा "शान्ति प्रस्ताब" नामको दक्षिणपन्थी अवसरवादी लाइन अगाडि आयो त्यतिबेला पेरुको पार्टीको केस त्यस सम्बन्धमा अनुसन्धान गर्न समेत तयार भएन । तथापि रिम कमिटीको नेतृत्वमा जति अनुसन्धान भयो र पछि जुन तथ्यहरू बहिर आए त्यसबाट गोञ्जालो जनयुद्धलाई स्थगित गरेर कुनै न कुनै प्रकारको राजनीतिक संभौताको पक्षमा थिए भन्ने कुरामा शंकागर्ने ठाउँ थिएन । तर, वस्तुगत वास्तविकताबाट निर्णय नलिएर रिमभित्र पनि यस्तो एउटा "राजनैतिक सत्य" खोज्ने प्रयत्न गरियो कि गोञ्जालोले कुनै गल्ती गर्दैनन् किनभने उनी एउटा प्राधिकार (जेफे) नेतृत्व थिए । यहि जेफेतुराको सिद्धान्त नै गोञ्जालो विचारधाराको एउटा स्तम्भ थियो, जसले मार्क्सवादी वस्तुवादलाई भन्दा एउटा व्यक्तिवादी दृष्टिकोणलाई शक्तिशाली बनाएको थियो । यही अमार्क्सवादी दृष्टिकोण पेरुको पार्टीभित्रको दुईलाईन संघर्षलाई अगाडि बढाउने र त्यसबाट क्रान्तिकारी कार्यदिशाको विकास गर्ने बाटोमा अवरोधका रूपमा देखा पऱ्यो, त्यसले नेता कार्यकर्ता साथै जनसमुदायलाई परिस्थितिबारे सचेत गराउन सकेन र परिणामतः पेरुको क्रान्तिमा एउटा विपत्ति आईलाग्यो । उपरोक्त जेफेतुरा विचारधारा क्रान्ति र पार्टीमा संकट पैदा भएको कुरालाई स्वीकृति दिनसमेत सकेन, जसको प्रभाव रिममा पनि परेको थियो । यी सबैकुरा पछि रिमको पुनर्गठनगर्ने प्रयास (पहिले रिमको सदस्य रहेका कमरेड अजितले नेतृत्व गरेको भारतको एनवि, ईटलीको माओवादी पार्टी र अफगान माओवादी पार्टीले २०११मा आयोजना गरेको एउटा स्पेशल मिटिङ्ग) गरिएको बेला पनि देखिएको थियो, जसमा हाम्रो स्पष्ट मतभिन्नता रहेको थियो ।

यहि गलत दृष्टिकोणको अंशका हिसावले 'विचारधाराका'का सम्बन्धमा त्यति बेलाको रिमभित्र एउटा गलत चिन्तनको विकास भएको थियो, जसले प्रत्येक देशमा मालेमाको प्रयोग गर्ने सन्दर्भमा अलग-अलग विचारधारा आवश्यक हुन्छ भन्ने मान्दथ्यो । यसले मालेमा र कम्युनिष्टहरूको आदर्श अन्तर ाष्ट्रियतावादका विपरीत अन्धराष्ट्रवादी भडकाव पैदा गर्दछ, जसलाई हाम्रो देशमा पनि एसएस-विचारधारा र सिएम-शिक्षाका रूपमा प्रचार गरेको देख्न पाईन्छ । कम्युनिष्टहरू अन्तर्राष्ट्रियतावादी हुन्छन् र तिनीहरूको विचारधारा अन्तर ाष्ट्रियतावाद हो । त्यसकारण, कम्युनिष्ट विचारधाराले प्रत्येक देशमा अलग-अलग विचारधारा हुनुपर्छ भन्ने कुरा मान्दैन । उपरोक्त प्रकारको अन्धराष्ट्रवादी भड्काव २००१ देखि 'प्रचण्ड पथ'को नामबाट नेपालको क्रान्तिमा पनि देखिन थाल्यो । 'पथ' भनिए पनि त्यो विचारधारा नै थियो । यसरी रिमभित्र समेत पेरुको विचारधारात्मक समस्याले व्यापक विस्तार गऱ्यो जुन पछि गएर रिम लोप हुनुका पछाडिको एउटा महत्वपूर्ण कारण बनेको छ । रिम लोप हुनुका पछाडिको एउटा कारण पेरुको पार्टीको यो भडकाव थियो भन्ने कुरा नमान्नु अहिलेसम्म पनि एउटा समस्या रहेको छ । यो रिमको पुनर्गठनको सन्दर्भमा एउटा ठूलो अबरोध हो ।

माओवाद तथा जनयुद्धको सार्वभौमिकता ग्रहण गर्ने सन्दर्भमा गोञ्जालो र पेरुको पार्टीले ८०को दशकमा योगदान दिए पनि र तिनीहरू सुरुबाट नै रिमको सदस्य भए पनि रिममा तिनीहरूको भूमिका कहिल्यै पनि धारावाहिक र सुदृढ रहेन । त्यसरी नै, अन्तर्राष्ट्रिय सन्दर्भमा 'मूख्यतः माओवाद' र राष्ट्रिय सन्दर्भमा 'प्रधानतः गोञ्जालो विचारधारा'को नयाँ सूत्र ल्याएर तिनीहरूले सिद्धान्त र विचार प्रतिको निष्ठा र मान्यताको क्षेत्रमा अर्को एउटा भ्रम सिर्जना गरे । जनयुद्धको सार्बभौमिकताको प्रश्नमा, पुंजीवादी-साम्राज्यवादी देश तथा साम्राज्यवादद्वारा उत्पीडित देशका सन्दर्भमा तिनीहरूमा अस्पष्टता देखियो, कुनै कुनै पार्टीले साम्राज्यवादी देशहरूमा पनि "दीर्घकालिन जनयुद्ध"को रणनीति लागु हुन्छ भन्ने भनाईमा हामीले त्यसको प्रभाव देख्यौं । यो सबै, रिमभित्र पहिल्यै देखि नै बहस-छलफलको विषयका रूपमा रहे पनि पछि रिम विभाजनका बेला अन्तर्राष्ट्रिय रूपमा र देश-देशमा यो सैद्धान्तिक बहसको ठूलो भूमिका रह्यो ।

त्यसकारण यो भन्न सकिन्छ कि रिमले पेरुको शान्ति-वार्ताका विषयमा एउटा क्रान्तिकारी धारणा बनाए पनि पेरुमा विकसित परिस्थितिका सबै विषयमा रिमभित्र एउटै एकताबद्ध धारणा थिएन । तर पनि रिम आधारभूत एकताका आधारमा अगाडि बढेको थियो र मतभिन्नतालाई निवारणगर्न रिम भित्र 'स्ट्रगल' नामको एउटा जर्नल प्रकासन गरेर दुई-लाईन संघर्षलाई विकसित र समाधान गर्न एउटा राम्रो विधी ग्रहण गरेको थियो । तर, यो केही दिन चलेपछि अन्य नकारात्मक विकासले यसलाई अडकाई दियो । यी नकारात्मक विकास मध्ये रिम भित्रको एउटा मूख्य पार्टी नेपालको पार्टीमा विकास भएको संशोधनवादी लाईन थियो, जसलाई पार्टीका मुल नेतृत्व प्रचण्ड र उनका सहयोगी भट्टराईले नेतृत्व गरेका थिए । प्रचण्ड-भट्टराई पेरुको पार्टीको ' विचारधारा'को गलत सिद्धान्तबाट प्रभावित भएर २००१ देखि नै अन्तर्राष्ट्रियतावादबाट पछि हटन सुरुगरे र पार्टीमा अन्धराष्ट्रवादको विकास भयो । यही सेरोफेरोमा उनीहरूले 'फिउजन' सिद्धान्तको नामबाट वस्तुतः दीर्घकालिन जनयुद्धलाई कमजोरपार्न सुरुगरे । २००६मा राजतन्त्रको अन्त पछि यो प्रक्रियाले पूर्णता पायो । समाजवादी समाजमा जनवादको विकासको नाममा २००३ देखि नै वस्तुतः तिनीहरूले १८औं शताव्दीको वुर्जुवा क्रान्तिको सिद्धान्तलाई महिमामण्डित गरेर समाजवादी क्रान्तिको सिद्धान्त र प्रयोगबाट पर सर्न सुरुगरेका थिए । यसको संशोधनवादी सार २००४मा प्रकासित उनीहरूको मूखपत्र 'वर्कर'को 'नयाँ राज्य' नामको लेखबाट व्यक्त भयो र यसले राज्यसत्ता सम्बन्धि मार्क्सवादी मान्यतालाई कमजोर बनाईदियो । यो भडकाव २००६ सालमा राजतन्त्रको अन्त भएपछि नेपालका दलाल पूंजीपतिसंग मित्रताको बाटोखोल्ने सैद्धान्तिक आधार बन्न गयो र नयाँ जनवादी क्रान्तिको 'उपचरण'को नाममा वस्तुतः दलाल पूंजीपतिवर्गले आफ्नो नौका पार लगाउने मौकापाए । नयाँ जनवादी क्रान्तिबाट यसरी माओवादीहरू पछिहटे । तर यो सबै उनीहरूले मार्क्सवादको विकासको नाममा गरेका थिए । परिणामतः नेपालको संभावनायुक्त क्रान्तिको विसर्जन भयो । विश्व क्रान्तिको एउटा अपूरणीय क्षति भयो ।

रिम भित्रका यी सबै नकारात्मक परिघटनाका विरुद्ध रिमको एउटा सँस्थापक पार्टी र नेतृत्व अमेरिकाको माओवादी पार्टी, आर.सी.पी.ले महत्वपूर्ण संघर्षको सुरुआत गऱ्यो । तर छिटै, मालेमाको विकासको नाममा उनीहरूले पहिल्यैदेखि उठाएको विषयले भडकावको बाटो पक्डिसकेको थियो । आर.सी.पी.ले "साम्यवादको नयाँ संश्लेषण"का नाममा एउटा नयाँ अवधारणा अगाडि ल्यायो । उनीहरूले १९१७को रुसी क्रान्ति अथवा, १८७१को पेरिस कम्युन अथवा १८४८मा कम्युनिष्ट घोषणापत्रको प्रकासन भएपछि सुरु भएको साम्यवादी आन्दोलनको प्रथम चरण १९७६मा माओको मृत्यु र चीनको प्रतिक्रान्तिसम्म पुग्दा समाप्त भएको दावीगरे । उनीहरूको विचारमा पहिलो चरणको सैद्धान्तिक आधारको हिसावले मालेमाको प्रधान एवं धेरै सकारात्मक योगदान थियो तर त्यसका साथै यो संघर्षमा यसका कतिपय गंभीर नकारात्मक पक्षहरू पनि थिए र यी सबै गल्तीबाट साम्यवादी सिद्धान्तलाई मुक्त गरे मात्र आन्दोलनलाई अगाडि बढाउन संभव छ । यसको अर्थ हो कम्युनिष्ट क्रान्तिलाई अगाडि बढाउनका लागि मालेमा अब पर्याप्त छैन । यो स्थितिमा नयाँ एउटा सैद्धान्तिक संरचना (ँचकभधयचप) आवश्यक भएको छ, जसले विगतका समग्र सैद्धान्तिक संरचनालाई नयाँ गुणात्मक चरणमा अगाडि बढाओस् । यतिबेला आर.सी.पी.ले पार्टी अध्यक्ष वव अभाकियनद्वारा प्रस्तावित ' नयाँ संश्लेषण' (एन.एस.) त्यही नयाँ सैद्धान्तिक संरचना हो, यो अहिले नै पूर्ण भैसकेको छैन, त्यसलाई अरु विकास गर्दै लैजानु पर्दछ भन्ने कुरा गरेको छ ।

तिनीहरूको यो दावीले रिमभित्र व्यापक बहस र विभाजन सृष्टि गर्नपुग्यो । पेरुको क्रान्तिले धक्का खाएको र नेपाली क्रान्तिले पनि बाटो विराएको स्थितिमा आर.सी.पी.को यो अडानले रिम र विश्व माओवादी आन्दोलनमा देखा परेको प्रतिकुलतालाई समाधान गर्नुको सट्टा आन्दोलनलाई अरु कमजोर बनायो । भ्रम र विभाजन व्यापक भयो । विशेषतः आर.सी.पी.को यो दावीका कारण उनीहरू रिमको पुरानो आधार, मालेमा र रिमले आर्जन गरेको अनुभवको आधारमा रिमलाई अगाडि बढाउन अस्वीकार गर्नेतिर लागे । अर्कोतिर, नयाँ संश्लेषणको विरोध गर्दै जांदा रिमभित्रका एनबी र नेपालका केही महत्वपूर्ण शक्ति समेत भिन्न तरिकाले रिमका उपलव्धीलाई त्याग्नेतिर उद्यत भए । रिममा पैदाभएको प्रतिकुलता, विभाजन र निस्कृयता आदिका कारण पहिलेदेखि रिम भन्दा बाहिर रहेका माओवादी शक्तिहरू मध्येका केही पार्टीले रिमको गठनको विरोधलाई सही ठहऱ्याए, जसमध्ये भारतको माओवादी पार्टी पनि पर्दछ । यसरी विश्व माओवादी आन्दोलन तथा क्रान्तिकारी कम्युनिष्ट आन्दोलनमा एउटा गंभीर प्रतिकूल स्थिति पैदा भयो । यो स्थितिलाई एङ्गेल्सको मृत्युपछि दोस्रो अन्तर्राष्ट्रियका संशोधनवादीहरू मार्क्सवादका विपरित चल्न सुरुगरेको तात्कालिन प्रतिकुल अवस्थासंग तुलना गर्न सकिन्छ । त्योबेला महान लेनिनको नेतृत्वमा सैद्धान्तिक तथा वर्ग संर्घषको प्रक्रियाबाट कम्युनिष्ट आन्दोलनले गति प्राप्त गरेको थियो र रुसमा क्रान्ति सम्पन्न भएको थियो । अथवा, यो स्थितिलाई माओको मृत्युपछिको महासंकटको बेला क्रान्तिकारी कम्युनिष्टहरूले रिम गठन गरेर संकटको समाधान गर्न अगाडि बढेको स्थितिसंग पनि तुलनागर्न सकिन्छ । यसरी, क्रान्तिकारी कम्युनिष्ट आन्दोलनमा लाईन-संघर्षले माथि उल्लेखित दुई स्थितिमा जस्तै महत्वपूर्ण र व्यापक एउटा महाविवादको सृष्टि गरेको छ । विश्व कम्युनिष्ट आन्दोलनको अग्रगति यही विवादको क्रममा लिईने निष्कर्षमा भरपर्नेछ । ...बाँकी ६ पेजमा

## सामाजिक सञ्जाल




*भारतीय विस्तारवाद प्रति कांग्रेशको बंशानुगत दलाल प्रवृति र माकेको लम्पसारवादी नीति पनि नक्कली रास्ट्रवादी एमालेको निम्ति जितको एउटा कारण बन्यो !*- ***खगेन्द्र छन्त्याल***



*अरुलाई मतदान गर्ने जनता बेबकुफ आफुलाई मतदान गर्ने जनता महान । आफना वाइप्रोडक्ट पनि स्वादिष्ट अरुका अनाज पनि दुर्गन्धित रे! राजनीतिमा सुध्रिनु र बदलिनु भनेको गाईलाई गधा बनाउनु बरोबर छ, जनतालाई गाली गरेर मताधिकार कै अपमान ?!* - ***सुरेश गौतम***



*जनयुद्धको बेलामा बलिदानी भावनाले ओतप्रोत नेताकार्यकर्तालाई शान्तिप्रकृयामा उद्देश्य प्रति प्रतिवद्ध त्यागी र आदर्शवानको रूपमा बदल्न नसक्नु नै माओवादी हारको महत्वपुर्ण कारण हो । ।*- ***यादव शिवराम***



*आफ्नै सम्माननीय नेताको नाममा खुलेको अस्पतालमा मृगौला तस्करी हुँदा एक शब्द चु सम्म नबोल्ने पार्टीका नेता कार्यकर्ताले गलत नियतले गलत तथ्यसहितको प्रश्नको उत्तर प्रधानमन्त्रीले नदिएको भन्दै सामाजिक सञ्जालमा गरेको रोइलो हेर्न लायक छ ।*- ***केशरमणि कटुवाल***




*हैन स्थानीय चुनाव हुने र मनसुन आउने बित्तिकै के हुन थाल्यो समाजमा !कहिले बिबिसीमा अक्सफोर्डका कुरा ,प्रमको मुङ्गलिन सडक बारे ज्योतिषीका कुर ा,क.रामकुमारी भाक्रीको भोजराज सरको घर अगाडि बोलाउने कुरा, यता मनमोहन अस्पतालमा किड्नी काण्ड !हैट मेरो देश!!!!।*- ***गणेश चितौरे***



*जिवित ८ जना प्रधानमन्त्री भएको मुलुक हो नेपाल । यहाँ सयौं पार्टीमा आवद्ध लाखौं नेताछन् । तर, तिनले आम्दानी योग्य पेशा गरेको देखिन्न । अचम्म छ, यस्ता नेताको घरखर्च चाँही कसरी चल्दो हो ? धेरै वर्षदेखि म यो प्रश्नको उत्तर खोज्दैछु, लौन कसैलाई थाहा छ कि ?*- ***अजय शाह***




*जतिबेला माओवादी जनताको अग्रदस्ता पार्टीको रूपमा आफ्नो गौरवशाली इतिहास निर्माण गर्ने महान अभियानमा भिर पहरोमा, चटानमा, युद्धका राप र निर्ममतामा पनि सिङ्गो मानव जातिको हितमा सभ्यताको नयाँ फुल फुलाउदै थियो त्यतिबेला काङ्ग्रेस एमालेहरू दरबारको भतुवा बनेर जनता माथी आतंक फैलाउदै थिए । आज परिस्थिति फेरिएको छ । दरबार एउटा इतिहास भएको छ । परन्तु दरबारका भतुवाहरू, जनताका रगत चुस्ने उडुस उपियाहरू जनतालाई भ्रम दिएर हामी माओवादी हरूलाई गणतन्त्रको नजिर सिकाउन खोज्दै छन । दरबार सगसगै यिनिहरूको अन्त्य जरुरी थियो, मालिक सगै भतुवाको बिदाई जरुरी थियो । माओवादी नेतृत्व त्यही चुकेको हो । अब यहीँबाट हिसाब शुरु हुन पर्छ । भतुवाहरूलाई गाउँ पस्न दिएर महान गल्ती भएको छ जसको पुनरागमन बर्जित गरिनु पर्दछ । ।*- ***बसन्त बोगटी***



*राणा पंञ्च काग्रेस पनि एकुनताक तहि अहंकार र औकात कुरा गर्थे सत्तासरेपछि भाषा पनि सर्दो रहे छासबैकाउत्थान पतन कोसमय आउछा।*- ***हर्क शाही***



*जीवित ८ जना प्रधानमन्त्री भएको मुलुक हो नेपाल । यहाँ सयौं पार्टीमा आवद्ध लाखौं नेताछन् । तर, तिनले आम्दानी योग्य पेशा गरेको देखिन्न । अचम्म छ, यस्ता नेताको घरखर्च चाँही कसरी चल्दो हो ? धेरै वर्षदेखि म यो प्रश्नको उत्तर खोज्दैछु, लौन कसैलाई थाहा छ कि ? जिवित ८ जना प्रधानमन्त्री भएको मुलुक हो नेपाल । यहाँ सयौं पार्टीमा आवद्ध लाखौं नेताछन् । तर, तिनले आम्दानी योग्य पेशा गरेको देखिन्न । अचम्म छ, यस्ता नेताको घरखर्च चाँही कसरी चल्दो हो ? धेरै वर्षदेखि म यो प्रश्नको उत्तर खोज्दैछु, लौन कसैलाई थाहा छ कि ?* – ***काफ्ले ईश्वरी***



*बिद्वतजन, तपाईं यति पूर्वाग्रही नबन्नुस् ता कि ....तपाईं सन्दर्भबाट बाहिरिएर प्रतिगमन र यथास्थितिको वाहक भनेर तपाईंकै प्रशंसक कुनै दिन भन्न न लागुन् ।* - ***नरेन्द्रजंग पिटर***

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# साहित्यमा नयाँ यथार्थ : एक टिप्पणी

## हिरामणि दुःखी



**सही विचार योजनामा खडा भएको क्रान्तिकारी पार्टीको सचेत पहलकदमी र मृत्यु या मुक्तिको सपथ खाएका उच्च विचारले समृद्ध कार्यकर्ताको सचेत प्रयत्नमा जनयुद्धको शंखनाद गरियो । सुरुका अत्यन्तै पीडादायी क्षणहरू गुजार्दै र अत्यन्तै प्रतिकूल परिस्थितिको सामना गर्दै विकसित जनयुद्धले नयाँ जनसत्ता, जनसेना निर्माण गर्नु महान् कार्य थियो ।**

नेपाली साहित्यिक आन्दोलनमा नयाँ यथार्थ भन्नाले जनयुद्ध सिर्जित यथार्थलाई बुझ्नु पर्दछ । यो पुरानो यथार्थका विरुद्ध युगान्तकारी लक्ष्य लिएर सुरु गरिएको जनयुद्धको प्राप्ती हो । नयाँ यथार्थ निकै पेचिलो अनुभूतिजन्य र उदात्तभावले ओतप्रोत रहेको छ । यो नेपालको राजनीतिक आन्दोलनको नयाँ आयाम हो । किन्तु जनयुद्धलाई योजनावद्ध रूपमा साम्राज्यवादी-विस्तारवादी वर्गको चङ्गुलमा फसेर मुख्य नेतृत्वपङ्क्तिबाटै असफल पारिएको नै किन नहोस् परन्तु यो युगान्तकारी महत्वको विषय रहेको छ । दोस्रो विश्वयुद्धको सेरोफेरोमा तात्कालिन जहाँनियाँ राणा शासनका विरुद्ध उठेको जनविद्रोह सुरुमा राणा शाषकहरूद्वारा दबाइए पनि अन्ततः २००७ साल वरिपरि आउँदा त्यसले राणा शासनलाई नै उखेलेर सदाका लागि फाल्यो । त्यसपछि नेपालमा राजनीतिक चेतनाको निर्माण तीव्रत्तम रूपमा भयो । सोही अनुरूप विचारधाराका हाँगाहरू र तदनुरूपका सङ्गठनहरू पनि जन्मिए । मार्क्सवादी र गैरमार्क्सवादी राजनीतिक दलहरू खुले । त्यसले साहित्यिक क्षेत्रमा निकै भिन्न र अग्रगामी विचारको विजारोण गऱ्यो । साहित्यिक क्षेत्रमा प्रगतिशील/प्रगतिवादी धाराको विकास भयो । सोअनुरूपका लेखन र साहित्यहरू जन्मिए । यसले चारदशकको यात्रा गऱ्यो । त्यसबीचमा क्रान्ति र प्रतिक्रान्तिको शृङ्खला दोहोरिएता पनि नेपाली समाजमा एकखालको चेतनाको निर्माण गर्दै गयो भने राजनीतिक रूपमा मात्रात्मक रूपमै पनि केही परिवर्तनहरू देखा परे ।

विश्व कम्युनिस्ट आन्दोलन निकै रक्षात्मक अवस्थामा रहेको बेला नेपालका उत्पीडित वर्ग, जाति, क्षेत्र र लिङ्गका जनसमुदायले उच्च त्याग र बलिदानीभावका साथ यथास्थितिका विरुद्ध क्रमभङ्ग गर्दै धावा बोले । त्यो विद्रोह जनयुद्धका रूपमा विकास भयो । त्यसले नयाँ सौन्दर्यमूल्यको भव्यतम शिखर निर्माण गरेको छ । यो निकै अद्वितीय रहेको छ । यसले फेरि एकपटक संसारभरका श्रमजीवी वर्गलाई आशाको दीप प्रज्ज्वलित गराएको थियो र छ । वस्तुगत र आत्मगत रूपले दुईवटा पक्ष रहेको यो नयाँ यथार्थ कुरूप संसारको ध्वंस र नयाँ संसारको निर्माणमा आधारित छ । आखिर एउटाको ध्वंसबाट मात्र अर्को निर्माण हुन सक्छ । यो द्वन्द्ववादको नकारको सकार सम्बन्धी नियम पनि हो । मार्क्सले ध्वंसको चर्चा गर्दै पुरानोको ध्वंसले मात्र नयाँ निर्माण गर्न सक्छ भनेका थिए । उनको जोड समाजवाद स्थापनाका लागि क्रान्तिको आवश्यकता छ र क्रान्तिले पुरानोको ध्वंस अनिवार्य हुन्छ भन्नु थियो । नेपालको सन्दर्भमा समाजवाद रणनीतिक प्रश्न भएकाले त्यसलाई प्राप्त गर्न जनवादी क्रान्ति आवश्यक छ । जनवाद प्राप्त गर्नका लागि पनि पुरानोको ध्वंस अनिवार्य थियो र छ । जनयुद्ध यसै मान्यतामा आधारित थियो ।

सही विचार योजनामा खडा भएको क्रान्तिकारी पार्टीको सचेत पहलकद्मी र मृत्यु या मुक्तिको सपथ खाएका उच्च विचारले समृद्ध कार्यकर्ताको सचेत प्रयत्नमा जनयुद्धको शंखनाद गरियो । सुरुका अत्यन्तै पीडादायी क्षणहरू गुजार्दै र अत्यन्तै प्रतिकूल परिस्थितिको सामना गर्दै विकसित जनयुद्धले नयाँ जनसत्ता, जनसेना निर्माण गर्नु महान् कार्य थियो । यो आफैंमा महान् सम्भावना र गम्भीर चुनौतीको संश्लेषण पनि हो । यो नयाँ यथार्थको वस्तुगत पक्ष हो भने यसको आत्मगत पक्ष भनेको त्यही वस्तुगत अवस्थाबाट सिर्जित नयाँ सौन्दर्यात्मक मूल्यवोध, वर्गीय एकत्वभाव, नयाँ ऊर्जा र उदात्तभावको संस्कृति हो । वर्गसङ्घर्षको यस प्रक्रियाले ग्रामीण जनतालाई आवेग, आक्रोश, पीडा र छटपटाहटको तीव्रतम अनुभूति गराएर त्यसलाई विद्रोहको शक्तिमा रूपान्तरित गऱ्यो । जसले पुरातन संस्कृति, मूल्यमान्यतालाई तोड्दै र सदियौंदेखि शोषण दमन गर्दै जनताको रगत र पसिना चुसेर निर्माण गरेको सामन्ती आभिजात्य संस्कृतिको ध्वंस गर्दै त्यसको ठाउँमा वर्गीय, जातीय, क्षेत्रीय असमानता एवम् विभेदको अन्त्य गर्दै साम्यवादी संस्कृतिको बीजारोपण गऱ्यो । यस अवधिमा जनसमुदायबाट लिएर जनसमुदायलाई नै फर्काउने साहित्यकलाको विकास भयो । नयाँ सांस्कृतिक मूल्यबोधका आधारमा सिर्जित साहित्य र कलाले उत्पीडित वर्ग, जाति, भाषा, क्षेत्र र लिङ्गका जनतालाई अग्रगामी परिवर्तन गरी नयाँ नेपाल निर्माण गराउने महाअभियानमा संकल्पबद्ध गराई उदात्तभावका साथ लाग्न हौसल्यायो ।

यिनै त्याग, वीरता र बलिदानका उदात्त, भव्य एवम् सुन्दर आदर्शहरूलाई सङ्केन्द्रित गराएर नेपाली जनयुद्धले विश्व कम्युनिस्ट आन्दोलनलाई एउटा ऊर्जा प्रदान गरेको छ । यसले मालेमावादी सौन्दर्यमूल्य मान्यतामा नयाँ आयाम मार्क्सवादी सौन्दर्यमूल्यबोध प्रदान गरेको छ । यो सचेतन धक्काद्वारा क्रमभङ्ग गर्दै अगाडि बढेर महान् सम्भावनाका समष्टिमा अभिव्यक्त भएको छ । यही नयाँ यथार्थ हो । जो विश्व कम्युनिस्ट आन्दोलन र अग्रगामी प्रगतिवादी धाराको एउटा भव्यतम मौलिक र विशिष्ट परिचय हो ।

जनयुद्धका क्रममा दसौं हजार सहिदहरूको बलिदानद्वारा दुश्मन सत्ताका ‘किलो सेरा टु’, ‘जङ्गल सर्च अभियान’, ‘कर्डन एण्ड सर्च’लगायत पछिल्लो क्रममा आधारइलाकामा चलाइएको पाथिभरा अप्रेशन जस्ता दर्जनौ अप्रेसनहरूलाई धुलो चटाउने कार्य भयो । यसबीचमा सांस्कृतिक अभियन्ताहरूले निकै ठूला मूल्य चुकाउँदै सामूहिक हत्याकाण्डको सामना गर्दै अघि बढे । प्रगतिवादी सांस्कृतिक एवम् साहित्यिक आन्दोलनका शीर्ष व्यक्तित्व, उच्चतम् त्यागका धरोहर कमरेड कृष्ण सेन ‘इच्छुक’ सहित अनेकोट, भावाङ, हार्जङ्, सुकिदह, खारा, दोरम्बा, नवलपरासी, डुङ्गला, मुडभरालगायत सयौं सामूहिक हत्याकाण्डसँग जुध्दै वर्गसङ्घर्षले सामन्तवाद र साम्राज्यवादलाई एकहदसम्म घुँडा टेकायो । फलस्वरूप युद्धले रक्षात्मक अवस्थाबाट प्रत्याक्रमणको दिशामा उच्चतम विजय हासिल गर्दै अघि बढ्यो । यसक्रममा साहित्यिक सांस्कृतिक क्षेत्रमा पनि ठूल्ठूला बलिदानका कीर्तिमानहरू खडा भए । त्यही उत्सर्गको जगमा आधारित भएर साहित्य सिर्जनाले निकै ठूलो फड्को माऱ्यो । युद्धभूमिबाटै उपन्यास, कथा, कविता, गीत, निबन्ध, संस्मरण, पत्रसाहित्य जस्ता साहित्यका थुप्रै विधाहरूमा हजारौं कृतिहरू लेखिए । यसरी प्रगतिवादी धारामा अभूतपूर्व फड्को मार्दै लेखनको तीव्रगतिमा विकास भयो । ठूल्ठूला फौजी कार्वाहीमा जाँदाजाँदै जनसेनाहरूबाट उदात्तभावमा सुन्दरतम् पत्रसाहित्य, संस्मरण, कविता, गीत, कथा लेखेर शब्द र कर्मको समायोजन गर्ने काम भएका छन् र एकैछिनपछि मृत्युको मुखमा पुगिने थाहा भएरै आफ्नो मृत्युपत्र लेखेका उदाहरण दर्जनौ छन् । सगर्व मृत्युवरणको यो भन्दा सुन्दर संस्कृति अरू केही हुन सक्दैन । कृष्ण सेन ‘इच्छुक’को सहादत आफैमा एउटा नयाँ ऊर्जाशील आन्दोलन बनेर खडा भयो । त्यसैगरी स्रष्टाहरू दण्डपानी न्यौपाने, सुरेश वाग्ले, रीतबहादुर खड्का, चुनु गुरुङ, च्याङवा लामा, नारायण घिमिरे, डी.बी. थापा, रोहित कोइराला, पुष्पराज चौधरी, कमल पुन, हर्षबहादुर मल्ल, शारदा श्रेष्ठ, मस्त विष्ट, झक्कुप्रसाद पुनलगायतका होनहार स्रष्टाहरूको बलिदानले साहित्यिक र लेखकीय आन्दोलनलाई अघि बढाउने काम गऱ्यो । साथै जनयुद्धको अद्वितीय मुक्ति अभियानमा सयौं साहित्यकार तथा संस्कृतिकर्मीले शासकका बर्बर यन्त्रणालाई कुनै प्रवाह गरेनन् र सांस्कृतिक आन्दोलनमा ऊर्जा दिने काम गरे ।

## बाहिरबाट...

क्रान्तिकारी कम्युनिष्ट आन्दोलनको विगतको अनुभवले भन्दछ कि कम्युनिष्ट आन्दोलनको पुनः विकास हुनु अनिवार्य छ तर त्यो कति छिटो हुन्छ भन्ने कुरा सच्चा माओवादीहरूले लिने निर्णयमा निर्भर हुन्छ ।

यसमा कुनै सन्देह छैन कि मालेमा एउटा विज्ञानसम्मत विचार भएको हुनाले यो एक ठाउमा थामिईरहन सक्दैन र त्यसको निरन्तर विकास गर्नु पर्दछ । वास्तवमा माओको मृत्युपछि रिम गठनको प्रक्रियाद्वारा माओवादीहरू यही बाटोमा अगाडि बढेका थिए । रिमले तेस्रो ‘अन्तर्राष्ट्रिय’को विघटनको प्रारम्भिक समीक्षा गरेर नयाँ अन्तर्राष्ट्रिय गठनगर्ने दिशामा अगाडि बढेको थियो, दोस्रो विश्वयुद्धका बेला तेस्रो अन्तर्राष्ट्रियले लिएको फासिवाद विरोधी लाईनमा अन्तर्निहित अन्धराष्ट्रवादी तथा बुर्जुवा गणतान्त्रिक भडकावको समीक्षा गरेको थियो, माओवाद ग्रहण गरेको थियो, जनयुद्धको सार्वभौमिकता ग्रहण गरेको थियो र सिद्धान्त, लाईन तथा प्रयोगका थुप्रै अनुभव बटुल्दै अगाडि बढेको थियो । रिमभित्रका मुख्य नेतृत्वदायी पार्टीहरूका बीचमा मतभिन्नता थियो, तर त्यही कारणले मात्र रिमलाई अगाडि बढाउन संभव थिएन भन्ने हामीलाई लाग्दैन । आर.सी.पी.ले यस क्षेत्रमा विकासको नाममा नीतिगत मान्यतालाई नै कमजोर बनाई दिएको छ र वर्तमान कम्युनिष्ट आन्दोलनको एउटा महत्वपूर्ण खम्वा रिमलाई नै छाडिदिएको छ । र यो काममा तिनीहरूलाई नयाँ संश्लेषणले उक्साई रहेको छ । त्यसकारण नयाँ संश्लेषणमाथि गंभीर छलफल गर्नु विश्व कम्युनिष्ट आन्दोलनमा अपरिहार्य भएको छ ।

हामीले नयाँ संश्लेषणको केही विश्लेषण र मुल्याँकन गरेका छौं जसलाई अन्तर्राष्ट्रियरूपमा अन्य सच्चा मालेमावादीको सहयोग लिएर अगाडि बढाउन, त्यसका सीमा तथा संभाव्य दुर्वलता, अपूर्णता वा भडकावलाई हटाउन आवश्यक छ । यसबारे आर.सी.पी.संग पनि हामीले बहस-छलफल गर्नुपर्दछ । हाम्रो बुझाईमा नयाँ संश्लेषणको कमजोरी वर्गीय दृष्टिकोण अर्थात वर्गीय मान्यतालाई कमजोर पार्नु रहेको छ । कम्युनिष्ट आन्दोलनको समीक्षा गर्ने क्रममा मार्क्सवादी मेथोडोलोजीबाट हटने, नीतिबाट परसर्ने, विगतका अनुभवको नकारात्मक पक्षका कारण आन्दोलनका विभिन्न स्तरका अनुभवलाई सरलरेखीय तरिकाले स्थापना गर्ने, ती सबैलाई मिलाई एउटा पुरानो चरणका रूपमा ईङ्गित गर्ने र यसरी अतीतलाई नकार्ने कुरामा तिनीहरूलाई यही नयाँ संश्लेषणले परिचालित गरेको छ । तर, मालेमाको विश्लेषण तथा व्याख्या र विगतको कम्युनिष्ट आन्दोलनका समृद्ध अनुभवहरूको अन्वेषण तथा मुल्यांकनको प्रक्रियाबाट आउने दिनमा कम्युनिष्ट क्रान्तिलाई दरो जगमा उभ्याउने उनीहरूको धारणा भने गलत होईन ।

नयाँ संशलेषण र मालेमावादका बीचमा भिन्नता थुप्रै छन् । तर, ती मध्ये मूल विषयहरू निम्नानुसार रहेका छन् ।

सर्बहारा वर्ग र उत्पीडित जनताको मुक्तिको विचारका रूपमा रहेको मालेमावादी मान्यताका ठाउँमा नयाँ संश्लेषणले ‘मानवमूक्तिको विचार’को चेतनालाई अगाडि सारेको छ । वर्गस्वार्थ तथा वर्गसंघर्षलाई गौण गराएर ‘विज्ञान’लाई तिनीहरूले केन्द्रीय प्रश्नका रूपमा अगाडि ल्याएका छन् । यसले वस्तुगत वास्तविकताको सत्यलाई स्थापित गर्ने नाममा चेतनालाई अर्थात वस्तुगत वास्तविकताको सही प्रतिविम्वका हिसाबले चेतनाको सत्यतालाई कमजोर गराएको छ र यसरी चेतनालाई, विभिन्न वर्गका विभिन्न सत्यको वस्तुगत नियमलाई अर्थात ‘वर्गसत्य’ वा ‘राजनीतिक सत्य’को महत्वलाई खारेज गरिदिएको छ । जनसमुदाय तथा उत्पीडित वर्गको क्रान्तिकारी संघर्ष र जनयुद्धलाई केन्द्रविन्दु नबनाई, वैज्ञानिक सच्चाईमा आधारित हुने नाममा तिनीहरू वस्तुतः जनसंघर्षबाट परसरेका छन् । नयाँ संश्लेषणले ‘कस्तो समाज खोजेको छ’ भन्ने वैचारिक-राजनीतिक विषयलाई यसरी उठाएको छ कि यसमा जनयुद्ध र क्रान्तिकारी संघर्षको प्रश्न संबन्धित देशको क्रान्तिको केन्द्रीय प्रश्न हो भन्ने तथ्य कमजोर बन्नगएको छ । अन्तर्राष्ट्रियतावादको नाममा निर्दिष्ट देशको क्रान्तिको मूर्त प्रश्नलाई तिनीहरूले कमजोर बनाएका छन् । ‘पुरानो प्रकारको समाजवाद अव चाहिंदैन’ भनेर समाजवादको क्रान्तिकारी विरासत महान सर्बहारा सांस्कृतिक क्रान्तिलाई नकारिएको छ । वर्तमान विश्व परिस्थिति बारे छलफलको क्रममा तिनीहरूले ‘दुई अचल’को सूत्र अगाडि सारेर मौलावादको प्रश्नलाई एकातिर साम्राज्यवाद संगै समान हैसियतको शत्रुका रूपमा प्रस्तुत गरेका छन् भने अर्कोतिर साम्राज्यवादका विरुद्धको लडाईमा जनताको धर्मीय भ्रमबाट पैदा भएको भूमिकालाई अवमूल्यन गरेका छन् र उनीहरू धर्मको अनैतिहासिक मूल्यांकनद्वारा परिचालित भएका छन् । क्रान्तिको मूल कार्यक्रमलाई पक्डने नाममा प्रधान दुश्मनकाविरुद्ध आक्रमण केन्द्रितगर्ने माओवादी कौशललाई छाडेर तिनीहरूले प्रधान अन्तर्विरोधको सिद्धान्तलाई त्यागेका छन् । कम्युनिष्ट क्रान्तिको अन्तिम उद्देश्यलाई महत्वदिने कुरा छाडेर समाजवाद वा नयाँ जनवादका रूपमा सर्बहारा वर्गको अधिनायकत्व वा सर्बहारा वर्गको नेतृत्वमा जनवादी अधिनायकत्वको चरणको रणनैतिक महत्वलाई गोलमटोल गरिदिएका छन् ।


आर.सी.पी.ले भनेको छ कि नयाँ संश्लेषणको प्रक्रिया अहिले पनि चालु छ । उनीहरूले यसमाथि छलफल चलाउन चाहेका छन् । र आउने कम्युनिष्ट क्रान्तिलाई सही जगमा उठाउन कै लागि उनिहरूले यो प्रयास थालेका हुन । आशा गरौं तिनीहरूले छलफल अगाडि बढाउन कदम चाल्ने छन् र केबल नयाँ सश्लेषणलाई मात्र अगाडि सार्ने छैनन् । तर तिनीहरूको सीसीले हालसालै ग्रहण गरेको ६ वटा निर्णयका आधारमा भने त्यस्तो अपेक्षा गर्न सकिन्न । आर.सी.पी. अन्तिमसम्म सर्बहारा क्रान्तिको बाटोमा हिड्छ कि मानवतावादी साम्यवादको नाममा बुर्जुवा बुद्धिजीबी विज्ञानको बाटोमा हिंड्छ भन्ने कुरा यसैमा निर्भर गर्दछ ।

त्यसकारण हामीलाई लाग्छ कि नयाँ संश्लेषण, गोञ्जालो विचारधारा र प्रचण्डपथ लगायतका सैद्धान्तिक विषयहरू रिमभित्र ठोस निर्णय नलिईएका विषय थिए । यी विषयले अहिले व्यापक बहसको जन्म दिएका छन् र विश्वभरीका माओवादीहरूको बीचमा एउटा दीर्घकालिन र व्यापक कमरेडली बहसको आवश्यकता परेको छ । यो बहसको बीचबाट कम्युनिष्ट क्रान्तिका बर्तमान प्रतिकुलताका कारणहरू अरु सुस्पष्ट र राम्रोगरी बाहिर आउने छन् र आउने दिनमा कम्युनिष्ट क्रान्ति नयाँ उचाईमा पुनः विकसित हुनेछ । साथै, हामीलाई लाग्छ कि रिमको सैद्धान्तिक आधार मालेमा तथा त्यसका उपलव्धीका जगमा क्रान्तिकारी कम्युनिष्टहरूको विश्वस्तरमा पुनः एकतावद्ध हुनु आजको एकमात्र माग हो । क्रान्तिकारी कम्युनिष्टहरूको अन्तर्राष्ट्रिय एकता प्रयासका साथै दक्षिण एशियामा क्रान्तिकारी शक्ति र क्रान्तिकारी संघर्षलाई, विशेषतः जनयुद्धलाई एकतावद्ध गराउने कार्यक्रमलाई पनि पुनः गति दिनुपर्दछ । यसभन्दा अगाडि ‘कम्पोसा’को गठन यो क्षेत्रमा एउटा महत्वपूर्ण उपलब्धि थियो, जुन रिमको संकटको प्रक्रियामा यतिबेला गतिहीन बन्न गएको छ । यसलाई पुनर्जीवन दिनको लागि पनि हामीले प्रयत्न गर्नु पर्दछ । एकताका लागि गरिने यी सबै संघर्ष र त्यसका बीचमा हुने बहसको विकासले कम्युनिष्ट आन्दोलनलाई पुन अग्रगतिको बाटोमा स्थापित गर्नेछ भन्ने हामीले अपेक्षा गरेका छौ ।

यहाँनेर भन्नैपर्ने कुरा यो छ कि सुरुबाट नै रिमबाहिर रहेका र अहिले पनि रिम गठनलाई समर्थन नगर्नेहरूमा भारत र फिलिपिन्सका माओवादी पार्टी जस्ता महत्वपूर्ण पार्टीहरू छन् । तिनीहरूलाई हामीले क्रान्तिकारी कम्युनिष्ट आन्दोलन कै अँश हुन् भन्ने ठान्दछौं । त्यसकारण, उपरोक्त विषयहरूमा तिनीहरूसंग पनि बहस गर्न र एकता प्रयासलाई अगाडि बढाउन आवश्यक छ । तर, एकता कै लागि रिम-लाईन र रिमका उपलव्धीलाई छाडेर पछाडि फर्कनु ठीक हुन्छ भन्ने हामीलाई लाग्दैन । त्यसो गर्नु एउटा एकतावादी र सारसंग्रहवादी काम हुनजान्छ । यो स्थितिमा जति सुकै सानो भए पनि अग्रगामी र रिमद्वारा स्वीकृत गरिएका लाईनलाई स्वीकार्नेहरूको बीचबाट काम सुरु गर्नु पर्दछ, जस्तो १९८४मा माओवादीहरूले रिम गठनको प्रक्रियामा गरेका थिए । साथै, बाहिर रहेका सच्चा क्रान्तिकारी कम्युनिष्टहरूसंग भाईचारा सम्बन्धका आधारमा संयुक्त कार्यक्रम संचालन गरेर उच्चस्तरको एकताका लागि प्रयास गर्नु पर्दछ । विगत ८० र ९० को दशकमा रिमले यस्तै गरेको थियो । यहि प्रक्रियाबाट हामीले विश्वका सम्पूर्ण क्रान्तिकारी कम्युनिष्टहरूलाई एउटा सही र विकसित लाईनमा क्रमशः एकताबद्ध गर्दै जान सकिन्छ भन्ने विश्वास लिएका छौं ।

कविता

## तिलाठी



✍ कृष्णसेन 'इच्छुक'

*तिलाठी*
*कति सुन्दर छ तिम्रो नाम*
*कति सुन्दर लाग्यो मलाई*
*मित्रहरूको मुखबाट*
*तिम्रो मीठो बयान*
*आँखाभरि कुँदे मैले*
*तिम्रो अमिट चित्र*
*र सम्झें आदरले*
*साकेत मिश्रलाई*
*तिनको संकल्प*
*र, तिनको सपनालाई*
*र, भावविभोर बनें*
*तिम्रो नामसँगै*
*आँखाभरि नाचिरह्यो*
*गाउँको उदास चित्र*
*मौन र निस्पन्द उँभिरहे*
*बबुल र कदमका वृक्षहरू*
*चारैतिर उडिरह्यो*
*दुःखद कुहिरी मण्डल धूलो*
*बैलगाडाको थकित आवाज*
*र बूढो गोरुको दुब्लो छातीमा उठेको*
*करङको हाडजस्तै*
*उबडखाबड बाटो*
*आँखाभरि एकनाश आइरह्यो*
*वर्षातको डुबान जस्तै*
*गरिबीको आहालमा*
*सधैं निसासिइरहेका झुप्राहरूको*
*निरीह वेदना*
*र, ठूला हवेलीहरूको*
*बेफिक्री मुस्कान*
*मनभरि एकसाथ बिझाइरह्यो तिलाठी !*
*यसरी तिम्रो नामसँगै*
*आँखाभरि नाचिरह्यो*
*कुनै स्वप्नदृश्य जस्तो*
*देशमा हराइरहेका*
*साकेत मिश्रहरूको एक हुल नाम*
*र, अरहुलको रातो फूलजस्तै*
*छातीभरि छट्पटाइरह्यो*
*मानौं मधेसको बेचैन सपनाजस्तै*
*जो देशको सुन्दर सपनाभन्दा*
*बिल्कुल भिन्न छैन !*

*(७, कार्तिक २५७, राजविराज कारागार)*

## कृष्ण आएन

✍ तिलक अधिकारी

*आजभोलि*
*आमा पटुकीका टुप्पाले आँसु पुछ्दै गुनगुनाउँछिन्*
*कृष्ण आएन !*
*कृष्ण देश जाँदा भन्थ्यो*
*आमा मैले आगो छोपेर ल्याउँला*
*तिमी आगो तापेर पसिना र आँसु सुकाउली*
*बच्चामा चुसेको दुधको ऋण तिरुँला भन्थ्यो*
*सुकाउँला भन्थ्यो दुष्टहरूले चिथोरेर बगेको रगतको घाउ*
*तर, आगो छोप्न गएको कृष्ण अझै आएन !*
*हिजो पनि आमा गुनगुनाउँथिन्*
*कृष्णले देश जाँदा आगो बोकेर ल्याउँछु भन्थ्यो*
*विषालु जंगलहरूमा डढेलो लगाउँछु भन्थ्यो*
*रगतको मसी दलेर नयाँ देश लेख्छु पनि भन्थ्यो !*
*तर कृष्ण आएन !*
*आज, आमाका यी सपनाहरूमा*
*कृष्णले छाडी गएका दुईचार अक्षरहरू मात्र छन्*
*र त आमा फेरि गुनगुनाउँछिन्*
*सपनामा ओरालै-ओरालो मात्र झर्छु*
*विपनामा खडेरी-खेडरी मात्र देख्छु*
*तर मलाई थाह छ*
*कृष्णले ल्याउन खोजेको आगो दुष्टहरूले निभाइरहेका छन्*
*त्यसैले कृष्ण आएन !*
*कृष्णले ल्याउँछु भनेको आगो झै ल्याएन*
*रोल्पामा ल्याएन, रुकुममा ल्याएन*
*ऊ गएको देशमा ल्याएन !*
*अब हामी जम्मै-जम्मै*
*कृष्णले आगो ल्याउन देश हिंडेका*
*डोबहरू पहिल्याउँदै, पहिल्याउँदै*
*कृष्णले ल्याउन खोजेको आगो ल्याउनुपर्छ*
*र देशका जम्मै-जम्मैलाई ताप्न दिनुपर्छ ।*

## पश्चगमन...

थाहा छ । तर प्रतिक्रान्तिको शृंखला चाहिँ कहिलेदेखि प्रारम्भ भयो त ? यसबारे अलि स्पष्टता छैन । कतिपय लेखक, पत्रकार आदिको यसको सुरुवात् दिल्लीको नजिकैको गुडगाउँमा भएको सात राजनीतिक दलहरू र तत्कालिन नेकपा (माओवादी)का बिचमा भएको १२ बुँदे सहमतिबाट भएको भन्ने कथन र तर्कमा सत्यता भएको जस्तो देखिन्छ । उनीहरूले त्यसलाई प्रतिक्रान्तिको सुरुवात त भनेका छैनन्, तर उक्त सम्झौतापूर्व नै तत्कालिन नेकपा (माओवादी)को शिर्ष नेतृत्वले भारतका शासकहरूका सामु आत्मसमर्पण गरिसकेको तथ्य भने पेस गरेका छन् । जुन बेला उक्त सहमति भएको थियो, त्यतिखेर बाहिर सतहमा देखिएको जस्तै सात संसदीय राजनीतिक दलहरू र तत्कालिन नेकपा (माओवादी) मात्र त्यसमा भूमिका खेल्ने पक्षहरू भए जस्तो देखिन्थ्यो । यही कुरा सर्वत्र प्रचार पनि गरिएको थियो । तर समयक्रममा के स्पष्ट हुँदै भयो भने त्यसको मुख्य पक्ष त नेपथ्यमा रहेर भूमिका खेल्ने भारत सरकार रहेछ । पछिल्लो चरणमा, मधेश केन्द्रीत दलहरू, नेपाली कांग्रेस र माओवादी केन्द्र(माके)को गठबन्धनको निर्माण गरियो, माकेका सुप्रिमो समेत रहेका प्रचण्डलाई प्रधानमन्त्री बनाउने काम भयो र असाध्यै हतारमा आयोजित उनको दिल्ली भ्रमणको सिलसिलामा राष्ट्रघाती २५ बुँदे संयुक्त विज्ञप्ती जारी गरियो । यी घटनाक्रम माथि ध्यान दिँदा १२ बुँदे सहमतिमा दक्षिणको छिमेकीको प्रमुख भूमिका रहेको स्पष्ट बुझ्न सकिन्छ ।

यो प्रतिक्रान्तिलाई पूर्णता दिनका लागि "प्रमुख दलका शिर्ष नेताहरू"ले एउटा पश्चगामी संविधान जारी गरे । तर त्यसले जनस्तरबाट स्वागत भने पाएन । जनताले त्यसको अपनत्व लिएको पाइएन । त्यसपछि त्यसलाई लागू गर्नका लागि "स्थानीय तहको निर्वाचन"को आयोजना गरियो । "२० वर्षपछि पाइएको ठूलो अवसर"का रूपमा धुमधामसँग प्रचार गरिएको उक्त निर्वाचनको दुई चरण पुरा भएको छ र एक चरण अझै बाँकी नै छ । दुई चरणको निर्वाचनको परिणामले के देखायो भने देशलाई यो दुर्गतिमा पुऱ्याउनका लागि मुख्य रूपमा जिम्मेवार तिनै पश्चगामी शक्तिहरूले नै चुनाव जिते, तिनीहरूले नै वर्चस्व कायम गरे । अघि पछि ती दलहरू र तिनका नेताहरलाई गाली गर्ने तर चुनावमा तिनै दलका उमेदवारहरूलाई भोट हाल्ने जुन प्रवृत्ति देखियो, त्यो नेपालको राजनीतिक र सामाजिक परिवर्तनका लागि राम्रो संकेत होइन ।

यो निर्वाचनले पश्चगामी शक्तिको हातमा शासनको बागडोर सुम्पेको छ । अहिले जे जति सामान्य परिवर्तन भएको चर्चा छ, त्यसको नेतृत्व गर्ने शक्तिलाई कुनै स्थान दिइएको छैन । यसबाट निर्वाचनलाई उपयोग गरेर अग्रगमनका लागि परिस्थिति तयार गर्ने, सामान्य सुधारका काम गर्ने सम्भावना पनि अब नरहेको हो कि ? भन्ने प्रश्न उठेको छ ।

यसबाट के निष्कर्ष निकाल्ने त ? के जनताले नै पश्चगमनलाई मन पराएको हो त ? चुनावको परिणामलाई मात्र आधार मान्ने हो भने त त्यही अवस्था देखिन्छ । तर, सामान्यतया जनताले पश्चगमन चाहँदैनन् अग्रगमन चाहन्छन् र एउटा पश्चगामी व्यवस्थाले गराएको चुनावलाई मात्र आधार बनाएर निष्कर्ष निकाल्नु पनि गलत हुन्छ ।

निर्वाचनमा यति ठूलो मात्रामा जनताले जुन भोट हालेका छन् र त्यसको जुन परिणाम बाहिर आएको छ, त्यसलाई नजर अन्दाज गर्न पनि मिल्दैन । नेपालको राजनीतिमा यसले जबर्जस्त प्रभाव पार्ने कुरा निश्चितै छ । हाम्रो पार्टीले यसको समग्र मूल्यांकन गर्ने नै छ । निर्वाचनको परिणामले देखाएको संकेतको बारेमा मात्र यहाँ उल्लेख गर्नु उपयुक्त नै हुनेछ ।

पहिलो, पुँजीवादी व्यवस्थाको निर्वाचनबारे कार्लमार्क्सले भन्नुभएको थियो कि यस प्रकारका चुनावमा शोषक वर्गको कुन चाहिँ प्रतिनिधिले आगामी चार वा पाँच वर्षमा शासन गर्ने भन्ने चुनाव हुने गर्दछ । आखिर राजतन्त्रात्मक बहुदलीय व्यवस्थामा जुन पार्टीले लामो समय शासन गरे यस पटक पनि तिनैले चुनावमा बाजी मारे । केही अनुहार मात्र फेरिए । आखिर राजतन्त्र फाल्ने बलिदानपूर्ण संघर्षको नेतृत्व गर्ने शक्तिलाई त भोट हाल्ने बेलामा कसैले सम्झेजस्तो पनि लागेन । यस पटकको चुनावको परिणामले कार्लमार्क्सको यो कथनलाई राम्रो सँग पुष्टि गरेको छ ।

दोस्रो, एउटा प्रतिकृयावादी व्यवस्था अन्तर्गतको चुनावमा प्रायः त्यही वर्गको प्रतिनिधित्व गर्ने मानिसहरूले नै विजय हासिल गर्न सक्दछन्, त्यसको विरोधी वा अन्य वर्गको प्रतिनिधित्व गर्ने उमेद्वारहरूले पराजय कै सामना गर्नुपर्दछ भन्ने तथ्यको पुनर्पुष्टि भएको छ । यदि प्रगतिशील व्यवस्था हुन्थ्यो भने क्रान्तिकारी शक्ति निश्चय पनि विजयी हुने थियो । यो संविधानका आधारमा आयोजित चुनावमा आज तिनै पश्चगामी शक्तिहरूको हाली मुहाली हुनुले पनि यो संविधान पश्चगामी र यो राज्यव्यवस्था प्रतिकृयावादी हो भन्ने पुष्टि भएको छ ।

तेस्रो, यस पटकको निर्वाचनमा नांगो प्रकारको किनबेच भएको कुरा अब खुला रूपमा नै चर्चामा आएको छ । सत्ताधारी पार्टीका नेताहरूले समेत यस पटकको निर्वाचनमा बढी पैसाको खेल भएको र अब चुनाव धेरै महँगो भएकोमा चिन्ता जाहेर गरेका छन् । भोट किनेर चुनाव जित्नेहरू त अनैतिक भए भए, पैसामा बिक्नेहरू नि ? आफ्नो विचारलाई पैसामा बिक्री गर्नु पनि अनैतिकता भित्रै पर्दछ । यो नयाँ संविधान र नयाँ राज्य व्यवस्थाले नेपाली समाजलाई दिएको नयाँ उपहार हो । अब आउने चुनाव भ्रष्टाचारी, तस्कर, राष्ट्रघातीको पकडमा हुने संभावना छ । नेका र एमालेभित्रका पनि भ्रष्टाचार र तस्करी नगर्नेहरूले चुनाव जित्ने संभावना कम हुने देखिन्छ । पश्चगमनको एउटा राम्रो उदाहरण यो पनि हो ।

चौथो, यो निर्वाचनमा विदेशी शक्तिहरूको चलखेल अत्यधिक भएको पाइयो । उनीहरूले प्रत्यक्ष भूमिका पनि खेले र खासगरी आइ एन जी ओ हरूलाई व्यापकरूपमा परिचालन गरेको पाइयो । आइ एन जी ओ सँग जोडिएका मानिसहरूको ठुलो संख्यामा उमेदवारी परेको र दाताहरूले आफ्ना उमेदवार जिताउन दिल खोलेर खर्च गरेको पाइयो । यो पनि नयाँ संविधान र राज्य व्यवस्थाको उपहार नै हो । यो पनि एउटा पश्चगमन कै संकेत हो ।

माथि जुन कुराको चर्चा गरियो त्यसबाट के स्पष्ट हुन्छ भने नयाँ संविधान होस् वा राज्यले गराएको निर्वाचन होस्, ती सबैले नेपाली समाज अग्रगमनतिर अघि बढेको होइन कि पश्चगमनतिर पछि हटेको छ । एउटा ठूलो प्रतिक्रान्ति पश्चात् भएको यो पश्चगमनबारे जनतामा सचेतनताको नितान्त कमी भएको पाइएको छ । यदि त्यसबारे जनता सचेत भएका हुने थिए भने निर्वाचनको परिणाम यस्तो आउने थिएन र देशको यो हविगत पनि हुने थिएन । फेरि पनि, जस्तोसुकै अवस्थामा पनि जनतालाई बुझाउनु र यसका बिरुद्ध संघर्षलाई अगाडि बढाउनु क्रान्तिकारीहरूको कर्तव्य हो । यो प्रतिक्रान्ति र पश्चगमनले आफ्नो जनविरोधी चरित्र प्रदर्शन गर्ने नै छ । जनतालाई यसका विरुद्ध संघर्षमा उत्रनु पर्ने आवश्यकता पर्ने नै छ । क्रान्तिकारी शक्तिले आगामी संघर्षको नेतृत्व गर्नका लागि तयार भएर बस्नु आवश्यक छ ।

*असार २२, ०७४*

## स्थानीय...

व्यवस्था संसदीय भएको हुँदा तात्विक भिन्नता हुने छैन । यी सबै कुरा भएर पनि भाकपा (माओवादी) ले जनगणतन्त्रको लागि सशस्त्र संघर्ष गरिरहेको छ भने चीनमा सन् १९११ मा मंचु राजवंशको अन्त्य भएर गणतन्त्र आएपछि सन् १९२१ मा गठन भएको चिनियाँ कम्युनिष्ट पार्टीले त्यही बुर्जुवा गणतन्त्रको विरुद्ध सशस्त्र संघर्ष गरेर सन् १९४९ मा जनगणतन्त्र ल्याएको कुरा हामीले भुल्नु हुँदैन । जब नेपाली जनताले आफ्नै अनुभवले बुझ्ने छन् यो व्यवस्थाले पनि जनताको हित गर्दैन, तब जनताले बल्ल आज (क्रान्तिकारी माओवादी)ले भनेको कुराको मर्मबोध गर्ने छन् । मानिसहरूले यही व्यवस्थाभित्र व्यक्तिको पार्टीको विकल्प पनि खोज्ने चेष्टा गरेको देखियो तर ठूला पार्टीका भनी मसल र विज्ञापनको अगाडि फुच्चाफुच्ची टिक्न सक्ने कुरै भएन त्यो अपवाद मात्र हो, रञ्जु र किशोर थापाहरू । आखिरमा गएर संसदीय व्यवस्था २ पार्टी सिस्टममा गएर थिग्रिन्छ । साधनस्रोतको केन्द्रीकरणले गर्दा अरुले त्यसलाई त्यही विधि र नियममा बसेर छिचोल्नै सक्तैनन् । बेलायत लेबर र कन्जरभेटिभ, अमेरिकामा डेमोक्र्याट र रिपब्लिक, भारतमा भाजपा र कांग्रेस आई जस्तै । जनताले क्रान्तिद्वारा त्यो व्यवस्था बदल्ने विकल्प मात्र बाँकी रहन्छ ।

निर्वाचनको क्रान्तिकारी उपयोग गर्ने एउटा जटिल प्रक्रिया हो । विश्वमा लेनिनले पार्टी मात्र त्यस्तो पार्टी रह्यो जसले निर्वाचन बहिष्कार गर्दा निर्वाचन नै हुन नसक्ने वातावरण बनायो र आन्दोलनले चुनावलाई नै बढारेर लग्यो । सन् १९०५ को दुमाको निर्वाचनलाई उपयोग गर्दा पनि प्रतिक्रियावादी व्यवस्था र युद्ध बजेटको विरोध गरेर फाँसीमा चढ्न र साइबेरियामा निर्वासनमा जान पनि सांसद्हरू तयार भए । प्रतिक्रियावादी सरकारमा जाने सोच त रौं बराबर पनि थिएन । संसारका धेरै देशमा यो सय वर्षमा चुनावी कार्यनीति कम्युनिस्टहरूले अपनाए । कोही पार्टी एमाले ज्योति बसु (भारत) जस्तै संसदवादी भए, कोही आम नरसंहारमा परे । इण्डोनेशिया र चिलीमा जस्तै लेनिनले जस्तै सफल कार्यनीति अपनाउने कुरा धेरै गाह्रो काम हो । संसद्वादी नहुने र चुनाववाटै राज्य सत्ता कब्जा गर्ने असम्भव कार्यनीति नबनाउने हो भने निर्वाचनको क्रान्तिकारी उपयोग रणनीति प्राप्त गर्ने राम्रो कार्यनीति हुन सक्छ । भौतिक परिस्थितिबाट विचार बन्ने हुँदा थोरै भोट आउँदा निराश हुनेबाट हामी बच्नु पर्छ । हाम्रो मुख्य उद्देश्य प्रतिक्रियावादी संविधान र व्यवस्थाको भण्डाफेर र जनतासम्म सम्पर्कको जालो बनाएर संगठनात्मक आधार तयार पारी मुख्य कुरालाई दह्रोसँग पकड्नु पर्दछ । दुई चरणको निर्वाचनको अनुभवले हामीलाई के सिकाएको छ भने पार्टीले लिएको कार्यनीतिप्रति दृढतापूर्वक प्रतिबद्धता जनाउने स्थानीय निर्वाचन भएकाले मुख्य नेतृत्व नउठे पनि झारा टार्ने गरी १-२ जना मात्र उठाउनेभन्दा टिमबद्ध सम्भव भएसम्म उठाउँदा धेरै मानिसहरू तानिने हुँदा प्रचारको काम प्रभावकारी हुने र कोणसभाहरूमा बढी मानिस उपस्थित हुने हुन्छ ।

अहिले केही नामधारी कम्युनिष्ट पार्टी सरकारमा भएका देशहरूमा र केही निरंकुश धार्मिक लगायतका देश बाहेक संसदीय व्यवस्थाको बोलवाला छ संसारभरि । चाहे त्यो प्रधानमन्त्री प्रणाली होस् वा राष्ट्रपतीय प्रणाली यो यथार्थको मरणशील पाटो हो । यो यथास्थितिवाद हो । यसको विकल्पमा राष्ट्रिय मुक्ति आन्दोलन, नयाँ जनवादी, समाजवादी र साम्यवाद परिवर्तनशील र प्रगतिशील व्यवस्थातर्फ विश्व क्रमशः अगाडि बढ्ने छ र बढिरहेको छ । क्रान्तिकारीहरू त्यसको लागि तयार बस्नु पर्छ र घनिभूत तयारी गरेर अगाडि बढ्नु पर्दछ ।

*लेखक नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य हुन् ।)*

## जी–२०...

अमेरिकालाई पेरिस जलवायु सम्झौताबाट बाहिरै बस्न स्वीकृति समेत दिएका छन् । ह्याम्बर्गमा व्यापक प्रदर्शनबीच जी-२० को बैठक सकिएको हो । शनिबार अबेर शिखर सम्मेलनको साझा वक्तव्यमा भनिएको छ, 'हामी अमेरिकाको पेरिस सम्झौताबाट बाहिरिने फैसलालाई स्वीकार गर्दछौं ।' जी-२० शिखर सम्मेलनमा सामेल नेताहरू सम्झौतालाई परिवर्तन गर्न नसकिनेमा समेत सहमत भएका छन् । संयुक्त वक्तव्यमा अमेरिकाले अन्य देशको इन्धनको अधिक स्वच्छ रूपमा प्रयोग गर्नमा पनि सहयोग गर्ने विश्वास व्यक्त गरिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रपति डोनाल्ड ट्रम्पले भने यसअघि नै अमेरिकी कोइला उद्योगलाई पुनर्जीवित गर्ने बताइसकेका छन् । उनले पेरिस सम्झौतामा अमेरिकी हितलाई बेवास्ता गरिएको समेत बताएका थिए । जर्मन चान्सलर एञ्जेला मर्केलले ट्रम्पको निर्णयको आलोचना गर्दै बाँकी १९ देश सम्झौतामा अडिग भएकोमा सन्तुष्टि जनाएकी छन् । नेताहरूले ह्याम्बर्गमा अलग अलग वार्ता गरेका थिए । राष्ट्रपति ट्रम्पले बेलायती प्रधानमन्त्री थेरेसा मेसँग कुराकानी गर्दै अमेरिका-बेलायत ब्यापार सम्झौतामा चाँडै हस्ताक्षर हुने जनाएका छन् । जी-२० बैठकअघि तथा बैठक सुरु भइसकेपछि पनि ह्याम्बर्गमा विशाल प्रदर्शन भएको थियो । सो क्रममा दर्जनौं प्रहरीसहित प्रदर्शनकारी समेत घाइते भएका थिए । उनीहरूले सम्मेलनमा अमेरिकी राष्ट्रपति ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको सहभागितालाई लिएर विराध गरेका थिए । जलवायु परिवर्तन र आयमा रहेको असमानताका विरुद्धमा उनीहरूले प्रदर्शन गरेका हुन् । कम्युनिस्ट तथा प्रगतिशील प्रदर्शनकारीलाई हटाउनका लागि प्रहरीले छतमा समेत पिछा गर्नुका साथै पानीको फोहरा प्रहार गर्नुपरेको थियो । सो क्रममा केही दर्जन प्रदर्शनकारीलाई हिरासतमा लिइएको छ । सोही क्रममा अमेरिकी राष्ट्रपति ट्रम्प र रुसी राष्ट्रपति पुटिनबीच पनि कुराकानी भएको थियो । दुवै नेताबीचको भेटमा अमेरिकी राष्ट्रपति निर्वाचनमा रुसले गरेको भनिएको ह्याक र सिरियामा युद्धविराम गर्नेबारे कुराकानी भएको थियो । सो क्रममा दक्षिण सिरियामा आइतबारदेखि लागु हुनेगरी युद्धविराम गर्ने सहमति भएको छ ।


## अदालतको...

गते प्रकाशित गरेको सूचना बमोजिमका कार्य नगर्नू नगराउनु भनी उच्च अदालत नियमावली २०७३ को नियम ४२ (१) बमोजिम विपक्षीहरूका नामममा यो अन्तरिम आदेश जारी भएको छ ।"

उच्च अदालतले साउन १ गते विपक्षीलाई व्यवसायीहरूको पक्षमा मुद्दा फैसला नगर्नु वा अन्तरिम आदेश जारी गर्नु नपर्नाका कारण खुल्ले प्रमाणसहित अदालतमा उपस्थित हुन भनेको छ ।

यसैबीच, उच्च अदालतले अन्तरिम जारी गरेपछि सस्तो बजारका स्वरोजगार व्यवसायीको पक्षमा उभिएका नेकपा (क्रान्तिकारी माओवादी), नेकपा, नयाँ शक्ति, नेकपा माले, संघीय समाजवादी फोरम, राष्ट्रिय जनमोर्चा लगायतका राजनीतिक पार्टीहरूले खुशी व्यक्त गरेका छन् र निरन्तर जिल्ला प्रशासन कार्यालय, क्षेत्रीय प्रशासन कार्यालयलगायत सम्बन्धित निकायमा गृहप्रशासनको हस्तक्षेप बन्द गर्न र व्यवसायीहरूले गरी खाने बातावरण बनाउन दबाब दिइरहेका छन् ।

शुक्रबार ६ दलले गृह प्रशासनको हस्तक्षेपको विरुद्धमा एक विरोध कार्यक्रमको आयोजना समेत गरे । कार्यक्रमलाई नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य रामजी थापा, नेकपाकी केन्द्रीय सदस्य सावित्रा दुरा, नयाँ शक्ति पर्टी कास्कीका संयोजक हेमबहादुर थापा, नेकपा (माले)का केन्द्रीय सदस्य टेकनाथ भण्डारी, राष्ट्रिय जनमोर्चाका केन्द्रीय सदस्य चन्द्रबहादुर केसी र संघीय समाजवादी फोरमका केन्द्रीय सदस्य रामकाजी चर्माकारले आफ्नो वर्गको हितका लागि सबै व्यवसायी गोलबन्द भएर एकीकृत रूपमा दलालहरूका विरुद्ध लडाई लड्नुपर्ने आवश्यकता औंल्याए । ती ६ राजनीतिक दलहरूले एक संयुक्त प्रेस विज्ञप्ति जारी गरी पोखरा सस्तो बजारको समस्या समाधान गर्नका लागि संवेदशनशील बन्न सम्बन्धित पक्षलाई आह्वान गरेका छन् । उनीहरूले 'तालाबन्दीबाट बजारभित्र रहेका करोडौं मूल्य बराबरको दैनिक उपभोग्य वस्तु पूरै सडेर बजारक्षेत्रमा दुर्गन्ध र प्रदुषण फैलिएको, दैनिक श्रमको भरमा जीवन निर्वाह गर्दै आइरहेका २ सय १७ जना व्यवसायीहरूको अवस्था भयावह र चिन्ताजनक अवस्थामा पुगेको' विज्ञप्तिमा उल्लेख गरेका छन् ।



**दैनिकी दुर्वाच्य...** रामचन्द्र हुमागाई



# राजपाले चिसै पानीले नुहाउने

असार १९ गते । आज समाचार आयो, 'बाढी र पहिरोमा परेर ७ जनाको ज्यान गयो' । यो बाढी र पहिरो नेपालको पहिचान नै हो । अव्यवस्थित पहाडमा पहिरो आउनु र कसैको चासोमा नरहेको तराईको तटवन्धनबाट बाढी आउनु कुनै नौलो विषय होइन । चासोको विषय भनेको त पहिरोग्रस्त र बाढीग्रस्त क्षेत्रबाट बस्ती व्यवस्थित गर्नु तर त्यस्तो सरकार नेपालमा कहिल्यै बनेन र बन्ने वातावरण पनि अहिलेसम्म भएको छैन । दुःखको विषय यो पो छ त !

असार २० गते । दलाल पुँजीपति क्याम्पबाट सञ्चालित, पैसाको आवरणका पृष्टपोषित अखबारहरूले स्थानीय तहको निर्वाचनलाई मध्यनजर गर्दै समाचार लेखे, 'माओवादी किन खुम्चियो ?' । तर, यो कुराको ख्यालै गरेनन् कि माओवादी खुम्चिएको होइन कि माओवादी केन्द्र मात्रै खुम्चिएको हो । साँच्चिकै माओवादी त यतिबेला दुईकदम अगाडि बढ्न एक कदम पछाडी हटेको मात्रै हो, सबैलाई चेतना भया ।

असार २१ गते । हिजो राजपाका अध्यक्ष मण्डलका पनि अध्यक्ष महन्थ ठाकुर गोप्य रूपमा भारतीय दूतावास पसेछन् । यि ठाकुरलाई निकै ठूलो टोड परेको छ र त कहिले भारतीय दूतावास छिर्छन् त कहिले सि.के. राउतसँग गोप्य वार्तामा पुग्छन् । एउटा सार्वभौम देशमा बसेर विदेशी दूतावास धाउनु र विखण्डनकारीसँग गला जोड्न जानु गैरकानुनी क्रियाकलाप हो । यदि नेपालमा सरकार छ भने यस्ता विषयमा ध्यानपुऱ्याउनु आवश्यक छ ।

असार २२ गते । जनघनत्वका कारणले विश्व मै शक्तिशाली कहलिएका हाम्रा दुई छिमेकी मुलुक चीन र भारत यतिवेला सीमा विवादका कारण कुकुर र बिरालाको तालमा ड्याँरड्याँर र डुँरडुँर गरिरहेका छन् । विषय के रहेछ भनी यसो आँखा लगाउँदा 'चीनले भुटानी इलाकामा सडक बनाउदा भुटानको जमिन मिच्यो' भन्ने भुटानी हारगुहारलाई साथ दिंदै 'भारतले आफ्नो चीनसँग जोडिएका सिमानामा सैनिक सक्रियता बढाएको' भन्दै निहुँ खोजेको कुरा जानकारीमा आयो । विषय यत्तिकै निम्टदै गयो भने त खासै फरक नपर्ला तर साना कुराले ठूलै रूप लियो भने भारतले पनि सिक्ला नि त छिमेकीसँग जोरी खोज्दा नतिजा कस्तो आउने रहेछ भन्ने कुरा । चीन र भारतको सीमा विवाद स्थगित भएको ५० वर्ष पनि पुगेको छैन । यता पिङ्याङले आफूलाई शक्ति र महाशक्ति राष्ट्र बताउँदै आएका अमेरिका, जापान र दक्षिण कोरिया जस्ता देशलाई क्षेप्यास्त्र परीक्षण गरेरै त्राहिमाम बनाइरहेको छ, यो त्राहिमाम 'अगुल्टाले हानेको विरालो बिजुली चम्किँदा पनि तर्सन्छ' भने जस्तो मात्रै हो कि उत्तर कोरिया अरुले आँकलन गरेको भन्दा बेग्लै शक्तिशाली पनि छ, यो हेर्न निकै आतूर भएकाहरू पनि भेटिनथालेका छन् ।

असार २३ गते । विश्वकै सुन्दर देशलाई पहाड र मधेशको नाममा विचरण गर्ने प्रयास स्वरूप नेतैपिच्छे खुलेका पार्टीहरू एक भएर भारतीय तालमा मारुनी नाच नाचे झैं एक दुईमहिना पनि नपुग्दै पुनः फुटको संघारमा पुगेको राजपा आज सतह मै उत्रियो । आफ्नो खुट्टामा बञ्चरो हानेर अर्काको सहारामा बाँच्ने र नाच्नेहरूको अवस्था उस्तै हुन्छ, सबैलाई चेतना भया ।

असार २४ गते । राष्ट्रिय जनता पार्टी (राजपा) ले अब चिसै पानीले भए पनि नुहाउने भएको छ । यो चिसो पानीको पौराणिक कहावत मीठो छ । 'बिहान भरी घरमा रश विनाका छिमेकीहरूसँग गफ हाँकेर बस्ने लोग्नेले विहानको भान्छा तयार गर्दागर्दै थाकिसकेकी श्रीमतीलाई बारम्बार कराएर भनिरहेको हुन्छ, 'मलाई नुहाउने पानी तताइदेउन' तर श्रीमतीले झोकिदै जवाफ दिन्छिन्, 'तताउँदिन के गर्छौ ?' लोग्ने निराश हुँदैभन्छ, 'उसोभए चिसै पानीले नुहाउँछु' । राजपालाई त्यस्तै भएको छ । बारम्बार संविधान संशोधन नगरी निर्वाचनमा नजाने घुर्की लगाउँदा लगाउँदै सबैतिरबाट एक्लिएर आगामी आश्विन दुईगते हुने प्रदेश नम्वर २ को निर्वाचनमा भाग लिन निर्वाचन आयोगमा दल दर्ता गरेको छ । र, सरकारले सकेसम्म दुइतिहाई पुऱ्याएर संविधान संसोधन गर्ने आश्वासन दिएको छ तर यस्ता राजनीतिक आश्वासनको के अर्थ रहन्छ र !

एक्कै छिन एउटा आँखा छिमेकी राष्ट्र भारततर्फ पनि तर्काउँ । ४० वर्षभन्दा बढी बिहारमा एकछत्र राज गरेका लालुप्रसाद यादवको खानलानमा सि.वि.आई.ले छापा मारेको छ । विश्वकै उत्कृष्ट प्रजातन्त्र रहेको भारत भन्दै यसरी एकछत्र राज गर्ने भारतका सामन्तीहरू बिहारमा मात्रै नभएर निकै राज्यहरूमा छन् । लालु यादव एउटा नमूना मात्रै हुन् । उनले हालै, 'लारा' एउटा बहुराष्ट्रिय कम्पनी खोलेका छन्, जसमा खर्बौं लगानी गरिएको छ । लाराको अर्थ हो 'लालु–रावणी देवी' । सि.वि.आई.ले लालुका छोरालाई समेत गिरफ्तार गर्ने तयारी गरिरहेको छ ।

असार २५ गते । नेपालमा अहिले पनि बुर्बकहरूको बोलवाला छ । जनताले अहिलेसम्म गरेको प्रहारबाट पनि चेतना नआएका बुर्बक नेताहरूको सद्बुद्धि अहिले पनि आएको छैन । यसको पछिल्लो उदाहरण राष्ट्रपतिको कार्यालयले १६ करोड रूपैयाँ गाडी किन्न अर्थ मन्त्रालयसँग माग गरेको समाचार त्यहीभित्रका कर्मचारीको मस्तिष्कबाट खुस्किएर बजारमा भाइरल भएको छ । पहिले–पहिले राजाहरूले सरकारी ढुकुटीबाट मोटोमाटो रकम खर्च गरेको भन्दै चिढिएको नेपाली समाजले भर्खरै आएको शिशु गणतन्त्रमा कसरी स्वीकार गर्ला ?

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेम्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

**स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा**

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:00 बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:30 बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:30 बजे |
| खलंगा-काठमाडौं | बिहान ५:00 बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:30 बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:00 बजे |

सम्पर्क नम्बर
काठमाडौं – ९८६६८३३३९९
खलंगा – ९८५१२४९९४८
किमीचौर – ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**

सम्पर्क
कृष्ण सुवेदी – ९८५१०१८९१२
राम के.सी. – ९८५१०५४२६४
होम छन्त्याल – ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

# आलोपालो

## संसदीय व्यवस्थाको निर्वाचनका भद्दा परिदृश्य



प्रेम सुवेदी

स्थानीय तहको दुई चरणको निर्वाचन सकिएको छ । यो निर्वाचनले दिएको परिणामले देशको राजनीतिमा तात्विक अन्तर नआउने कुरा प्रष्ट छ । जहाँसम्म निर्वाचनद्वारा निर्वाचित जनप्रतिनिधिले जनताको अभिमतको सम्मान कति गर्ने छन् र आफ्ना घोषणापत्रमा उल्लेख गरेका विषयप्रति कति जिम्मेवार बन्ने छन् ? त्यो कुराको चर्चा गर्ने समय अझै भएको छैन । तर यो साँचो हो कि उनीहरूले जनतालाई दिएका आश्वासन पूरा हुने कुनै आधार देखिंदैन । तसर्थ, एक पटक जनतालाई फेरि उनीहरूले भ्रम छर्न सफल भएका छन् । त्यस क्रममा देखिएका परिदृश्यहरूलाई सामान्य चर्चा गर्नु सान्दर्भिक हुनेछ ।

हालै सम्पन्न भएको निर्वाचनमा राजनैतिक मूल्य मान्यता धेरै कमजोर भएको तथ्य उद्घाटित भएको छ । जस्तो निर्वाचनमा जे जस्ता जति सुन्दर प्रतिबद्धता जाहेर गरे पनि ती प्रतिबद्धताप्रति सम्बन्धित पार्टीहरूले नै विश्वास गर्न सकेनन् । विपरीत एजेण्डा बोकेका पार्टीसँग सहकार्य वा तालमेल गर्न पुगे । यो नै राजनैतिक मान्यता विरुद्धको भद्दा रूप थियो । त्यति मात्र होइन राजनीतिमा बढ्दै गएको व्यवसायीकरणलाई संस्थागत गर्न तथा सेवाको भावनालाई कमजोर पार्ने कुरामा यो निर्वाचनले छलाङ्ग नै मारेको छ र निष्ठाको राजनीति एक प्रकारले समाप्त प्रायः भएको छ । यो कुनै पार्टीप्रतिको पूर्वाग्राह वा आग्रह होइन । मुख्यत सत्तासीन तथा प्रमुख प्रतिपक्ष दलको टिकट वितरण गर्ने क्रममा जसले ठूलो पैमानामा आर्थिक चलखेल गर्न सक्छ त्यसलाई टिकट दिने जुन नीति बनाए त्यो नै यसको ज्वलन्त उदाहरण हो । यो कुरा यतिमा सीमित रहेन । निर्वाचनका क्रममा गरिएका हत्काण्ड र प्रयोग गरिएको प्रचार शैलीले वास्तवमा जनताको स्वतन्त्र निर्णय गर्ने अधिकारलाई समेत दवाव, प्रलोभन र अन्य विभिन्न प्रपञ्चद्वारा प्रभावित गर्ने कुरा भयो । यस प्रकारको प्रेसरले जनताको मौलिक अधिकारलाई समेत कुण्ठित गरेको छ । संसदीय पार्टीहरूले आफैले बनाएका मूल्य मान्यतामा समेत आफूलाई उभ्याउन सकेनन् यो ज्यादै चिन्ताको विषय हो । उनीहरूले भन्दै आएको स्वतन्त्र प्रतिस्पर्धाको राजनीतिमा श्रेष्ठता हासिल गर्ने जुन कुरा गर्दै आएका थिए, त्यो मान्यताबाट स्वयम् उनीहरू तर्से र संसद्मा नभएका पार्टीहरूलाई दलीय प्रतिस्पर्धा गर्न रोक लगाए जुन कुरा लोकतान्त्रिक मान्यताका विरुद्धको तानाशाही कदम थियो । त्यसैले यो निर्वाचनको परिणामले समग्र जनताको लोकतान्त्रिक अधिकारको सही अर्थमा प्रयोग गर्न पाएनन् र निश्चित दल विशेषको प्रायोजन जस्तो बन्न पुग्यो यो निर्वाचन ।

उपरोक्त पृष्ठभूमिमा निर्वाचनको परिणाम कति निष्पक्ष, धाँधलीरहित तथा स्वतन्त्रतापूर्वक भयो भन्ने कुराका बारेमा छलफल गर्न जरुरी छ । निर्वाचनसम्बन्धी निर्धारण गरिएका कानुन तथा आचारसंहितालाई आधार बनाएर हेर्ने हो भने पनि अहिले विजयी भएका दल तथा उम्मेदवारहरूले ती सीमामा आफूलाई राख्न सकेनन् । यो कसैप्रति आरोपभन्दा पनि नाङ्गो आँखाले देखिएको तथ्य हो । जस्तो निर्वाचनमा सामान्यतः उम्मेदवारले आफ्नो निर्वाचनमा गर्न खर्चेको जुन सीमा निर्धारण गरेको थियो, त्यो सीमालाई उनीहरूले रद्दिको टोकरीमा पुऱ्याइएका छन् । त्यत्ति मात्र होइन, निर्वाचन चिन्ह अंकित टिसर्ट वा टोपी प्रयोग गर्न नपाउने जुन कुरा थियो, त्यसलाई उनीहरूले सिधै चुनौती दिंदै चिन्ह अंकित कपडाको प्रयोग गरेर निर्वाचन आयोगलाई नै पंगु साबित गरिदिए । यी प्रत्यक्ष गरेको कामको अतिरिक्त पर्दा पछाडी भएका अनगिन्ती कार्यको यहाँ उल्लेख गरिएको छैन ।

ससंदीय प्रणालीभित्रको निर्वाचनमा जनमतलाई मूल आधार बनाइए पनि अल्पमतले बहुमत माथि आफ्नो अधिनायक कायम गर्ने र पर्दा पछाडीको शक्ति मुख्यतः मनी र मसलद्वारा त्यसलाई नियन्त्रण गर्ने परिपाटी भएकोले आमजनताको प्रतिनिधित्वको कुरा देखाउने र चपाउने दाँतजस्तै हो । गएको स्थानीय तहको निर्वाचनमा जसरी पैसाको बलमा चुनावलाई किनबेचको वस्तु जस्तो बनाइयो, यसले एउटा कुरा प्रष्ट गरेको छ सामान्य व्यक्तिको हकमा यो निर्वाचन आफ्नो काबुको विषय होइन भन्ने कुरा राम्ररी प्रमाणित गरेको छ । त्यसले जबसम्म विद्यमान प्रतिक्रियावादी संसदीय प्रणालीको अन्त्य गरेर त्यसको ठाउँमा जनगणतन्त्र स्थापना गरिंदैन, तबसम्म उनीहरूको प्रतिनिधित्व र अधिकार स्थापित हुँदैन भन्ने कुरा स्थापित भएको छ । जनतामा विद्यमान व्यवस्थाप्रतिको भ्रम अरु एकाध चुनावले अरु नाङ्गो रूपमा सतहमा आउने छ । तत्कालीन हिसाबले क्रान्तिकारीहरूले ती भ्रमलाई चिर्न तथा नयाँ जनवादी क्रान्तिको पक्षमा जनआधार निर्माण गर्न मुख्य ध्यान दिनु पर्दछ । त्यो नै उनीहरूको सफलता र असफलताको मापन हुनेछ । तर, यहाँ सबैभन्दा बढी भ्रम जनतामा आफूलाई कम्युनिष्ट बताउने, व्यवहारतः प्रतिक्रियावादी व्यवस्थालाई टिकाउन कसरत गर्ने दक्षिणपन्थी तथा नवसंशोधनवादीहरूले दिन सफल भएको पृष्ठभूमिमा उनीहरूको विरुद्ध वैचारिक राजनैतिक रूपमा भण्डाफोर गर्ने कुरामा विशेष जोड दिनुपर्ने आवश्यकता छ । तर त्यो दिशामा त्यति काम हुन सकिरहेको छैन । स्थानीय निर्वाचनमा आफूलाई कम्युनिष्ट बताउने एमाले र माओवादी केन्द्रले जुन भ्रम सिर्जना गरेका छन् त्यसको वैचारिक राजनैतिक भण्डाफोर हुन सकेन । जसले आम जनतामा उनीहरू नै कम्युनिष्ट भएको भ्रम कायम नै छ । त्यो विषयमा कुनै व्यक्ति विशेषमा केन्द्रितभन्दा पनि विचारधारात्मक संघर्षको महत्व अरु बढेर गएको छ । क्रान्तिकारी आन्दोलनको विकास अवसरवादको विरुद्धको भीषण संघर्षबाट हुँदैआएको ऐतिहासिक तथ्यलाई आत्मसात गर्न जरुरी छ ।

स्थानीय तहको निर्वाचनलाई मात्र आधार बनाएर होइन समग्र कम्युनिष्ट आन्दोलनाई ध्यानमा राखेर मूल्यांकन गर्न सकिएन भने त्यसले हामीलाई गलत दिशामा लैजाने खतरा त्यतिकै रहन्छ । तसर्थ, स्थानीय निर्वाचनको मूल्यांकनसँग जोडिएका नीतिगत तथा प्राविधिक विषयहरूप्रति उपेक्षा गरेर निर्वाचनको परिणाम हेऱ्यौ भने हामीहरू सही निष्कर्षमा पुग्न सक्ने छैनौं । यो निर्वाचनमा देखिएका सबै परिदृश्यहरू तथा कम्युनिष्ट आन्दोलनका मूल्य मान्यता र परम्परालाई केन्द्रमा राखेर समीक्षा गर्न जरुरी छ ।

## क्रान्तिभित्र...

कार्यकर्ताबीच सम्बन्धमा रहेका विभिन्न कमी-कमजोरी र गलत प्रवृत्तिहरूलाई हटाउनका लागि कार्यकर्ताको वैचारिक रूपान्तरण र तिनका बीचमा सही सम्बन्धको स्थापना सबभन्दा मुख्य उपाय हो । यो कार्य नै क्रान्तिभित्र क्रान्तिको एउटा महत्वपूर्ण पक्ष हो ।

क्रान्तिभित्र क्रान्तिको अर्को महत्वपूर्ण पक्ष क्रान्तिको नेतृत्वको दाबी गर्ने पार्टीका नेताहरूको योग्यता, क्षमता र कार्यकुशलताको स्तरसित सम्बन्धित सवाल हो । माथि कुन कुराबारे चर्चा गरेका छौं भने पार्टीको क्रान्तिकारी जिम्मेवारीको सफलतापूर्वक निर्वाहका लागि मार्क्सवादका क्रान्तिकारी सिद्धान्तहरूलाई मुलुकका विशिष्ट अवस्थामा प्रयोग गर्ने त्यसको क्षमता तथा कुशलता र आम जनतासित त्यसको सम्बन्धको घनिष्ठतामाथि निर्भर गर्दछ । पार्टी आफै सञ्चालित हुने होइन, त्यसको सञ्चालन गर्ने नेताहरू हुन् । तसर्थ, पार्टीमा योग्य नेताहरूको निर्माण र विकासले क्रान्तिमा निकै ठूलो महत्व राख्दछ, अर्थात् अर्को शब्दमा मार्क्सवादी-लेनिनवादी स्तरमा नेतृत्वको विकासको अहम् महत्व रहन्छ ।

पार्टीको एउटा ठूलो कार्यभार र महत्वपूर्ण कर्तब्य योग्य नेताहरूको निर्माण गर्न तिनीहरूलाई हुर्काउनु र तिनीहरूलाई रङ्गमञ्चमा प्रस्तुत गर्नु हो, किनभने जनताको मुक्ति आन्दोलन सफलतापूर्वक अघि बढ्छ कि बढ्दैन भन्ने कुरा त्यसको नेतृत्व गर्ने नेताहरूको गुणको स्तरमा निर्भर गर्दछ । जसरी हामी आफ्नो निजी जीवनमा योग्य, क्षमतावान तथा दक्ष मानिसहरूको खोज गर्छौं, त्यस्तै हामीले पार्टीमा नेतृत्वकारी पदको लागि सर्वोत्तम, इमानदार, योग्य तथा अत्यधिक क्षमतावान् व्यक्तिहरूको निरन्तर र अथकित रूपमा खोज गर्दै रहनु पर्छ । यदि पार्टीमा पदासीन व्यक्तिहरूमा कुनै व्यक्ति आफू रहेको पदको लागि योग्य नठहरिएमा त्यसलाई हटाएर योग्य व्यक्तिद्वारा सो पदपूर्ती गर्नुपर्छ र जुन व्यक्तिलाई सो पदमा आसीन गरिएको छ, उनलाई काम गर्ने पूरा अधिकार र कार्य-स्वतन्त्रता प्रदान गरिनु पर्छ, जसले गर्दा उनले आफूभन्दा तलकाहरूप्रति आफ्नो दायित्व र माथिकाहरूप्रति आफ्नो जिम्मेवारीका साथ फुक्का रूपमा काम गरुन् । व्यक्तिलाई नेतृत्वकारी पदमा राख्ने तर उनलाई कुनै कामको जिम्मा नदिने वा नाम मात्र जिम्मा दिएर उनलाई विनाकामको बनाउने प्रवृत्ति पूरै गलत र हानिकारक छ । अर्कोतर्फ कुनै पार्टी पदमा पुगेका व्यक्तिले सो पद प्राप्तिको अर्थ अधीनस्तहरूप्रति गलत व्यवहार गर्ने वा माथिकालाई खुशी पारेर पदको दुरूपयोग गर्ने कुनै अधिकार पाएको होइन । यदि उनी व्यवहारमा आफूलाई दिएको कामको योग्य रहँदैनन् भने उनले सो अधिकार एकप्रकारले गुमाएको प्रमाणित हुन्छ ।

यहाँ एउटा ध्यानयोग्य तथ्य छ, "जसरी कुनै व्यक्तिले पार्टी सदस्यता प्राप्त गर्नुको अर्थ उनी सच्चा कम्युनिस्ट बनेका छन् भन्ने होइन, त्यसरी नै कुनै कार्यकर्ता कुनै उपायबाट पार्टीको नेतृत्वकारी पदमा पुग्नुको अर्थ उनी एक सच्चा कम्युनिस्ट नेता हुन् भन्ने कुरा होइन । उनले आफ्नो जिम्मेवारीलाई इमानदारितापूर्वक र सक्षम ढङ्गबाट पूरा गरेर आफूलाई प्राप्त पदको योग्य साबित गर्नुपर्छ । नेताले पार्टीमा जुन पदमा आफू आसीन रहेको छ, वा जुन कामको जिम्मा आफूलाई विश्वास गरेर सुम्पिएको छ, सो कामको लागि आफू योग्य छु भन्ने कुरालाई आफ्नो मेहनत, आवश्यक पहलकदमी तथा तत्परता र क्षमताको प्रदर्शनद्वारा साबित गर्नुपर्छ ।

क्रान्तिहरूको इतिहासको अध्ययनबाट हामीले के थाहा पाउँछौं भने क्रान्तिमा नेताहरूको ठूलो भूमिका रहेको हुन्छ । क्रान्तिको लागि आवश्यक वस्तुगत अवस्थाहरूको विकासले त्यसको लागि रङ्गमञ्च ९क्तबनभ० मात्र प्रस्तुत गर्छ तर त्यो विकासले क्रान्ति गर्ने होइन र क्रान्ति हुन्छ कि हुन्न भन्ने कुराको निर्धारण पनि त्यसले गर्ने होइन । क्रान्ति गर्ने त मानिसहरू (जनता) हुन् । अनुकूल वस्तुगत परिस्थिति भएपनि क्रान्ति हुन्छ कि हुन्न भन्ने कुरा मानिसहरू क्रान्तिका लागि काम गर्छन् कि गर्दैनन र लड्छन् कि लड्दैनन् भन्ने कुरामाथि निर्भर गर्दछ । निश्चय हो, इतिहासलाई अघि बढाउने कार्यमा आम जनताको ठूलो र महत्वपूर्ण भूमिका रहन्छ, तर सो कार्य पूरा गर्ने सम्बन्धमा तिनका आफ्ना सीमाहरू छन् र योग्य नेताहरूको नेतृत्वअन्तर्गत मात्र त्यसमा तिनको भूमिका प्रभावकारी र ठोस परिणाममुखी हुन सक्छ ।

एउटा महत्वपूर्ण भनाइ छ - "क्रान्तिहरू इतिहासका चलयन्त्र हुन् ।" ९च्भखयगितष्यलक बचभ तजभ यिअफयतष्खभक या जष्कतयचथ।० यहाँ कुन कुरा स्पष्ट छ भने चलयन्त्र आफै चालक शक्ति होइन, त्यो त कसैबाट चलाइएपछि चल्ने चीज हो । चलयन्त्रको एक चालक शक्तिको हैसियतको दृष्टिबाट हामी के भन्न सक्छौं भने नेताहरू क्रान्तिका चालक हुन् । यस तथ्यलाई माओले यसरी सूत्रबद्ध गरेका छन् - "जहाज चलाउने काम कर्णधारमाथि निर्भर गर्छ ।" यसअनुसार भन्ने हो भने क्रान्ति एउटा जहाज हो र त्यसलाई चलाउने काम नेताहरू गर्छन् । यसरी क्रान्ति सफलतापूर्वक अघि बढ्छ कि बढ्दैन भन्ने कुराको निर्धारण गर्ने तत्व पार्टीको नेतृत्व हो । तसर्थ, योग्य, सक्षम, कुशल तथा सबल नेतृत्वको विकास गर्नु क्रान्तिको लक्ष्यको सिद्धीकरणका लागि प्रमुख कार्य हो ।

उपरोक्त तथ्यमा नै नेताहरूको महत्व रहन्छ । जहाज चलाउनेले समुद्रमा उठ्ने छालहरूको कुशलतापूर्वक उपयोग गरेर जहाजलाई डोऱ्याउनु पर्छ, त्यसो गर्न नसकेमा छालले जहाजलाई डुबाइदिनेछ । पार्टी नेताहरूले सम्पूर्ण परिस्थितिको विश्लेषणको आधारमा रणनीति तथा कार्यनीतिको तर्जुमा गर्नु र त्यसको कार्यान्वयनका लागि पार्टी शक्तिहरूको सङ्गठन र सञ्चालन गर्नुपर्दछ, त्यसो नगरेमा वा गर्न नसकेमा क्रान्ति असफल हुनेछ, क्रान्तिले प्रतिगमन बेहोर्नु पर्नेछ । त्यसैले क्रान्तिको नेतृत्व गर्ने भन्नेहरूको क्षमता, योग्यता र वैयक्तिक गुणहरूको सवाल अगाडि आउँछ । तसर्थ, क्रान्ति र पार्टीले योग्य, सक्षम तथा कुशल नेताहरूको परिपोषण, सम्बर्द्धन र विकासमा निरन्तर ध्यान दिनु र अयोग्य नेताको ठाउँमा अधिक योग्य नेताको प्रतिस्थापन गर्दै अघि बढ्नु पर्छ ।

माथि हामीले क्रान्तिभित्र क्रान्तिको अवधारणाले निर्दिष्ट गर्ने कार्यहरूको सम्बन्धमा चर्चा गरेका छौं । आम जनताको मनलाई परिवर्तन गर्नु, पार्टी कार्यकर्ताहरूको चिन्तन र आचरणको क्रान्तिकारी रूपान्तरण गर्नु र नेताहरूको योग्यता, क्षमता, दूरदर्शीता र व्यावहारिक कुशलतालाई मार्क्सवादी-लेनिनवादी स्तरमा उठाउनु नै क्रान्तिलाई सफलतापूर्वक सम्पन्न गर्न गर्नुपर्ने कामहरू हुन् ।

यसरी क्रान्तिभित्र क्रान्तिको अवधारणा एउटा व्यापक अर्थ र क्षेत्र ओगट्ने अवधारणा हो । क्रान्तिभित्र क्रान्ति ल्याउनु भनेको एउटा महान् सङ्घर्ष हो, जसलाई उचित ढङ्गबाट दृढतापूर्वक चलाइनु जरुरी छ । यस दृष्टिबाट यो सङ्घर्ष वैचारिक सङ्घर्ष हो, तर यसको अन्तिम समाधान अन्तिम परिणाम वैचारिक क्षेत्रमा नभएर व्यावहारिक क्षेत्रमा रहन्छ अर्थात् परिणाममा यसको निष्कर्ष व्यवहारको क्रान्तिकारीकरण हो ।

*२०६९ चैत्र २५ गते*

# सप्तरीका बाढी पीडितलाई सहयोग गर्न देजमोको अपील



सप्तरी । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका सप्तरी संयोजक सूर्य नारायण चौधरीले एक प्रेस विज्ञप्ति जारी गर्दै सप्तरीका बाढी पीडितहरूको उद्धार तथा पुनर्स्थापनाको काममा सहयोग गर्न सरकार तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्था समक्ष हार्दिक अपील गरेका छन् । मंगलबार जारी गरिएको विज्ञप्तिको पूर्णपाठ यस्तो छ :

'यही असार १८ गतेदेखि भइरहेको अवीरल बर्षाका कारण सप्तरी जिल्लाका दर्जनौं गाउँ डुवानमा परेका छन् । घर समेत डुवानमा पर्दा बासस्थानको अभावमा जनता सडक किनारमा आएर बस्न बाध्य छन् । वर्षाको कारण खाँडो, त्रियुगा, झिता, विहुल, बलान, महुली, दुधैलापैनी लगायतका खोलामा आएको बाढीले गाउँ घर खेतबारी डुवानमा परेर रूपनीको पौवा, मुसहरनीया, पिप्राही, बसबिट्टी, मलेठ, पकरी, लौनियाँ, तिलाठी, सकरपुरा, मैनाकडेरी, त्रिकौल, त्रिहुत, रम्पुरा मल्हनियाँ, लोहजरा, पोर्ताहा लगायतका गाउँहरू डुवानमा परेका छन् । बाढी पीडितहरू बास तथा खाना नपाएर भोकभोकै बिचल्लीमापरेका छन् । गाई, भैसी, बाख्रा आदि बाँध्ने ठाउँ छैन । बालबालिका, बुढाबुढी, अपाङ्ग तथा सुत्केरीहरूलाई जोगाउन निकै गाह्रो परिरहेको छ ।

यस संकटबाट उद्धार गर्न सरकारी पक्ष तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूलाई आग्रह गर्दै बाढी पीडितहरूलाई उद्धार तथा पुनर्स्थापनाको काममा सहयोग गर्न अनुरोध गर्दछौं । जिल्लाबासीहरूले संकटापन्न जिल्लाबासीहरूलाई सम्भव भएसम्म सबै प्रकारको सहयोगको निम्ति अपील गर्दछौं । संकटमा परेका जिल्लाबासीहरूलाई धैर्य र साहसका साथ बाढीको बेला र बाढी पश्चात्को स्थितिमा उत्पन्न हुन सक्ने स्वास्थ्य सम्बन्धी समस्यामा सचेत र सतर्क रहन समेत आग्रह गर्दछौं ।'

## राष्ट्रिय...

दस्तावेजमा औद्योगिक मजदुर करिब ६ लाख मात्र भएको चर्चा गरिएको छ भने विदेशमा रहेर मजदुरी गर्नेको संख्या करिब १ करोड रहेको अनुमान गरिएको छ । विदेशबाट आउने रेमिट्यान्स मुख्यतः उपभोगमा खर्च हुने गरेको उल्लेख गर्दै पुँजीवादको विकासका लागि पुँजीको संचय हुन जरुरी हुन्छ, तर नेपालमा पुँजीको संचय हुन नसकेको चर्चा गरिएको छ ।

पुँजीको संचय, कृषिको आधुनिकीकरण तथा व्यावसायीकरण, निर्वाहमुखी तथा प्राकृतिक अर्थतन्त्रको ठाउँमा औद्योगिक अर्थतन्त्रको विकास, आयातभन्दा निर्यात् दरमा बढोत्तरी, व्यापार सन्तुलन आदि पुँजीवादी समाजको आधारभूत चरित्र हुने हुँदा त्यस्तो स्थितिमा नेपाली समाज नपुगेको दस्तावेजमा तथ्यांकहरू प्रस्तुत गरिएको छ ।

दस्तावेजमा भूस्वामित्वको वर्तमान स्थिति, निर्वाहमुखी अर्थतन्त्र, वित्तीय पुँजी, वैदेशिक सहयोग र औपनिवेशिकता, श्रमिक वर्गको उपस्थिति र स्थिति, वर्गीय संरचना, नवउदारवाद तथा खुल्ला बजार अर्थतन्त्रले खडा गरेको चुनौती र त्यसको विरुद्धमा सर्वहारावर्गले चाल्नु पर्ने कदमका विषयमा सविस्तार चर्चा गरिएको छ ।

त्यसैगरी राजनैतिक प्रतिवेदनमा अन्तर्राष्ट्रिय परिस्थिति, राष्ट्रिय परिस्थितिको विश्लेषणका साथै विश्व कम्युनिष्ट आन्दोलन र नेपाली कम्युनिष्ट आन्दोलनको मिहिन ढंगले चर्चा गरिएको छ । २० पृष्ठ लामो यस दस्तावेजमा स्थानीय तहको निर्वाचनको क्रान्तिकारी उपयोगको नीतिको समीक्षालगायतका विषयमा चर्चा गरिएको छ ।

प्राप्त जानकारी अनुसार निर्वाचनको क्रान्तिकारी उपयोग नीति मूलतः सही रहेको चर्चा गरिएको छ । निर्वाचन चिन्ह नहुनु, मतदाता नामावलीमा अधिकांश नेता, कार्यकर्ता, शुभचिन्तकको नाम नहुनु, निर्वाचन परिचालनका लागि खर्च अभाव हुनुलगायतका प्रतिकूलतालाई चिर्दै दिएको उम्मेदवारी र प्राप्त जनमतबाट महत्वपूर्ण अनुभव हासिल गरेको उल्लेख गरिएको छ ।

कार्यालय सचिव कगेन्द्रका अनुसार प्रस्तुत गरिएको विधानमा पार्टीलाई अब प्रदेश संरचनामा लैजानुपर्ने प्रस्ताव गरिएको छ । सोही अनुसार सबै केन्द्रीय सदस्यहरूको कार्यविभाजन पनि बैठकले गर्ने उनले बताए ।

बैठकमा प्रस्तुत दस्तावेजहरूमाथि सबै केन्द्रीय सदस्यहरूले सोमबारदेखि सबै केन्द्रीय सदस्यहरूले आफ्ना धारणा राख्नेछन् । केन्द्रीय सदस्यहरूले धारणा राखिसकेपछि अध्यक्ष किरणले उठेका विषयमा स्पष्टीकरण दिने कार्यक्रम रहेको छ । मौसमको प्रतिकूलताका कारण २/३ जना केन्द्रीय सदस्यहरू बैठकमा उपस्थित हुन सकेका छैनन् ।

नेपाली कम्युनिष्ट तथा माओवादी आन्दोलनको क्रान्तिकारी धारको नेतृत्व गरिरहेको क्रान्तिकारी माओवादीको यो बैठकलाई निकै महत्का साथ हेरिएको छ । प्रचण्ड नेतृत्वको माओवादी केन्द्रले अपेक्षित चुनावी परिणाम हासिल नगरेको र विप्लव नेतृत्वको नेकपाको निर्वाचन बहिस्कार पनि सफल हुन नसकेको स्थितिमा निर्वाचनको क्रान्तिकारी उपयोगको नीति सहित नयाँ जनवादी क्रान्तिको तयारीमा जुटिरहेको क्रान्तिकारी माओवादीको यस बैठकलाई ती पार्टीभित्रका क्रान्तिकारीहरूले नजिकबाट हेरिरहेका छन् । राष्ट्रिय सम्मेलनबाट पार्टीले अगाडि सार्दै आएको नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नका लागि नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको फौजी कार्यदिशालाई समृद्ध पार्ने र मूर्त खाका अगाडि सार्ने बताउँदै आएको छ ।

'महान बहस'को प्रक्रियाबाट कार्यदिशालाई समृद्ध पार्न लागेको हुनाले माओवादी केन्द्र र नेकपालगायत अन्य वाम पार्टीभित्रका पनि क्रान्तिकारीहरू यो बहसमा सहभागी हुँदै राष्ट्रिय सम्मेलनसम्ममा क्रान्तिकारी माओवादीमा ध्रुवीकृत हुने पनि क्रान्तिकारी माओवादीका नेताहरूले दावी गरेका छन् ।

## सल्लाहकार...

सम्पन्न गर्नु पर्ने पार्टीलाई सुझाव दिएको छ । त्यस्तै अबको पार्टी संगठन अध्यक्ष वा महासचिव जुन आधारमा गएपनि बहुपदीय प्रणाली नबनाइकन लगनशील, इमान्दार, मेहनती, राजनीति र विचारमा बुझेको सिद्धान्त र दर्शन बुझेको र बुझाउन पनि सक्नेहरूको चुस्त दुरुस्त पार्टी समिति बनाउनु पर्ने पनि सुझाव दिएको अध्यक्ष गुरुङले बताए ।

नेपाली समाजको वस्तुगत विश्लेषण गरी पार्टीले जाति, भाषा, क्षेत्र, समुदायको पहिचान र उत्पीडनबाट मुक्तिको लागि पार्टीले लिएका नीतिहरूलाई कार्यान्वयन गर्न पार्टी कमिटीलाई हालको प्रदेश संरचनामा लैजानु पर्ने सुझाव पनि सल्लाहकार समितिले दिएको छ ।

पार्टीले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूलाई घनिभूत आन्दोलनको रूपमा अगाडी बढाउन प्रभावकारी कार्ययोजना र कार्यक्रम लिएर जनतामा जानु पर्ने सुझाव पनि दिएको अध्यक्ष गुरुङले बताए ।






**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।